राष्ट्रिय एकता र जनसेवाको लागि गृह प्रशासन




नेपाल सरकार

# गृह मन्त्रालय

# वार्षिक प्रगति प्रतिवेदन

## २०७५/७६

# वार्षिक प्रगति प्रतिवेदन
# २०७५/७६




नेपाल सरकार

## गृह मन्त्रालय

सिंहदरबार, काठमाडौं

## सम्पादन मण्डल

**संयोजक**

नारायण प्रसाद शर्मा दुवाडी

सह-सचिव

**सह-संयोजक**

सागरमणि पाठक

उप-सचिव

**सदस्यहरु**

शाखा अधिकृत ज्योत्स्ना भट्ट जोशी

शाखा अधिकृत कृष्ण पौडेल

**व्यवस्थापन**

क.अ. भवानी थपलिया जोशी

ना.सु. तोषराज के.सी.

**प्रकाशक**

नेपाल सरकार

गृह मन्त्रालय

**योजना अनुगमन तथा मूल्यांकन शाखा**

फोन : ०१-४२११२४३, ४२११२७७, ४२११२६२

इमेलः mohaplanning@yahoo.com

वेवसाइट : www.moha.gov.np

प्रकाशित मितिः २०७६ साल श्रावण

प्रकाशन : २५० प्रति

सर्वाधिकार

नेपाल सरकार

गृह मन्त्रालय

योजना अनुगमन तथा मूल्यांकन शाखा

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः- सिंहदरबार,
प्राप्त पत्र संख्या र मितिः- काठमाडौं, नेपाल ।
च.नं.:-



## मन्तब्य

आर्थिक वर्ष २०७५/७६ को नेपाल सरकारको नीति कार्यक्रम र बजेट कार्यान्वयनबाट महत्वपूर्ण उपलब्धिहरु हासिल भएका छन् । आर्थिक वर्षभरि मन्त्रालय र मातहत निकायबाट भए गरेका महत्वपूर्ण कार्यप्रगति र मन्त्रालय तथा मातहत निकायको जानकारीसहितको यस वार्षिक प्रगति प्रतिवेदन प्रकाशन हुन लागेको थाहा पाउँदा मलाई खुशी लागेको छ । यस प्रकाशनको सफलता र गुणात्मक सुधारको लागि शुभकामना व्यक्त गर्दछु ।

आर्थिक वर्ष २०७५/७६ गृह प्रशासन सुधारको आधार वर्षको रुपमा रह्यो । यस अवधिमा नेपालको संविधान, कानून र नेपाल सरकारको मार्ग चित्रलाई व्यवस्थित तवरले कार्यान्वयनमा ल्याउन गृह प्रशासन सुधार कार्ययोजनाको कार्यान्वयन गरिएको छ । भ्रष्टाचारप्रतिको शून्य सहनशीलताको नीतिलाई व्यवहारमा ल्याइएको छ । गृह प्रशासनमा विगतदेखि जरो गाडेको प्रशासनिक विकृतिहरुको उल्लेख्य मात्रामा न्यूनीकरण भएको छ । संघीयता कार्यान्वयनका क्रममा देखिएका कतिपय असामञ्जस्यताहरुको निराकरण गर्दै सुरक्षा व्यवस्थामा कुनै किसिमको आँच आउन नदिने गरी व्यवस्थापन गरिएको छ । सुरक्षा निकायहरुको परिचालनलाई थप व्यवसायिक बनाइएको छ । फलस्वरुप अपराध नियन्त्रणमा विगतदेखि थाँती रहेका अनुसन्धान कार्यले सफलता पाएको छ । देश र नागरिकको सुख र समृद्धिमा धमिराको रुपमा रहेको राष्ट्रघाती एवं जनघाती तस्करी लगायतका संगठित अपराध नियन्त्रणमा ठूलो सफलता हासिल भएको छ । राष्ट्रिय एकता र स्वाभिमानको श्रीवृद्धि हुने गरी द्विपक्षीय र बहुपक्षीय साझेदारी गर्दै मुलुकको शान, मान अभिवृद्धि गरिएको छ । आर्थिक वर्ष २०७६/७७ का लागि तय गरिएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, मौजुदा कानूनी संरचना, नीतिगत मार्गदर्शन र सोच एवं सुख र समृद्धि तर्फको अभिमुखीकरणले निश्चय नै मुलुक र नागरिकको अपेक्षाबमोजिमको कार्यभार पूरागर्न गृह प्रशासनलाई सफलता मिल्ने विश्वास लिएको छु ।

वार्षिक प्रगति प्रतिवेदन प्रकाशनको माध्यमबाट मन्त्रालयले सम्पादन गरेका कार्यहरु सरोकारवालाबीच पुर्‍याउने र कार्यसम्पादनको व्यवस्थित अभिलेख समेत रहने हुँदा यस किसिमको प्रकाशन महत्वपूर्ण रहेको ठानेको छु । आर्थिक वर्ष २०७५/७६ का उपलब्धि हासिल गर्न योगदान गर्नुहुने सबै पदाधिकारी, निकायप्रति आभार प्रकट गर्दै आगामी दिनमा अझ सशक्त र जनमुखीढंगले देश र नागरिकको सेवामा दत्तचित्त भई लाग्न सम्बद्ध सबैलाई आग्रह गर्दछु ।

धन्यवाद ।

**मा. राम बहादुर थापा "बादल"**
**गृहमन्त्री**

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः- सिंहदरबार,

प्राप्त पत्र संख्या र मितिः- काठमाडौं, नेपाल ।

च.नं.ः-



## मन्तब्य

नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नु सरकारी निकायको मुख्य दायित्व हो । प्रभावकारी रुपमा कार्यसम्पादन गर्न र सोको समीक्षा एवं प्रतिवेदन मार्फत समस्याको पहिचान गर्नुपनि उत्तिकै महत्वपूर्ण रहेको हुन्छ । विगतमा यस किसिमका वार्षिक प्रगति प्रतिवेदनहरु प्रकाशन गर्ने परम्परा स्थापित नभएको परिप्रेक्ष्यमा यस मन्त्रालयबाट आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गर्ने कार्यको सुरुवात भएको छ ।

कार्यसम्पादन र उपलब्धिका हिसावले आर्थिक वर्ष २०७५/७६ उल्लेखनीय रह्यो । नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसारका क्रियाकलाप र माइलस्टोन्सको कार्यान्वयनमा करिब ९८ प्रतिशत प्रगति हासिल भयो भने खर्च प्रगतिको हिसाबले पनि यो वर्ष पूँजिगत खर्च ८७ प्रतिशत भई विगतको तुलनामा उपलब्धिपूर्ण रहयो । गृह मन्त्रालय मातहतका सुरक्षा निकाय र विभागहरुको कार्यसम्पादनको स्तर उत्साहजनक रहेको अवस्था छ ।

आर्थिक वर्ष २०७५/७६ मा हासिल भएको प्रगति र देखिएका कमजोरीबाट पाठ सिक्दै चालू आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउनुपर्दछ । यसका अतिरिक्त गृह प्रशासन सुधारको क्रमलाई गुणात्मक रुपमा विकास गर्दै शान्ति सुरक्षा र अमनचैनको माध्यमबाट समृद्धि र सुखको राष्ट्रिय आकांक्षा पूरा गर्न अझ व्यवसायिक र आधुनिक तवरले क्रियाशील हुनुपर्ने आवश्यकतालाई महसूस गरी कार्य गर्न सबै मातहत निकाय र राष्ट्रसेवकहरुमा हार्दिक आग्रह गर्दछु ।

एकातिर प्रभावकारी कार्यसम्पादन नहुने, अर्कोतर्फ भए-गरेका कामकारवाहीहरुको प्रस्तुति, अभिलेखीकरण र संस्थागत संस्मरण नहुँदा सुधारका प्रयासहरु दिगो हुन नसकेको आम समस्या देखिएको अवस्थामा यस वार्षिक प्रगति प्रतिवेदनको प्रकाशन महत्वपूर्ण अभिलेख हुने विश्वास लिएको छु । आर्थिक वर्ष २०७५/७६ का उपलब्धि हासिल गर्न योगदान गर्नुहुने सबै निकायका पदाधिकारीप्रति आभार व्यक्त गर्दै आगामी दिनमा अझ सशक्त र जनमुखी ढङ्गले देश र नागरिकको सेवामा दत्तचित्त भई लाग्न सम्बद्ध सबैलाई आग्रह गर्दछु ।

अन्तमा प्रगति प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न सबैलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

**प्रेमकुमार राई**
**सचिव**

# प्रकाशकीय

हाम्रो अभ्यासमा रहेको चौमासिक समीक्षा र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिका बैठक र छलफलहरुको माध्यमबाट सञ्चालित कार्यक्रमहरुको नियमित समीक्षा गरी प्राप्त नतिजा र सुझावको आधारमा यो वार्षिक प्रतिवेदन गृह मन्त्रालयको इतिहासमा सम्भवत प्रथम पटक प्रकाशन गर्न लागिएको छ । यस प्रकाशनको लागि मार्गदर्शन गर्नुहुने आदरणीय नेतृत्व र सहकर्मीहरुप्रति आभार व्यक्त गर्दछु ।

नीति, योजना र कार्यक्रमहरुको कार्यान्वयन सुनिश्चितता हाम्रो प्राथमिकता हुनुको साथै गृह प्रशासनबाट सम्पादित कार्यहरुको व्यवस्थित अभिलेख, समीक्षा र विश्लेषण पनि उत्तिकै महत्वपूर्ण विषय हो । कार्यसम्पादन अपेक्षा गरे अनुसार नहुने त्यसमाथि भएका कार्यहरुको पनि व्यवस्थित प्रतिवेदन गर्न नसक्ने हाम्रो प्रशासनको पुरानै रोग हो । यी दुई तथ्यलाई मनन् गर्दै नीति, योजना, अनुगमन तथा मूल्यांकन महाशाखाबाट आर्थिक वर्ष २०७५/७६ लाई अभिलेख र प्रतिवेदन वर्षको रुपमा पनि विकास गर्ने सोचका साथ कार्यहरु सम्पन्न भएका छन् । सम्पादित कार्यहरुको समीक्षाबाट कार्यसम्पादनको सीधै जिम्मेवारी पाएका निकायहरुलाई आफ्ना कमी कमजोरी बेलैमा सच्याउने अवसर प्राप्त हुनेछ । साथै आगामी दिनका नीति र कार्यक्रम तय गर्न मद्दत पुग्नेछ । नियमित समीक्षा र पृष्ठपोषण समेतका कारणबाट आर्थिक वर्ष २०७५/७६ को कार्यसम्पादन उत्साहजनक हुनपुगेको छ । चालू र पूँजीगत खर्च गर्ने क्षमताको विकास भएको छ भने तोकिएका क्रियाकलापको कार्यान्वयन सफलतापूर्वक भएका छन् । व्यवस्थित अभिलेखन र नियमित प्रतिवेदन गर्नुपर्ने आवश्यकता महसूसको गहिराइ वृद्धि भएको अनुभूति भएको छ । गृह मन्त्रालय र मातहतका निकायमा रहेको परम्परागत प्रतिवेदन प्रणालीलाई क्रमश: आधुनिक प्रणालीले प्रतिस्थापन गर्ने दिशामा अघि बढेको छ ।

यस वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने क्रममा विशिष्ट वैज्ञानिक विधिको अवलम्बन गर्न सकिएको छैन । तथापि यो प्रतिवेदनले गृह मन्त्रालयको आर्थिक वर्ष २०७५/७६ को अवस्थाको तस्वीर स्पष्ट पार्ने प्रयास गरेको छ । मन्त्रालय र मातहत निकायबाट सम्पादित कार्य प्रगतिहरुको विवरणका अतिरिक्त ती निकायहरुको संक्षिप्त परिचय र आर्थिक वर्ष २०७६/७७ को मुख्य क्रियाकलापहरुको विवरण समेत समावेश गरिएको छ । प्रतिवेदन एक महत्वपूर्ण अभिलेख हुनुको साथै चालू आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनको क्रममा आइपर्ने समस्या र चुनौतीहरुको सामना गर्ने सन्दर्भ सामाग्रीको रुपमा पनि उपयोग हुने विश्वास लिइएको छ । प्रथम पटक यस किसिमको प्रकाशन भएकाले आगामी दिनमा यसको गुणात्मक सुधारको प्रशस्त सम्भावना रहेको छ ।

अन्त्यमा, माननीय गृहमन्त्री र श्रीमान् गृह सचिवको सक्षम नेतृत्व र मार्गदर्शनप्रति आभारी छौं । प्रतिवेदन तयार गर्ने क्रममा योजना अनुगमन तथा मूल्यांकन शाखाको कर्मचारीहरुले दिएको योगदानको उच्च प्रशंसा गर्दै गृह मन्त्रालय र मातहत निकायबाट भएको सहयोग र समन्वयको लागि पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आर्थिक वर्ष २०७६/७७ गृह प्रशासन सुधारको "गुणात्मक फड्को मार्ने वर्ष" को रुपमा सफल रहोस् भन्ने शुभकामना समेत व्यक्त गर्दछौं ।

# विषय-सूची

पेज नं.

**कार्यकारी मन्तव्य** .........................................................................

**परिच्छेद- १**

**परिचय**

१.१ गृह मन्त्रालय ........................................................................ १
१.२ नेपाल प्रहरी ............................................................................ १०
१.३ सशस्त्र प्रहरी बल नेपाल.............................................................. १३
१.४ अध्यागमन विभाग........................................................................ १५
१.५ कारागार व्यवस्थापन विभाग............................................................ २०
१.६ राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग........................................... २४

**परिच्छेद-२**

**आर्थिक वर्ष २०७५/०७६ को प्रगति**

२.१ गृह मन्त्रालय........................................................................ २९
२.२ नेपाल प्रहरी ........................................................................ ३८
२.३ सशस्त्र प्रहरी बल, नेपाल.......................................................... ४४
२.४ अध्यागमन विभाग.................................................................... ५०
२.५ कारागार विभाग..................................................................... ५३
२.६ राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग .................................. ५७

**परिच्छेद-३**

**नवप्रवर्तनशील कार्यहरू**

१ नमुना सेवा प्रदायक जिल्लाहरुको छनोट............................................. ६१
२ प्रमुख जिल्ला अधिकारीहरुसँगको कार्यसम्पादन सम्झौता ........................... ६२

**परिच्छेद-४**

**आ.व. २०७६/०७७को क्रियाकलाप र माईलस्टोन**

१. आ.व. २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रममा गृह मन्त्रालयसँग सम्बन्धित बुँदाहरु ६४
२. आ.व. २०७६/०७७ को वार्षिक बजेट वक्तव्यमा गृह मन्त्रालयसँग सम्बन्धित बुँदाहरु ६५

३. क्रियाकलाप र माईलस्टोनको संक्षिप्त विवरण ६७

## अनुसूची

१. गृह सचिव श्री प्रेम कुमार राईको वार्षिक कार्यसम्पादन प्रतिवेदन २०७५/०७६ ९१
२. नमूना सेवा प्रदायक जिल्लाहरुको प्रगति विवरण १०२
३. वि.स. २००७ सालदेखि हालसम्मको गृह सचिवज्यूहरुको नामावली र कार्यकाल ११४
४. वि.स. २०४६ सालदेखि हालसम्मको गृह मन्त्रीज्यूहरुको नामावली र कार्यकाल ११६
५. विविध क्रियाकलापहरुको फोटो ग्यालरी ११७

# परिचय

## १.१ गृह मन्त्रालय

### पृष्ठभूमि

नेपालमा २००७ सालको राजनीतिक परिवर्तन पश्चात् देशको आन्तरिक कार्यको व्यवस्थापन हेर्ने गरी वि.सं. २००८ सालमा गृह मन्त्रालयको स्थापना भयो । वि.सं. २०१७ सालको परिवर्तन पछि गृह मन्त्रालयको नाम परिवर्तन गरी गृह पञ्चायत मन्त्रालय बनाइयो र नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरी अंचलाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो । स्थानीय प्रशासन ऐन, २०२८ प्रारम्भ भएपछि अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको काम कर्तव्य र अधिकार कानूनी रुपमा व्यवस्थित गरियो । वि.सं. २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायतसम्बन्धी काम छुट्याई सोसम्बन्धी काम हेर्ने छुट्टै स्थानीय विकास मन्त्रालयको गठन भएपछि गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति, सुव्यवस्था र स्थानीय प्रशासन भयो ।

"मुलुकमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु" गृह प्रशासनको मुख्य उद्देश्य हो । गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न गृह मन्त्रालय मातहत कारागार व्यवस्थापन विभाग, अध्यागमन विभाग, राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभाग, जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालय तथा सुरक्षा निकायका रुपमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल लगायतका निकायहरु केन्द्रदेखि स्थानीय स्तरसम्म क्रियाशील रहेका छन् ।

### दृष्टिकोण

नेपालको प्रचलित संविधान तथा कानूनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने गरी कार्यगर्नु गृह प्रशासनको दृष्टिकोण हो ।

### लक्ष्य

जनताको माग र आधारभूत आवश्यकता अनुरूप गृह प्रशासनलाई सञ्चालन गरी देशमा भरपर्दो शान्ति सुरक्षा प्रदान गर्नु गृह प्रशासनको लक्ष्य रहेको छ ।

### उद्देश्य

शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह मन्त्रालयको मूलभूत उद्देश्य हो ।

**नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०७४ अनुसार गृह मन्त्रालयबाट सम्पादन गरिने कार्यहरू**

१. आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्थासम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन,

२. विशिष्ट व्यक्ति, महत्वपूर्ण स्थल, भवन, संरचना, कूटनीतिक नियोग र लोकमार्गको सुरक्षासम्बन्धी सूचना सङ्कलन, विश्लेषण, उपयोग, समन्वय र सुरक्षा प्रवन्ध,

३. संघ र प्रदेशसम्बन्धी कानून, सुपरीवेक्षण र समन्वय,

४. अपराध रोकथाम तथा नियन्त्रणसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

५. अपराध अनुसन्धान र अपराध अनुसन्धानको अभिलेख,

६. अपराध नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय समन्वय तथा सहयोग,

७. सुपुर्दगीसम्बन्धी कानून, सन्धि, सम्झौता र कार्यान्वयन,

८. नागरिकतासम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन,

९. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध-विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानून,

१०. उमेर, नाम र जात सच्याउनेसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वय र नियमन

११. हातहतियार, खरखजाना तथा बिस्फोटक पदार्थको प्रयोगसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियन्त्रण नियमन,

१२. यातना पीडितसम्बन्धी नीति, कानून, मापदण्ड, समन्वय र नियमन,

१३. निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापनसम्बन्धी नीति, कानून र मापदण्ड,

१४. अभियुक्त, थुनुवा र कैदी अन्तरप्रदेश स्थानान्तरणसम्बन्धी,

१५. शरणार्थी मामिलासम्बन्धी नीति, कानून र व्यवस्थापन,

१६. सम्पत्ति प्राप्ति, जग्गा प्राप्ति, अधिग्रहण र मुआब्जासम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

१७. चिट्ठा तथा जुवा नियन्त्रणसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

१८. विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

१९. राष्ट्रिय विपद् कोष स्थापना सञ्चालन तथा प्रादेशिक विपद् कोषमा सहयोग र समन्वय,

२०. सजाय, माफी, मुल्तबी र परिवर्तन,

२१. निर्वाचन तथा जनमत संग्रह,

२२. सार्वजनिक विदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,

२३. इन्टरपोल तथा अन्तर्राष्ट्रिय प्रहरी संगठनहरुसँगको सम्पर्क र समन्वय,

२४. मानव अधिकार र नागरिक स्वतन्त्रताको संरक्षण तथा प्रवर्द्धन,

२५. अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा सहयोग र समन्वय,

२६ अन्तर्राष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा, सीमा प्रशासन तथा अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा,

२७. सशस्त्र विद्रोह, आर्थिक तथा सङ्गठित अपराध, आतङ्ककारी क्रियाकलाप एवं अवैध संघ संस्थाहरुको गतिविधि नियन्त्रण र बारुदी सुरुङ्गको निवारण,

२८. सार्वजनिक चासो र महत्वका सूचना संङ्कलन, आदानप्रदान, विश्लेषण, उपयोग र संरक्षण,

२९. राष्ट्रिय परिचयपत्र व्यवस्थापनसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन

३०. विदेशी नागरिकको प्रवेश, उपस्थिति, गतिविधि तथा प्रस्थानको व्यवस्थापन, नियमन, नियन्त्रण र अभिलेखीकरण,

३१. अध्यागमन,

३२. अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति समन्वय,

३३. उपाधि, सम्मान तथा विभूषण र सुशोभन,

३४. द्वन्द्व पीडित तथा विस्थापित व्यक्तिहरुको राहत तथा पुनर्स्थापना,

३५. आर्थिक सहायता,

३६. लागू औषध नियन्त्रण,

३७. धार्मिक विषय, तीर्थस्थान र तीर्थयात्री,

३८. कल्याण धन र बेवारिसी धन,

३९ सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराधको नियन्त्रण,

४०. सार्वजनिक चन्दा सङ्कलन नियमन र नियन्त्रण,

४१. गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागू औषध, प्रकोप व्यवस्थापन, सपुर्दगी लगायत) विषयक राष्ट्रिय अन्तर्राष्ट्रिय समन्वय र सम्पर्क,

४२. निर्वाचन आयोग,

४३. नेपाल प्रहरी,

४४. सशस्त्र प्रहरी बल, नेपाल,

४५. प्रहरी कल्याण,

४६. प्रहरी किताबखाना,

४७. सार्वजनिक विषयसँग सम्बन्धित विवाद, घटनाको जाँचबुझ र अनुसन्धान,

४८. सवारी नियन्त्रण तथा सरकारी सवारी साधनको व्यवस्थापन र समन्वय,

४९. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय

५०. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन,

५१. अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषय ।

## गृह मन्त्रालयको कार्यक्षेत्र




## गृह प्रशासन सुधार कार्ययोजना, २०७४ को संक्षिप्त जानकारी

**"राष्ट्रिय एकता र जनसेवाका लागि गृह प्रशासन**
**विकास र समृद्धिको लागि शान्ति, सुरक्षा र सुशासन"**



## गृह प्रशासन सुधार कार्ययोजना, २०७४ को सुधारको क्षेत्रहरू

| क्र.सं. | सुधारका क्षेत्रहरू | क्रियाकलाप संख्या |
|---|---|---|
| १ | नीतिगत र कानूनी सुधार | १६ |
| २ | संगठनात्मक सुधार र रुपान्तरण | ५ |
| ३ | जनशक्ति व्यवस्थापन | ४ |
| ४ | सेवा प्रवाह र सुशासन | ८ |
| ५ | सुरक्षा व्यवस्थाको प्रभावकारिता | १४ |
| ६ | सूचना प्रविधिमा आधारित गृह प्रशासन | १० |
| ७ | अध्यागमन र सीमा प्रशासनको सुदृढीकरण | ६ |
| ८ | विपद् जोखिम न्यूनीकरण मा क्षमता अभिवृद्धि | ५ |
| ९ | अनुशासन र सदाचारिता प्रवर्द्धन | १४ |
| १० | कार्ययोजना कार्यान्वयन अनुगमन र मूल्यांकन | |
| जम्मा | | ८२ बुँदा |

### कार्य सम्पादनका क्षेत्रहरू

१. कानून तर्जुमा, नीतिगत सुधार र रुपान्तरण,

२. शान्ति सुरक्षा र अपराध नियन्त्रण,

३. सेवा प्रवाह र सुशासन,

४. सूचना प्रविधिमा आधारित गृह प्रशासन,

५. कार्यालय एवं भौतिक स्रोत साधन व्यवस्थापन,

६. अध्यागमन र सीमा प्रशासनको सुदृढीकरण,

७. कारागारको संस्थागत सुदृढीकरण,

८. विपद् जोखिम न्यूनीकरणमा क्षमता अभिवृद्धि,

९. राष्ट्रिय परिचय पत्र, पञ्जीकरण तथा सामाजिक सुरक्षाव्यवस्था,

१०. अन्तर्राष्ट्रिय सहयोग र समन्वय ।

### गृह प्रशासनसँग सम्बन्धित ऐन, नियम तथा नियमावलीहरूको विवरण

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
३. अध्यागमन ऐन, २०४९
४. अध्यागमन नियमावली, २०५१
५. उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७
६. उपभोक्ता संरक्षण ऐन, २०७५
७. कारागार ऐन, २०१९
८. कारागार नियमावली, २०२०
९. कालोबजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२
१०. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
११. खाद्य ऐन, २०२३
१२. खाद्य नियमावली, २०२७
१३. छापाखाना र प्रकाशन ऐन, २०४८
१४. छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९
१५. जलस्रोत ऐन, २०४९
१६. जलस्रोत नियमावली, २०५०
१७. जग्गा प्राप्ति ऐन, २०३४
१८. जन्म मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३
१९. नेपाल नागरिकता ऐन, २०६३
२०. नेपाल नागरिकता नियमावली, २०६३
२१. पशु बधशाला र मासु जाँच ऐन, २०५५
२२. पशु बधशाला र मासु जाँच नियमावली, २०५७
२३. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५
२४. पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६
२५. प्राचीन स्मारक संरक्षण ऐन, २०१३
२६. प्रहरी ऐन, २०१२
२७. प्रहरी नियमावली, २०७१

२८. भ्रष्ट्राचार निवारण ऐन, २०५९
२९. मुलुकी अपराध संहिता, २०७४
३०. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
३१. मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५
३२. यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
३३. राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६
३४. राहदानी ऐन, २०२४
३५. राहदानी नियमावली, २०६७
३६. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८
३७. लागु औषध (नियन्त्रण) ऐन, २०३३
३८. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
३९. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६
४०. विभूषण ऐन, २०६४
४१. विभूषण नियमावली, २०६५
४२. बिष्फोटक पदार्थ ऐन, २०१८
४३. बिष्फोटक पदार्थ नियम, २०२०
४४. स्थानीय प्रशासन ऐन, २०२८
४५. सशस्त्र प्रहरी ऐन, २०५८
४६. सशस्त्र प्रहरी नियमावली, २०७२
४७. सार्वजनिक सुरक्षा ऐन, २०४६
४८. संस्था दर्ता ऐन, २०३४
४९. संस्था दर्ता नियमावली, २०३४
५०. सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
५१. सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
५२. सूचनाको हकसम्बन्धी ऐन, २०६४
५३. सूचनाको हकसम्बन्धी नियमावली, २०६५

५४. संक्षिप्त कार्यविधि ऐन, २०२८

५५. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

५६. सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४

५७. हातहतियार खरखजना ऐन, २०१९

५८. हातहतियार खरखजना नियमावली, २०२८

५९. होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३

६०. होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (अधिकारी तोक्ने) नियमहरु, २०२४



# गृह मन्त्रालयको संगठन संरचना



## १.२ नेपाल प्रहरी

### पृष्ठभूमि

लोक कल्याणकारी राज्यको अवधारणा अनुरूप नागरिकको जीउ धनको सुरक्षा गर्न, शान्ति सुव्यवस्था कायम गर्न, मानव अधिकारको संरक्षण गर्न एवं जनकल्याणकारी सेवाहरू प्रदान गर्दै अपराध नियन्त्रण तथा अनुसन्धान गरी समाजमा शान्ति, सुरक्षा र अमनचैन कायम राख्ने महत्वपूर्ण जिम्मेवारी नेपाल प्रहरीको हो । राज्यको सबैभन्दा तल्लो निकायसम्म उपस्थिति भएको एकमात्र संगठन नेपाल प्रहरी हो ।

"कानूनी राज्यको मूल अवधारणाबाट निर्दिष्ट रही प्रभावकारी अपराध नियन्त्रण र अनुसन्धानद्वारा समाजमा शान्ति स्थापना गरी मानव अधिकारको संरक्षणमा प्रतिबद्ध राष्ट्रप्रति समर्पित स्वच्छ प्रहरी सेवा" नेपाल प्रहरीको प्रमुख लक्ष्य हो ।

शान्ति-सुरक्षा कार्यमा प्रहरीलाई व्यवस्थित रूपमा परिचालन गर्ने कार्य सन् १९१४ देखि शुरू भएको थियो । यसै साल चन्द्र शमशेरले पहिलो पुलिस सवाल जारी गरी वीरगञ्जको शान्ति-सुरक्षा कायम गर्ने जिम्मा प्रहरीलाई सुम्पेका थिए । अगष्ट १९१४ मा चन्द्र शमशेरले अंग्रेज सरकारलाई ८००० फौज तत्काल सहयोग पठाउन स्वीकार गरे । चन्द्र शमशेरकै शासनकालमा सन् १९२८ सम्ममा तराईका अन्य जिल्लाहरूमा पुलिस गोश्वारा, थाना तथा चौकीहरू स्थापना गर्न चन्द्र शमशेरले विभिन्न सवालहरू जारी गराए । सन् १९१९ (बि.सं. १९७६ पौष) को अन्त्यतिर चन्द्र शमशेरले काठमाडौं उपत्यकाको शान्ति-सुरक्षाको व्यवस्था प्रहरीलाई सुम्पिने हेतु जिल्ला-पुलिस इन्स्पेक्टर सवाल जारी गरे । यस सवालले काठमाडौं उपत्यकामा शान्ति- सुरक्षाका निमित्त एउटा सदर पुलिस गोश्वारा, ६ थाना र १७ चौकी खडा गरी सदर पुलिस गोश्वारा हनुमान ढोकामा स्थापना गरियो भने ६ थानामध्ये चार थानाहरू क्षेत्रपाटी, असन, कालभैरव र जैसीदेवलमा तथा बाँकी २ थाना ललितपुर र भक्तपुरमा एक एक खडा गरिए । बाँकी चौकीहरू उपत्यकाको शहरी क्षेत्र वरिपरि स्थापना गरिए ।

### नेपाल पुलिस फोर्स गठन

२००७ सालको क्रान्ति पश्चात नेपालका विभिन्न भागमा छरिएर रहेका प्रहरी इकाइहरूलाई संगठित रूपमा परिचालन गर्न सन् १९५१ तिर प्रहरी प्रधान कार्यालयको स्थापना गरी प्रहरी प्रशासनको सम्पूर्ण जिम्मा प्रहरी महानिरीक्षकलाई लगाईएको थियो । तोरण शमशेर ज.ब.रा. पहिलो प्रहरी महानिरीक्षकका (IGP) रूपमा नियुक्त भएका थिए । सन् १९५५ मा प्रहरी व्यवस्थामा विद्यमान कमजोरीलाई हटाई यसलाई सङ्गठनात्मक रूपमा सुदृढ पार्न तत्कालीन राजा महेन्द्रबाट प्रहरी सुधार आयोगको गठन भयो । यसको सुझावको आधारमा सन् १९५५ (बि.सं. २०१२) मा प्रहरी सङ्गठनलाई नेपाल पुलिस फोर्सको रूपमा वैधानिक स्वरूप प्रदान गरियो ।

## नेपाल प्रहरीको कार्यादेश (Mandate)

### संवैधानिक व्यवस्था

नेपालको संविधान, २०७२ को धारा २६८ मा नेपाल प्रहरीसम्बन्धी निम्न व्यवस्था गरिएको छ :

१. संघमा नेपाल प्रहरी र प्रत्येक प्रदेशमा प्रदेश प्रहरी संगठन रहनेछ।

२. नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धी व्यवस्था संघीय कानूनबमोजिम हुनेछ।

### प्रहरी ऐन, २०१२

प्रहरी ऐन, २०१२ को प्रस्तावनामा "नेपालभर मुलुकको प्रहरी फोर्सको पुनर्गठन गर्न र त्यसलाई अपराध रोक्ने र पत्ता लगाउने सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्न आवश्यक देखिएकोले" भनी अपराध रोकथाम, नियन्त्रण र अनुसन्धानलाई नेपाल प्रहरीको प्रमुख कार्यादेशको रुपमा तोकिएको छ। समग्रमा प्रहरी ऐनले निम्नलिखित जिम्मेवारीहरु निर्दिष्ट गरेको छः

- अपराध रोकथाम, नियन्त्रण र अनुसन्धान
- शान्ति सुव्यवस्था
- जीउ, धनको संरक्षण
- आन्तरिक सुरक्षा
- सवारी आवागमन व्यवस्थापन
- विपद् व्यवस्थापन
- मानव अधिकारको संरक्षण र सम्वर्द्धन
- प्रचलित कानून अन्तर्गत गर्नुपर्ने अन्य कार्यहरु

यसका अतिरिक्त अन्य कानूनहरुमा उल्लेख भएका १००० भन्दा बढी जिम्मेवारीहरु नेपाल प्रहरीको कार्यादेशको रुपमा रहेका छन्।

# संगठन

## नेपाल प्रहरीको संगठन संरचना




**श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रहरी महाशाखा तथा अन्य कार्यालय हरुमा रहेका प्रहरी इकाइहरुसँग प्रशासनिक काम, कारवाहीको समन्वय:**

| आयोग तथा कार्यालय | समन्वय गर्ने कार्यालय |
|---|---|
| • श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रहरी महाशाखा<br>• श्री राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय | प्रहरी महानिरीक्षकको सचिवालय |
| • नेपाल राजदुतावास, नयाँ दिल्ली (काउन्सुलर) | मानवश्रोत एवं प्रशासन विभाग |
| • श्री सम्पत्ति सुद्धीकर(ण अनुसन्धान विभाग, प्रहरी शाखा<br>• पर्यटक प्रहरी शाखा | कार्य एवं अपराध अनुसन्धान विभाग |

**जम्मा प्रहरी इकाइ संख्या-२५६०**

| | | |
|---|---|---|
| सीप्रनौ-६४ | सप्रसे-७२ | कासु.गार्ड-७३ |
| भसुगार्ड-१७ | वप्रका-२१ | ईप्रका-४८३ |
| जिल्ला गुल्म-२ | नप्रका-८ | प्रहरी चौकी-११३१ |
| मकागार्ड-२७ | क.ब.स.गार्ड-१ | कालिका दरबार गार्ड-१ |
| प्रहरी पोष्ट सुस्ता-१ | विसुगार्ड-३९ | प्रजिअनिगार्ड-७७ |
| पुनेअगार्ड-१५ | क्षे.प्रशा.गार्ड-५ | सर्वोच्च अ.स.तथा मु.प्र.इ.-१ |
| विशेषअ.म. तथा मु.प्र.इ-१ | | पुनरावेदन अ.स.तथामु.प्र.इ-१६ |
| जिल्ला अ.स.तथा सु.प्र.इ.-७७ | | |

## १.३ सशस्त्र प्रहरी बल, नेपाल

### पृष्ठभूमि

नेपालको संविधानमा उल्लेख भएबमोजिम नेपाल सरकारको संघीय सरकार मातहत रहने एक मात्र आन्तरिक सुरक्षाको विशेष जिम्मेवारी प्राप्त सशस्त्र प्रहरी बल, नेपाल, देशमा शान्ति र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नको लागि  सशस्त्र प्रहरी ऐन, २०५८ बमोजिम स्थापना भएको हो । आफ्नो स्थापनाकालदेखि नै नेपाल सरकारद्वारा प्रदान गरिएको कार्यादेश तथा सशस्त्र प्रहरी ऐनद्धारा प्रदत्त जिम्मेवारी एवं संगठनको लक्ष्यलाई पूरा गराउन राष्ट्र, राष्ट्रियता, राष्ट्रिय अखण्डताको रक्षा गर्न र जनताको जीउ धनको सुरक्षा गर्न सशस्त्र प्रहरी बल, नेपाल सदैव परिचालित रहिआएको छ ।

### सम्पादन गरिने कार्यहरू

सशस्त्र प्रहरी ऐन, २०५८ को परिच्छेद २, दफा (६) को उपदफा (१) बमोजिम देहायका कार्य गर्ने प्रयोजनको लागि सशस्त्र प्रहरी बल परिचालित हुने व्यवस्था रहेको छ ।

१. नेपाल राज्यको कुनै भागमा भएको वा हुनसक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्न,

२. नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्न,

३. नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने आतङ्ककारी गतिविधि नियन्त्रण गर्न,

४. नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने दङ्गा नियन्त्रण गर्न,

५. नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन,

६. नेपाल राज्यको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य तथा गम्भीर अपराध घटेमा वा गम्भीर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्न,

७. नेपाल राज्यको सीमा सुरक्षा गर्न,

८. बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्न,

९. नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्न,

१०. नेपाल सरकारले सुरक्षा दिनुपर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्न,

११. यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानूनबमोजिम तोकिएका कार्यहरु गर्न,

१२. नेपाल सरकारले समय समयमा तोकेबमोजिमका अन्य कार्यहरु गर्न ।

१३. नेपाल सरकार, मन्त्रिपरिषद्को २०६९ असोज ११ गतेको निर्णयानुसार राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा गर्न ।

सशस्त्र प्रहरी बल, नेपालले सरकार र नागरिकको चाहना अनुरुप कार्यशैली अपनाई परिचालनका क्षेत्रहरुमा साहसिक ढङ्गले आफ्नो दायित्व निर्वाह गर्दै आईरहेको छ । कार्यक्षेत्रमा भएका काम कारवाही तथा गरिएका प्रयासहरुले नागरिकको मन जित्न सफल भएको परिप्रेक्ष्यमा सशस्त्र प्रहरी बल, नेपालले जनतालाई छिटो छरितो सेवा र सुरक्षा प्रदान गरी आफ्ना सम्पूर्ण काम कारवाही पारदर्शी ढङ्गले संचालन गर्दै आईरहेको छ । समय सापेक्ष नागरिक र राष्ट्रको सेवा तथा सुरक्षाको खातिर नेपालका ५८ जिल्लामा मात्र परिचालित सशस्त्र प्रहरी बल, नेपाल, हालै भएको पुनर्संरचना पश्चात् नेपालको ७७ जिल्लामै परिचालित भईसकेको छ ।

## भावी कार्यदिशा

नेपालको सुरक्षा व्यवस्थालाई समयानुकूल सक्षम, सबल र गतिशील बनाउँदै राज्य प्रदत्त जिम्मेवारी तथा उत्तरदायित्वलाई पूरा गर्दै तन, मन र वचनका साथ जनचाहना अनुरुप शान्ति, सुरक्षा, सेवा र उद्धार मार्फत मुलुकमा शान्ति सु-व्यवस्था कायम गरी सुशासन स्थापित गराउने कार्यमा उल्लेखनीय भूमिका निर्वाह गरी राष्ट्रको प्रभावकारी र सक्षम सुरक्षा निकायको रुपमा प्रस्तुत गर्ने मूल उद्देश्यमा सशस्त्र प्रहरी बल, नेपाल, अगाडि बढिरहेको छ ।

## सशस्त्र प्रहरी बल, नेपालको संरचना



## १.४ अध्यागमन विभाग

### पृष्ठभूमि

नेपाल सरकारको अध्यागमनसम्बन्धी नीति एवम् कानूनको कार्यान्वयन गरी अध्यागमन व्यवस्थापन गर्ने प्रमुख जिम्मेवार निकायको रुपमा अध्यागमन विभागको स्थापना भएको हो। अध्यागमन विभागले अध्यागमन ऐन २०४९, अध्यागमन नियमावली २०५१ र अध्यागमन कार्यविधि २०६५ बमोजिम आफ्नो कार्यलाई व्यवस्थित गर्दै आएको छ। यस विभाग अन्तर्गत प्रवेश तथा प्रस्थान बिन्दुमा स्थापित भएका १२ र नेपालको प्रमुख पर्यटकीय गन्तव्य मध्येको पोखरामा एक गरी, जम्मा १३ वटा अध्यागमन कार्यालयहरुबाट देशको अध्यागमनसम्बन्धी कार्यहरु भइरहेको छ। साथै अध्यागमनसम्बन्धी केही कार्यहरु परराष्ट्र मन्त्रालय, विदेशस्थित दूतावासहरु तथा महावाणिज्य दूतावासहरुबाट समेत सम्पादन हुने गर्दछ।

विदेशीलाई नेपाल प्रवेशको लागि भिसा उपलब्ध गराउने वा प्रवेशको स्वीकृति दिने, भिसाको म्याद थप गर्ने, विदेशीलाई निषेधित क्षेत्रमा पदयात्रा अनुमति दिने, विदेशीको नेपालमा हुने उपस्थितिको व्यवस्थापन, अनुगमन र नियन्त्रण गर्ने, नेपालीहरुको विदेश प्रस्थान र आगमनलाई व्यवस्थित गर्ने, अध्यागमनसम्बन्धी अपराधको अनुसन्धान तथा तहकिकात गरी मुद्दा दायर गर्ने लगायतका कार्यहरु अध्यागमन विभागले सम्पादन गर्दै आएको छ।

नेपालभित्र विदेशीको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित एवं नियन्त्रण गर्न तथा नेपाली नागरिकहरुको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने कार्य नै अध्यागमन विभागको मुख्य कार्य हो। बढ्दो अन्तर्राष्ट्रिय आप्रवासन, दुई ठूला शक्ति राष्ट्रहरुको बीचको भूराजनीतिक परिवेश, दक्षिण तर्फको खुला सीमाना, एक चीन नीति, मानव बेचविखन तथा ओसार पसार तथा विश्व अर्थतन्त्रमा सस्तो श्रम आपूर्तिकर्ताको रुपमा नेपालको उपस्थिति एवं विश्वमा बढ्दै गइरहेको आतङ्कवादको कारण अध्यागमन व्यवस्थापन चुनौतिपूर्ण बन्दै गइरहेको छ।

### अध्यागमन विभागको ध्येय :

- अध्यागमन नियमन प्रक्रियाद्वारा राज्यको सुरक्षा प्रणालीलाई सहयोग पुऱ्याउने।
- Centre for Excellence का रुपमा अध्यागमन प्रणालीलाई स्थापित गरी निष्पक्ष र प्रभावकारी रुपमा सेवा प्रवाह गर्ने।
- सेवाग्राहीलाई उच्चतम सन्तुष्टि प्रत्याभूत गर्न पारदर्शी र प्रभावकारी कागज बिहीन अध्यागमन (Paperless Immigration) स्थापना गर्ने।
- प्रभावकारी अध्यागमन सेवा मार्फत देशको पर्यटन विकास र वैदेशिक लगानी प्रवर्द्धन गर्ने
- राज्यका अन्य निकाय र सार्वजनिक नीति तर्जुमाको लागि तथ्याङ्क केन्द्रको रुपमा भूमिका खेल्ने।

**कार्यक्षेत्र :**

१. भिसा जारी गर्ने, आगमन र प्रस्थान अभिलेखन गर्ने ।

२. निषेधित क्षेत्रमा पदयात्रा अनुमति प्रदान गर्ने ।

३. विदेशीहरुको नेपाल उपस्थितिको अनुगमन, व्यवस्थापन र नियन्त्रण गर्ने ।

४. अध्यागमन अपराध नियन्त्रण गर्ने ।

## अध्यागमन कार्यालयहरूको सूची

| | |
|---|---|
| अध्यागमन कार्यालय, त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थल | अध्यागमन कार्यालय, धनगढी |
| अध्यागमन कार्यालय, तातोपानी | अध्यागमन कार्यालय, कञ्चनपुर |
| अध्यागमन कार्यालय, भैरहवा | अध्यागमन कार्यालय, रसुवागढी |
| अध्यागमन कार्यालय, पोखरा | अध्यागमन कार्यालय, पशुपतिनगर |
| अध्यागमन कार्यालय, काकड्भिट्टा | अध्यागमन कार्यालय, विराटनगर |
| अध्यागमन कार्यालय, वीरगंज | अध्यागमन कार्यालय हिल्सा |
| अध्यागमन कार्यालय, नेपालगञ्ज | |

## अध्यागमन विभागसम्बन्धी ऐन, नियम तथा नियमावलीहरूको विवरण

१. नेपालको संविधानको अनुसूची ५ मा अध्यागमन संघको एकल अधिकार सूचीमा रहेको

२. अध्यागमन ऐन, २०४९

३. अध्यागमन नियमावली, २०५१

४. अध्यागमन कार्यविधि, २०६५

५. विदेशी नागरिक अनुगमन निर्देशिका, २०७५

६. गृह प्रशासन सुधार कार्ययोजना, २०७४

७. गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६५ र नियमावली, २०६६

८. अन्तर्राष्ट्रिय कानून र संयुक्त राष्ट्रसंघका प्रस्तावहरु ।

## रणनीतिक योजना

- अध्यागमन प्रणालीलाई सेवाग्राहीमैत्री, वैज्ञानिक, भरपर्दो, सरल र पारदर्शी तुल्याउने ।
- बिद्युतीय सेवा (Digital Service) प्रवाहलाई सेवा प्रवाहको मुख्य माध्यमको रुपमा अपनाउने ।
- सरोकारवाला र साझेदारबीच सहकार्य र समन्वय बढाउने ।
- कानूनी र संगठनात्मक संरचना समसामयिक तुल्याउने
- कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने ।

**सबल पक्षहरू :**

- अध्यागमन प्रशासनसम्बन्धी क्रियाकलापहरूको प्रभावकारी व्यवस्थापनका लागि प्रविधिमैत्री कार्यप्रणालीको अवलम्बन ।
- अध्यागमनसम्बन्धी नियमावली तथा कार्यविधिको समयसापेक्ष रूपमा संशोधन ।
- अध्यागमन सेवाको विस्तार भई हुम्लाको हिल्सा, इलामको पशुपतिनगर र मोरङ्गको विराटनगरमा अध्यागमन कार्यालय स्थापना गरिएको ।
- भिसा सरलीकरणका लागि उद्योग विभागस्थित एकलबिन्दु सेवा केन्द्रमा व्यावसायिक भिसा युनिटको स्थापना ।
- विभाग तथा कार्यालयहरूको भौतिक संरचनाहरूमा सुधार ।
- नेपाल प्रवेश गर्ने र बाहिरिने यात्रुहरुको जैविक सूचना (Bio-metric) सहितको अध्यागमन सूचना प्रणालीको विकास भईरहेको ।

**दुर्बल पक्षहरू :**

- कर्मचारीको निरन्तर सरूवा, अध्यागमन विभाग र अध्यागमन कार्यालय त्रि.अ.वि.मा अत्यधिक कार्यबोझ हुनु ।
- नक्कली कागजातहरूको पहिचान गर्ने प्रविधिको अभाव रहेको ।
- विदेशीहरूको गतिविधिको कमजोर अनुगमन ।
- कर्मचारीहरूलाई अत्याधुनिक प्रविधिमैत्री बनाउन तालिम तथा क्षमता विकासका कार्यक्रमहरूको अभाव रहेको ।
- सीमा नाकास्थित अध्यागमन कार्यालयहरूको कमजोर पूर्वाधार र क्षमता हुनु ।
- दक्षिणतर्फको खुला सीमाका कारण भिसा नलिई नेपाल प्रवेश गर्नेहरुको नियन्त्रणमा कमी रहेको ।
- दूतावास तथा नियोगहरुबाट जारी भिसा स्टिकर एवं राजस्वको Tracking गर्ने एवं अभिलेखिकरण गर्ने कार्य प्रभावकारी नहुनु ।

**प्रमुख उपलब्धिहरू:**

- अध्यागमन ऐन, २०४९ लाई प्रतिस्थापन गर्ने गरी नयाँ ऐनको मस्यौदा पेश भएको ।
- अध्यागमन कार्यविधि, २०६५ लाई संशोधन गरी अध्यागमन कार्यालय त्रि.अ.वि.बाट हुने प्रस्थान अनुमतिलाई वस्तुपरक बनाउने प्रयास गरिएको ।
- अध्यागमन अधिकृतहरूलाई जिम्मेवार र कार्यसम्पादनलाई प्रभावकारी बनाउन हाते पुस्तिका तयार गरी प्रयोगमा ल्याइएको ।

- हाल प्रचलनमा रहेको IMMI Software लाई प्रतिस्थापन गर्न बनेको Biometric सहितको Nepali Port नामक Software विकास गर्ने कार्य सम्पन्न भई उक्त Software को परीक्षण कार्य भैरहेको र आगामी भाद्र मसान्तभित्र लागू गर्ने योजना रहेको ।
- अध्यागमन कार्यालय त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको कार्यसम्पादनलाई प्रभावकारी बनाउन सम्पादन हुने कामको कार्यसम्बन्ध, कार्यढाँचा र कार्यजिम्मेवारीलाई जोड्न प्रयास गरिएको ।
- नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयको आगमन र प्रस्थान कक्षमा FLAP BARRIER सहितका आधुनिक अध्यागमन डेस्कहरू स्थापना गर्ने कार्य प्रारम्भ भैसकेको ।
- नयाँ अध्यागमन सूचना प्रणालीका लागि आवश्यक पर्ने Server खरिद गर्नका लागि बोलपत्र स्वीकृत भएको । Biometric उपकरण खरिद कार्य सम्पन्न भएको ।
- नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयानुसार निषेधित क्षेत्रहरूको पुनरावलोकन भई कार्यान्वयनमा ल्याइएको ।
- संयुक्त राज्य अमेरिकासँग पर्यटक भिसामा समेत पारस्परिकताका आधारमा भिसा जारी गर्न प्रारम्भ गरिएको । यसबाट नेपालीहरुले तिर्नुपर्ने २०० US डलर अतिरिक्त रकम हटाइएको ।
- नेपाल प्रहरीको National Central Bureau (NCB) र अध्यागमन विभागबीच सूचना आदानप्रदान गर्ने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर भएको ।
- अध्यागमन कार्यालयहरुका लागि छुट्टाछुट्टै वेबसाइटहरु तयार गरी विवरणहरु अद्यावधिक गर्ने कार्य भैरहेको ।
- अध्यागमन विभागको सर्भर लगायत डाटाहरुको सुरक्षणहेतु Disaster Recovery Center (DR Center) स्थापनाका लागि गृहकार्य भैरहेको ।

# अध्यागमन विभाग, काठमाडौंको प्रस्तावित साङ्गठनिक संरचना




❍❍❍

## १.५ कारागार व्यवस्थापन विभाग

### पृष्ठभूमि

नेपालमा कारागार (जेल) को इतिहास बि.सं. १९७१ बाट शुरु भएको हो । नेपालको पहिलो कारागार "सदरजेल" (हालको कारागार कार्यालय जगन्नाथदेवल काठमाण्डौ) हो । २०१९ सालमा कारागारसम्बन्धी व्यवस्था गर्न कारागार ऐन २०१९ निर्माण भै उक्त ऐनको दफा २७ ले दिएको अधिकार प्रयोग गरी कारागार नियमावली २०२० तर्जुमा भै लागू भएको छ। कारागार व्यवस्थापन तथा प्रशासन सम्बन्धी कार्यलाई प्रभावकारी एवं सबल बनाउन २०५० साल श्रावण १ गतेदेखि गृह मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा कारागार व्यवस्थापन विभागको स्थापना भै सञ्चालनमा आएको हो । हाल धनुषा, बारा, रुकुम पूर्व, नवलपरासी पूर्व र भक्तपुर ५ जिल्ला बाहेकका ७२ जिल्लामा कारागार कार्यालयहरु रहेका छन् । दाङ जिल्लामा घोराही र तुल्सीपुर दुई ठाउँमा तथा काठमाण्डौं जिल्लामा जगन्नाथदेवल (सुन्धारा) र डिल्लीबजार (चारखाल) दुई ठाउँमा एवम् अन्य ७० जिल्लामा एक एकवटा गरी हाल नेपालमा कूल कारागार संख्या ७४ रहेको छ। स्थानीय स्तरमा कारागार व्यवस्थापन तथा प्रशासनको सामान्य जिम्मेवारी सम्वन्धित प्रमुख जिल्ला अधिकारीको हुने व्यवस्था रहेको छ। नख्खुमा मनोसामाजिक अस्पतालको निर्माण कार्य भैरहेको तथा बाँकेको गनापूरमा खुल्ला कारागार र नौवस्तामा क्षेत्रीय कारागार निर्माण कार्य भैरहेको छ।

### दीर्घकालीन दृष्टिकोण

"अपराधीलाई सभ्य, सुसंस्कृत, उत्पादनशील र कानूनको पालना एवं सम्मान गर्ने नागरिकमा रूपान्तरण गरेर समाजमा पुनर्स्थापित र पुनःएकीकरण गर्न र सुरक्षित र समुन्नत समाजको निर्माण गर्ने बृहत्तर राष्ट्रिय उद्देश्यको परिपूर्ति गर्ने काममा आइपर्ने चुनौतिहरूको सामना गर्न सहयोग पुऱ्याउने" ।

### आधारभूत कार्यहरू

(१) अभियुक्तहरूलाई कानूनबमोजिम थुनामा राख्ने र छिटो एवं उचित न्यायमा सबै बन्दीको पहुँचलाई सुनिश्चित बनाउने ।

(२) अन्तर्राष्ट्रिय रूपमा स्वीकृत मापदण्ड अनुसार सुरक्षित र मानवोचित वातावरणमा राखेर अपराधीहरूलाई आफ्नो सुधार र पुनःस्थापना गर्नको निम्ति सहयोग प्रदान गरी सार्वजनिक हित र सुरक्षाको प्रवर्द्धन गर्ने र बन्दीहरूको सामाजिक एकीकरणको प्रक्रियालाई सहज बनाउने ।

### कारागार व्यवस्थापन सम्बन्धी ऐन, नियम तथा नियमावलीहरुको विवरण

१. नेपालको संविधान २०७२
२. कारागार ऐन २०१९
३. मुलुकी अपराध संहिता, २०७४
४. मुलुकी देवानी संहिता, २०७४
५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
६. निजामती सेवा ऐन, २०४९

७. प्रहरी ऐन, २०१२

८. भ्रष्टाचार निवारण ऐन, २०५८

९. स्थानीय प्रशासन ऐन, २०२८

१०. कारागार नियमावली, २०२०

११. निजामती सेवा नियमावली, २०५०

१२. सजाय माफी, मुलतवी, कम गर्नेसम्बन्धी कार्यविधि, २०७१

१३. प्रशासकीय कार्य फछ्र्यौट नियमहरु, २०२६

१४. अन्य ऐन नियमहरु

१५. सर्वोच्च अदालतबाट सम्बन्धित विषयमा भएका आदेश र फैसलाहरु

१६. नेपाल सरकारको सम्बन्धित विषयका नीति निर्देशन र निर्णयहरु

१७. नेपाल सरकारको कारागार व्यवस्थापनसित सम्बन्धित विषयमा गरेका सन्धि सम्झौता सहमतिहरु

१८. बन्दीहरुको बडापत्र, २०६०

१९. कारागार व्यवस्थापन विभाग र मातहतका निकायहरुबाट विद्यमान ऐन, कानून र कार्यक्षेत्रको परिधिभित्र रही लिएका नीतिगत निर्णयहरु ।

## विभागका कार्यहरू

कारागार व्यवस्थापनसम्बन्धी कामगर्ने केन्द्रीय निकायको रूपमा कारागार व्यवस्थापन विभागको स्थापना भएको हो । गृह मन्त्रालय अन्तर्गत रहेको कारागार व्यवस्थापन विभागले गर्ने कार्यहरू निम्न अनुसार रहेका छन्

- विभाग र मातहतका कारागार कार्यालयहरूको निम्ति आवश्यक पर्ने वार्षिक बजेटको प्रस्ताव तयार गरी कारवाहीको निम्ति सम्बन्धित निकायमा पठाउने र नेपाल सरकारले बिनियोजन गरेको बजेट रकम अनुसार खर्चको निकासा दिने, लेखा परीक्षण गराउने र बेरुजु फछ्र्यौट गराउने,
- कारागार व्यवस्थापनसम्बन्धी नीतिगत व्यवस्थाहरूको अधीनमा रही कारागार शाखाहरूको कार्यको आवश्यकता एवं साधन स्रोत अनुरूप निरीक्षण र सुपरीवेक्षण गर्ने,
- कारागार कार्यालयहरूबाट प्राप्त मासिक प्रतिवेदनको आधारमा बन्दीहरूको अभिलेख तयार गर्ने,
- विभाग र विभाग अन्तर्गतका कारागार कार्यालयहरूमा कार्यरत राजपत्र अनंकित तहका कर्मचारीहरूलाई आवश्यकता अनुसार विभाग वा कारागार कार्यालयहरूमा सरुवा गर्ने,
- विभाग र कारागार कार्यालयहरूको निजामती कर्मचारीको दरबन्दी र ती दरबन्दीमा कार्यरत कर्मचारीको अभिलेख राख्ने,

- राष्ट्रिय पर्वहरूमा बन्दीको कैद सजायको माफी मिन्हा दिनको निम्ति कारागार कार्यालयहरूबाट निर्धारित प्रक्रिया अनुसार प्राप्त सिफारिसहरूको छानबीन गरी सिफारिस सहित मन्त्रालयमा पठाउने,
- बन्दीमा आश्रित बालबालिकाहरू, बिज्याइँ गरी कैद वा थुनामा परेका बालबालिकाहरू र कैदमुक्त बन्दीहरूको सुधार, संरक्षण र हेरचाह एवं पुनर्स्थापनाको कार्यमा संलग्न संस्थाहरूको जिल्लाबाट प्राप्त प्रतिवेदनको आधारमा अभिलेख राख्ने र त्यस्ता संस्थाहरूको आवधिक रूपले अवलोकन भ्रमण गर्ने तथा ती संस्थाहरूको संरक्षणमा रहेका आश्रित बालबालिका, बिज्याइँ गरी कैद वा थुनामा परेका बालबालिका र कैद मुक्त बन्दीहरूको संख्यात्मक विवरण नियमित रूपले विभागमा पठाउन ती संस्थाहरूलाई आग्रह गर्ने,
- आवश्यकता अनुसार मातहतका निकायहरूलाई क्रियाशील गराई उपलब्ध साधन र स्रोत अनुरूप बन्दीको समस्या तथा मागको समाधान गर्न प्रयत्न गर्ने,
- ठेकिएको कैद भुक्तान भएका बन्दीहरूलाई छुटकारा दिनको निम्ति कारागार कार्यालयहरूलाई निर्देशन वा स्वीकृत गर्ने,
- कारागारहरूको भौतिक अवस्थाको सुदृढीकरण गर्न र बन्दीहरूको व्यक्तित्व विकास, सीप विकास, आचार सुधार र पुनर्स्थापना एवं कारागार व्यवस्थापनको आधुनिकीकरणको निम्ति परियोजना, योजना तथा कार्यक्रमको प्रस्ताव तयार गरी स्वीकृति एवं बजेट निकासाको निम्ति मन्त्रालयमा पठाउने र स्वीकृत परियोजना, योजना तथा कार्यक्रमहरूको तोकिएको कार्यविधि अनुसार कार्यान्वयन गर्ने गराउने तथा नेपाल सरकारको नीति निर्देशन र उपलब्ध साधन र स्रोतको परिचालन गरी सोसम्बन्धी कार्य गर्न गराउनको निम्ति कारागार कार्यालयहरूलाई निर्देशन दिने,
- विद्यमान ऐन, नियम र नीति निर्देशन अन्तर्गत रही मातहतका कारागार कार्यालयहरूलाई निर्देशन दिने,
- बन्दीको आश्रित बालबालिका तथा बिज्याइँ गरी कैद वा थुनामा परेका बालबालिका (बाल अपराधी) को एवं कैद मुक्त बन्दीहरूको सुधार, संरक्षण र पुनर्स्थापनाको कार्यमा संलग्न सुधार गृह र संस्थाहरूसित समन्वय गरी आवश्यकता अनुसार ती संस्था वा सुधार गृहहरूसित सम्झौता गरी त्यस्ता बालबालिका, बाल अपराधी र कैद मुक्त बन्दीहरूको हितको निम्ति कार्यक्रम संचालन गर्ने गराउने,
- कारागार कार्यालयहरूमा अनियमित र अनुपयुक्त काम भएको भनी विभागमा उजुरी वा गुनासाहरू आएमा त्यस्ता उजुरी र गुनासाको सत्य तथ्यको छानबीन एवं पहिचान गरी आवश्यकता अनुसार कारवाही गर्ने वा सोको निम्ति सम्बन्धित निकायमा लेखी पठाउने,
- कारागार सूचना प्रणाली (PMIS) मा आधारित कैदी बन्दीहरुको केन्द्रीय अभिलेख राख्ने ।

## भावी कार्यदिशा

- निर्माणाधीन र अब निर्माण हुने चरणमा रहेका भौतिक पूर्वाधारहरुलाई तीब्र रुपमा निर्माण कार्य अगाडि बढाउनु पर्ने । यसका लागि सम्बन्धित निकायहरुसँग समन्वय र बजेटको व्यवस्था हुनुपर्ने ।
- कारागार प्रशासनमा कार्यरत कर्मचारीहरुको मनोबल उच्च बनाई दरवन्दी अनुसारका कर्मचारीहरु टिकाइ राख्न विशेष ध्यान दिनुपर्ने ।
- आ.व. ०७६।७७ मा कारागार कार्यालयहरुमा E-Attendance Machine, Walk Through Gate, Metal Detector जस्ता यन्त्र उपकरणको लागि बजेट व्यवस्था भैसकेको हुदाँ त्यसको पूर्ण उपयोग गर्नु पर्ने ।
- पुर्ननिर्माण तथा पुनर्स्थापना कार्यक्रम, राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण लगायतका निकायहरुबाट निर्माण हुने भनिएका कारागारहरुको निर्माण कार्य प्रभावकारी बनाउनु पर्ने ।

## कारागार व्यवस्थापन विभागको संगठन संरचना




○○○

## १.६ राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभाग

### पृष्ठभूमि

व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा अन्तर्गत नगद प्रवाह र व्यक्तिहरुको डिजिटल पहिचान (Digital Identity) स्थापना गर्ने बहुउपयोगी राष्ट्रिय परिचयपत्र वितरण गर्ने कार्य जिम्मेवारीका साथ मिति २०७५।६।२८ मा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पुनर्गठित संरचना स्थापना भएको हो ।

### व्यक्तिगत घटना दर्ता

राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिका महत्वपूर्ण व्यक्तिगत घटनाहरुलाई आधिकारिक रुपमा रेकर्ड राख्नुलाई व्यक्तिगत घटना दर्ता भनिन्छ। सबैजसो देशहरुले घटना दर्ताको सर्वमान्य सिद्धान्तअनुसार यसलाई स्थायी, अविच्छिन्न तथा अनिवार्य कार्यको रुपमा निरन्तरता दिइरहेका हुन्छन् । यद्यपि कस्ता कार्यलाई घटना मान्ने भन्ने विषयमा देशको आवश्यकतानुसार फरक पर्ने सन्दर्भमा हाम्रो देशमा भने जन्म, मृत्यु, विवाह, बसाईंसराई र सम्बन्धविच्छेद गरी पाँच किसिमका घटनाहरुलाई लिइन्छ । यस अन्तर्गत सम्बन्धित कार्यालयहरुले रेकर्ड राख्ने, भण्डारण गर्ने, उपयोग तथा वितरणसम्बन्धी कार्यहरु गर्दछन् ।

नेपालमा व्यक्तिगत घटना दर्ता सम्बन्धमा "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३" आएपछि २०३४ बैशाख १ गतेदेखि १० जिल्लाबाट शुरु गरी १७ चरणमा विस्तार गरिदै २०४७ बैशाख १ बाट नेपालभर लागू भएको हो । शुरुमा गृह पञ्चायत मन्त्रालय अन्तर्गत रही जिल्ला प्रशासन कार्यालय मार्फत यो कार्य गरिंदै आएकोमा २०५० श्रावणबाट तत्कालीन स्थानीय विकास मन्त्रालयको पञ्जीकरण शाखाबाट सञ्चालन हुन थालेको हो । मिति २०७५ आश्विनमा राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र र केन्द्रीय पञ्जीकरण विभागको एकीकरण पश्चात् पुनः गृह मन्त्रालय अन्तर्गत रहेको छ ।

विश्वव्यापीकरण तीब्र रुपमा भईरहेको आजको युगमा व्यक्तिगत घटनाले सम्बन्धित देशमा मात्र नभई अन्तर्राष्ट्रिय रुपमा समेत प्रभाव पारेको छ । त्यसैले घटना दर्ता अन्तर्राष्ट्रियस्तरमा महत्व पाएको विषय पनि हो । UNESCAP सँग नेपालले गरेको प्रतिबद्धताअनुसार सन् २०२४ सम्म सम्पूर्ण नेपाली नागरिकहरुको जन्मदर्ता शतप्रतिशत पुऱ्याउनु पर्ने र अन्य व्यक्तिगत घटना दर्तामा समेत उल्लेख्य वृद्धि गर्नुपर्ने भएकोले सोही लक्ष्य हासिल गर्नेतर्फ विभाग क्रियाशील छ । घटना दर्ता कार्यक्रम विभागको सक्रियतामा स्थानीय तहहरुमार्फत MIS Online मा आधारित गर्ने कार्यक्रम विस्तारित छ जसले चालिस प्रतिशतभन्दा बढी जनसंख्या ओगटेको छ । माथि उल्लेखित ऐनको साथसाथै "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४" कार्यान्वयनमा छ ।

### सामाजिक सुरक्षाः

मानिस सक्रिय जीवन यापन गरिरहेका बेलामा होस् या असक्त अवस्थामा होस् उसका

आधारभूत मानवीय आवश्यकताहरु पूरा हुने सुनिश्चितता हुनु नै सामाजिक सुरक्षा हो । त्यसैले सामाजिक सुरक्षा अत्यन्त बृहत अवधारणा हो। राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभागबाट वितरण भैरहेको सामाजिक सुरक्षा भत्ता "सामाजिक सहयोग" अन्तर्गत "नगद प्रवाह" कार्यक्रम हो। लाभग्राहीले यस्तो भत्ता रकम बुझ्केकोमा कुनैपनि दायित्व बहन गर्नु नपर्ने भएकाले यो नि:शर्त अनुदानको रुपमा रहेको छ । यस किसिमबाट प्रदान गरिंदै आएको सामाजिक सुरक्षा भत्ता देशैभरिका विभिन्न वर्गका लाभग्राही समूहहरुलाई धनी-गरीब, विशेष क्षेत्र आदिमा लक्षित नगरी समान रुपमा लागू गरिएको ले यो बढी सर्वव्यापी (Universal) प्रकृतिको छ । तर बालपोषण भत्ता भने आंशिक रुपमा गरीब लक्षित (Poverty targeting) गर्न खोजिएको छ। हाल नेपाल सरकारले देशभर मुख्य सातवटा लक्षित समूहहरुलाई विभिन्न दरमा भत्ता वितरण गरिरहेको छ। वृद्ध, दलित, अपाङ्ग, लोपोन्मुख, विधवा, एकल महिला र दलित तथा पिछडिएका क्षेत्रका बालबालिका जस्ता उच्च जोखिममा रहनसक्ने समूह प्रत्यक्ष लाभान्वित हुने कार्यक्रम भएकोले यो नेपाल सरकारको अत्यन्त लोकप्रिय कार्यक्रम पनि हो। वर्तमान सन्दर्भमा गृह मन्त्रालय अर्न्तगत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले यसको कार्य जिम्मेवारी सम्हाल्दै आएको छ ।

नगद प्रवाह कार्यक्रम २०५१ साउनदेखि गृह मन्त्रालयले वृद्धभत्ताका रुपमा ७० वर्षमाथिका नागरिकहरुलाई रु. १०० को दरले नमूनाको रुपमा २० जिल्लाबाट शुरु भई देशभर वितरण गर्न थालिएको हो । आ.व. २०५२।०५३ बाट भने यस कार्यक्रमलाई सामाजिक सुरक्षा भनी सम्बोधन गरी स्थानीय विकास मन्त्रालयअन्तर्गत राखी जेष्ठ नागरिक लगायत विधवा र अपाङ्गता भएका नागरिकहरुलाई समेत नियमित रुपमा प्रदान गर्दै आएकोमा हाल यसको दायरा अझै विस्तार भएको छ। साथै समय र लक्षित वर्गअनुसार भत्ताका दरहरु पनि सोहीबमोजिम परिमार्जन गरिंदै लगिएको छ। भत्ता वितरण कार्यलाई सरल र पारदर्शी बनाउन अनलाइन प्रविधि र बैंकिङ्ग प्रणालीमार्फत वितरण गर्नेकार्य अघि बढिरहेको छ। सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले सबै स्थानीय तहहरुले सम्पूर्ण लाभग्राहीहरुको विवरण MIS Online मा प्रविष्ट गर्नुपर्ने, कानूनबमोजिम नाम दर्ता, लगतकट्टा र नवीकरण गर्नुपर्ने तथा बैंकको पहुँच भएका सबै स्थानीय तहले अनिवार्य रुपमा बैंकमार्फत वितरण गर्नुपर्दछ। अहिले २८ लाखभन्दा बढी लाभग्राहीहरु अनलाइनमा आबद्ध भैसकेका छन्।

## राष्ट्रिय परिचय-पत्र

"राष्ट्रिय परिचय-पत्र" व्यक्तिको परिचय प्रमाणीकरणको डिजिटल समाधान (digital solution) हो। डिजिटल विशेषता रहेकोले अहिलेको आधुनिक युगमा यसलाई सार्वजनिक सेवासँग अन्तरसम्बन्धित गराई विविध कामका लागि प्रयोगमा ल्याउन सकिने हुनाले यसको अत्यन्त महत्व रहेको छ। यसलाई सफलतापूर्वक आफ्नो देशमा लागू गराउने धेरै देशहरुको नीति रहेको छ भने कतिपय देशमा यसको सफल प्रयोग समेत भैरहेको छ। बिनाभेदभाव सबै नागरिकहरुले यस्तो डिजिटल परिचयपत्र प्राप्त गर्नु भनेको राष्ट्रिय समावेशीकरणलाई समेत टेवा पुऱ्याउनु हो । नेपाल सरकारले आ.व. २०६६/०६७ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य मार्फत सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटो सहितको बायोमेट्रिक स्मार्ट कार्डको प्रयोग

गर्ने व्यवस्था गरिनेछ र यससम्बन्धी व्यवस्था कार्यान्वयनका लागि एउटा छुट्टै केन्द्रीय निकाय खडा गरिनेछ भनी घोषणा गरेको थियो । तत्पश्चात् नेपाल सरकारको मिति २०६७।०३।१६ को निर्णयानुसार गृह मन्त्रालय अन्तर्गत विभागस्तरको केन्द्रीय निकायको रुपमा मिति २०६७।०४।०१ मा राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र (National ID Management Center) को स्थापना भएको हो । मिति २०७५/०६/२८ गतेको नेपाल सरकारको निर्णयअनुसार उक्त केन्द्र र केन्द्रीय पञ्जीकरण विभागको एकीकरण पश्चात् राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको नामबाट सञ्चालित छ ।

राष्ट्रिय परिचय-पत्र वितरण कार्यक्रमलाई प्रकृयागत रुपमा अघि बढाउन "राष्ट्रिय परिचय-पत्र व्यवस्थापनको रणनीतिक योजना, २०७५", "राष्ट्रिय परिचय-पत्र वितरणका लागि नेपाली नागरिकता प्राप्त व्यक्तिको विवरण दर्ता तथा राष्ट्रिय परिचय-पत्र वितरणसम्बन्धी कार्यविधि, २०७५", मन्त्रिपरिषद् र मन्त्रालयस्तरीय विभिन्न निर्णयहरुले कानूनी आधार प्रदान गरेको छ । सबै जिल्लामा लागू गर्नुपूर्व आ.व.२०७५/०७६ मा पाँचथर जिल्लाका नागरिकहरु तथा सिंहदरबार परिसरका कर्मचारीहरुलाई राष्ट्रिय परिचय-पत्र वितरण गरी यसको सफल परीक्षण गरिएको छ । पाँचथर जिल्लामा माननीय गृहमन्त्री श्री राम बहादुर थापाले १०१ वर्षीय जेष्ठ नागरिक श्री भगवती देवी भण्डारीलाई औपचारिक रुपमा राष्ट्रिय परिचय-पत्र प्रदान गरी यसको वितरण शुरु भएको हो । पाँचथर जिल्लामा वितरणपश्चात् नेपाल सरकारले अब तीन चरणमा देशभर विस्तार गर्ने तयारी अघि बढाइसकेको छ । सरकारको प्राथमिकताभित्र परेको यस कार्यक्रम आ.व. २०७६/०७७ को नेपाल सरकारको नीति तथा कार्यक्रममा आगामी ४ वर्षभित्र र आ.व. २०७६/०७७ को बजेटमा पनि दुई वर्षभित्र राष्ट्रिय परिचयपत्र वितरण गरी सकिनेछ भनी उद्घोष भएको छ ।

## नारा

**"प्रविधिमैत्री, सुशासित र सुदृढ सेवा प्रवाह नेपालको सान, बहुउपयोगी राष्ट्रिय परिचय-पत्र हाम्रो पहिचान"**

## ध्येय (MISSION)

राष्ट्रिय परिचय-पत्र व्यवस्थापन सूचना प्रणालीको माध्यमबाट गुणस्तरीय सार्वजनिक सेवा तथा शान्ति, सुरक्षा र सुशासन प्रवर्द्धन गर्ने र आधुनिक सूचना प्रविधिमा आधारित राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणालीको अवलम्बन गरी समृद्ध नेपाल सुखी नेपाली अभियानमा सहयोग पुऱ्याउने ।

## उद्देश्य

- राष्ट्रिय परिचय-पत्र उपलब्ध गराउन आवश्यक पर्ने पूर्वाधार तयार गर्ने ।
- व्यक्तिको वैयक्तिक पहिचानका लागि छुट्टा-छुट्टै परिचय नम्बर प्रदान गर्ने ।
- जैविक पहिचान सहितको बहुउपयोगी राष्ट्रिय परिचयपत्र तयार गरी वितरण गर्ने ।

- नेपालमा बस्ने सबै व्यक्तिका वैयक्तिक विवरण राष्ट्रिय तथ्याङ्क भण्डारमा समाविष्ट गर्ने ।
- जनतालाई प्रवाह गर्ने सेवा सुविधालाई एकीकृत प्रणाली मार्फत एउटै परिचयपत्रबाट प्राप्त हुने प्रावधान सहितको प्रणाली विकास गर्ने
- गैरआवासीय नेपाली र विदेशी नागरिकलाई समेत आवश्यकतानुसार परिचयपत्र उपलब्ध गराउने ।

**राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरणसम्बन्धी ऐन, नियम तथा नियमावलीहरूको विवरण**

१. बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण रणनीति, २०७४ (पहिलो संशोधन)
२. व्यक्तिगत घटना दर्ता सम्बन्धमा भएका निर्देशन तथा परिपत्रहरू
३. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
४. सामाजिक सुरक्षा ऐन, २०७५
५. अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि ऐन, २०७५
६. व्यक्तिगत घटना दर्ता ऐन, नियमावली र परिपत्रहरुको संग्रह
७. जन्म, मृत्यु तथा अन्य घटना (दर्ता गर्ने) ऐन २०३३
८. जन्म, मृत्यु तथा अन्य घटना (दर्ता गर्ने) नियमावली, २०३४
९. सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७२ (संशोधन सहित)

# राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभागको संगठन संरचना

नेपाल सरकार

गृह मन्त्रालय

**राष्ट्रिय परिचय-पत्र तथा पञ्जिकरण विभागको संगठन संरचना**

**महानिर्देशक**
**स.स.रा.प.प्र. (प्रशासन)-१**

- **प्रशासन, योजना तथा अनुगमन शाखा** — निर्देशक, रा.प.द्वि.(प्र.सा.प्र.) -१
  - **प्रशासन शाखा**
    - शा.अ. रा.प.तृ.(प्र./सा.प्र.) -१
    - क.अधिकृत रा.प.तृ(विविध)-१
    - ना.सु. रा.प.अनं.प्र. (प्र./सा.प्र.) -२
    - क.अ. रा.प.अन. प्र. (विविध)-१
    - ह.स.चा., श्रेणविहीन (करार)-५
    - का.स. श्रेणीविहीन (करार)-६
  - **योजना, अनुगमन तथा समन्वय**
    - शा.अ. रा.प.तृ.(प्र./सा.प्र.) -२
    - क.अ. रा.प.अन. प्र. (विविध)-१
  - **जिन्सी**
    - शा.अ. रा.प.तृ.(प्र./सा.प्र.) -१
    - ना.सु.रा.प.अन.प्र.(प्र./सा.प्र.) -१
  - **आर्थिक प्रशासन शाखा**
    - ले.अ. रा.प.तृ.(प्र./ले.) -१
    - लेखापाल (रा.प.अ.प्र. (प्र./ले.)-२
- **राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा** — निर्देशक, रा.प.द्वि.(प्र.सा.प्र.) -१
  - **परिचय-पत्र**
    - शा.अ. रा.प.तृ.(प्र./सा.प्र.) -१
    - ना.सु. रा.प.अनं.प्र. (प्र./सा.प्र.) -१
    - क.अ. रा.प.अन. प्र. (विविध)-१
- **पञ्जीकरण शाखा** — निर्देशक, रा.प.द्वि.(प्र.सा.प्र.) -१
  - **पञ्जिकरण**
    - शा.अ. रा.प.तृ.(प्र./सा.प्र.)-१
    - ना.सु. रा.प.अनं.प्र. (प्र./सा.प्र.) -१
    - क.अ. रा.प.अन. प्र. (विविध)-१
- **सामाजिक सुरक्षा शाखा** — निर्देशक, रा.प.द्वि.(प्र.सा.प्र.) -१
  - **सामाजिक सुरक्षा**
    - शा.अ. रा.प.तृ.(प्र./सा.प्र.)-१
    - ना.सु. रा.प.अनं.प्र. (प्र./सा.प्र.) -१
    - क.अ. रा.प.अन. प्र. (विविध)-१
- **सूचना प्रविधि शाखा** — सू.प्र.नि.रा.प.द्वि.(विविध) -१
  - **प्रणाली विकास, प्रशोधन तथा छपाइ**
    - क.इन्जि.रा.प.तृ.(विविध)-२
    - क.अधिकृत रा.प.अन.तृ.(विविध)-१
    - क.अ.रा.प.अनं.प्र.(विविध)-१
    - क.टे.रा.प.अं.प्र.(विविध)(करार)-८
  - **विद्युतिय सेवा समन्वय**
    - क.इन्जि.रा.प.तृ.(विविध)-१
    - त.अ. रा.प.अन.तृ.(विविध)-१
    - क.अ.रा.प.अनं.प्र.(विविध)-१
    - क.टे.रा.प.अं.प्र.(विविध)(करार)-८

# आर्थिक वर्ष २०७५/०७६ को प्रगति

## २.१ गृह मन्त्रालय

### मुख्य उपलब्धिहरू

- विध्वंसात्मक गतिविधि न्यूनीकरण गरिएको ।
- विखण्डनकारी क्रियाकलाप गर्ने कथित स्वतन्त्र मधेश गठबन्धनलाई राजनीतिक मूलधारमा ल्याउन सहयोगी भूमिका निर्वाह गरेको ।
- आन्तरिक सुरक्षा व्यवस्थासम्बन्धी कार्यकारी आदेश जारी गरी केन्द्र र प्रदेशबीच सुरक्षा समन्वयको व्यवस्था मिलाइएको ।
- लामो समयदेखि रोकिएका विकास आयोजनाहरु सम्पन्न गर्न सहजीकरण गरिएको ।




- सुन तस्करीको आपराधिक सञ्जाल तोडिएको ।
- समुदाय-प्रहरी साझेदारी अवधारणा कार्यान्वयनमा ल्याई शान्ति सुरक्षा र अपराध नियन्त्रण कार्यमा समुदायको सहभागिता सुनिश्चित गरिएको ।
- सुरक्षा प्रयोजन बाहेकका मापदण्ड विपरीत खटिएका सुरक्षाकर्मी फिर्ता गराई शान्ति सुरक्षाको Core कार्यमा परिचालित गरिएको ।
- राजमार्ग (सडक) मा हुने अवरोध तत्काल हटाई सुचारु गर्ने व्यवस्था मिलाइएको ।
- सार्वजनिक यातायात क्षेत्रमा रहेको सिण्डिकेटको अन्त्य गरिएको ।
- कारागार भित्रैबाट समाजमा आपराधिक गतिविधिहरु सञ्चालन गर्ने कैदी उपर प्रभावकारी नियन्त्रण कायम गरिएको ।
- कारागारको आन्तरिक व्यवस्थापनलाई अझ चुस्त र प्रभावकारी बनाउन एक/एक वर्षमा चौकीदार, नाइके, सहनाइकेमा काम गरी सकेकाहरुलाई उनीहरुको कामको मूल्यांकन गरी परिवर्तन गर्ने नीति लिइएको ।
- विपदपछिको खोज तथा उद्धारका लागि हरेक जिल्लामा शीघ्र परिचालन टोली अद्यावधिक राखी २४ घण्टाभित्र खोज तथा उद्धार कार्य सम्पन्न गरिएको ।
- विपद्को घटना घटेको ७२ घण्टाभित्र राहत उपलब्ध गराइएको ।

- प्रहरी तथा निजामती कर्मचारी प्रशासनलाई व्यवसायिक कार्य वातावरण प्रदान गरिएको ।
- विभिन्न २७ वटा कानून तर्जुमा गरिएको साथै विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, रणनीतिक कार्ययोजना लगायतका विभिन्न कार्यविधि र मापदण्डहरु निर्माण गरिएको ।
- राष्ट्रिय परिचय-पत्र व्यवस्थापनसम्बन्धी रणनीतिक योजना तर्जुमा गरी लागू गरिएको ।
- नेपाल प्रहरीका ३० एकाइहरु थप गरी ७५३ वटै स्थानीय तहमा विस्तार गरी शान्ति सुरक्षाको व्यवस्था मिलाइएको ।
- सशस्त्र प्रहरी बल, नेपालका १६ वटा एकाइहरु थप गरी हाल ७७ वटै जिल्लामा पुऱ्याई मुलुकको शान्ति सुव्यवस्थालाई थप सुदृढ र प्रभावकारी तुल्याइएको ।
- सीमा क्षेत्रको सुरक्षा व्यवस्था थप प्रभावकारी तुल्याउन गत वर्ष ८७ स्थानमा बोर्डर आउट पोष्ट स्थापना भएकोमा थप २० स्थानमा वृद्धि गरी १०७ स्थानमा बोर्डर आउट पोष्ट स्थापना गरी सञ्चालनमा ल्याइएको ।
- सिंहदरबार सुरक्षाको गुरुयोजना तयार गरी लागू भएको ।
- हाम्रो एकदिन कार्यक्रम अन्तर्गत प्रहरीको भौतिक उपस्थितिको दर १३.२५ प्रतिशतले वृद्धि गरिएको ।
- विभिन्न अपराधमा अदालतले सजाय फैसला गरी लामो समयदेखि फरार ११०४ जनालाई पक्राउ गरी फैसला कार्यान्वयन गरिएको ।
- अपराध अनुसन्धानको लागि दुईवटा प्रदेशमा डिजिटल फोरेन्सिक ल्याब स्थापना भएको ।
- दर्ता तथा नवीकरण नभएका अवैध हातहतियारहरुलाई सार्वजनिक सूचना जारी गरी नजिकको स्थानीय प्रहरी इकाइहरुमा बुझाउन लगाइएकोमा विभिन्न जिल्लाहरुबाट ६७८ थान अवैध हातहतियार सङ्कलन गरिएको ।
- लागुऔषधको अवैध ओसार पसार नियन्त्रणको क्रममा ३०१२ जना व्यक्तिहरुलाई पक्राउ र १८२६ वटा मुद्दा दर्ता गरी आवश्यक कानूनी कारबाहीको प्रक्रिया अघि बढाइएको । करीब ६८५३.२४ के.जी. विभिन्न किसिमका लागुऔषधहरु बरामद गरिएको ।
- साइवर अपराध तथा मानव बेचबिखन सम्बन्धि अनुसन्धान गर्ने छुट्टै ब्यूरो स्थापना गरी सञ्चालनमा ल्याइएको ।
- विभिन्न ८ वटा जिल्ला प्रशासन कार्यालयहरुलाई नमूना सेवा प्रदायक कार्यालयको रुपमा विकास गरिएको ।
- सबै प्रमुख जिल्ला अधिकारीसँग कार्यसम्पादन करार सम्झौता गरिएको ।
- ४२ जिल्ला प्रशासन कार्यालयमा डिजिटल नागरिक बडापत्र सबै जिल्लामा E-Attendance प्रणाली र १० वटा जिल्लामा मोबाइल एप्स मार्फत सेवा प्रदान गरिएको ।
- नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग अन्तर्गतका सुरक्षाकर्मीहरुको अवरुद्ध बढुवा र सरुवा नियमित गरिएको । नेपाल प्रहरीतर्फ २०७४।१।१

देखि २०७४।१२।३० सम्म २५४४ जनाको बढुवा तथा पदस्थापन गरिएकोमा २०७५।१।१ देखि २०७६।३।३१ सम्म ९६११ जनाको बढुवा तथा पदस्थापन गरिएको ।

- सशस्त्र प्रहरी बल, नेपाल तर्फ गत आ.व. २०७४/७५ मा ४०९ जनाको बढुवा गरिएकोमा यस आ. व. मा ९५६१ जना सशस्त्र प्रहरी कर्मचारीको बढुवा गरिएको ।
- राष्ट्रिय अनुसन्धान विभागका ३७७ जना कर्मचारीको बढुवा गरिएको ।
- प्रहरी आचरण र व्यवहारका सम्बन्धमा २३९२ पटक अनुगमन गरिएको, ९७८६ जना प्रहरी कर्मचारीलाई विभागीय कारवाही र १९६५३ जनालाई पुरस्कृत गरिएको ।
- सशस्त्र प्रहरी बल, नेपाल तर्फ आचरण विपरित कार्यगर्ने विभिन्न दर्जाका ३२३ जनालाई कारवाही गरएको ।
- हेलिकप्टरबाट ६४ वटा आपतकालीन उद्धार उडान व्यवस्था गरी १८ जना सुत्केरी र गर्भवती सहित १२७ जनाको उद्धार गरिएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त ९३ वटा उजुरी मध्ये ५४ वटा लगत कट्टाका लागि लेखी पठाइएकोमा २९ वटा लगत कट्टा भई फर्छ्यौट भएको अन्य २५ वटा कट्टाको प्रक्रियामा रहेको र २७ वटा स्थानीय तहसँग सम्बन्धित भएकाले स्थानीय तहसँग समन्वय गरी फर्छ्यौट गर्न लेखी पठाएको । बाँकी १२ वटाको बुझ्ने कार्य भैरहेको ।
- मन्त्रालय र मातहत निकायमा रहेको कूल बेरुजुको ७३ प्रतिशत यस वर्ष फर्छ्यौट गरिएको ।
- सार्वजनिक एवं सरकारी जमीनको अतिक्रमण उपर छानवीन गराई कानूनी कार्यवाहीको दायरामा ल्याइएको ।
- नेपाल आयल निगमको स्वामित्वमा रहेको टेकुस्थित ९ रोपनी जग्गा नेपाल प्रहरी, महानगरीय अपराध महाशाखाको नाममा रजिष्ट्रेशन पास भएको ।
- लामो समयदेखि थाती रहेको नेपाल खाद्य संस्थानको स्वामित्वमा रहेको १५ रोपनी जग्गा महानगरीय प्रहरी परिसर, काठमाडौंको नाममा रजिष्ट्रेसन पास गरिएको ।
- समरजंग कम्पनीको नयाँ भवन नेपाल प्रहरीको साइवर र महिला बालबालिका सेललाई उपयो ग गर्न प्रदान गरिएको ।
- अध्यागमन कार्यालय बेलहिया रुपन्देहीलाई प्लान्ट क्वारेन्टाइनको जग्गामा भौतिक पूर्वाधार निर्माण गर्ने स्वीकृति लिइएको ।
- महानगरीय प्रहरी प्रभाग कमलपोखरीलाई शिक्षाको लागि खाद्य कार्यक्रम परियोजनाको भवन र परिसर उपलब्ध गराइएको ।
- ८२ थान चारपाङ्गे र ४ थान दुई पाङ्गे सवारी साधनहरु स्थानीय तह र विभिन्न मन्त्रालय निकायहरुलाई हस्तान्तरण गरिएको साथै पुराना सवारी साधनहरु लिलामी गर्नुपर्ने अवस्था नरहेको ।
- गृह मन्त्रालय र मातहतका निकायहरुमा दुई पाङ्गे ५०२ थान, चार पाङ्गे २२५ थान खरिद गरिएको ।

- सीमा व्यवस्थापन सम्बन्धमा हाल प्रचलनमा रहेको आईएमएमआई (IMMI) सफ्टवेरको विकल्पमा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुने गरी नेपाली पोर्ट नामको सफ्टवेयर निर्माणको कार्य अन्तिम चरणमा रहेको ।

- अध्यागमन विभागबाट प्रदान गरिने पर्यटक र गैरपर्यटक भिसा वितरण सेवालाई बिद्युतीय टोकन प्रणालीबाट प्रदान गर्न थालिएको । क्रमशः ई-भीसा प्रणाली लागू गर्ने सम्बन्धमा गृहकार्य भैरहेको ।

- ई.सं. २०१९ जनवरी १ बाट लागू हुनेगरी नेपाल र संयुक्त राज्य अमेरिकाबीच भिसा पारस्पारिकता कायम भएको ।

- यस वर्ष थप तीन स्थान हुम्लाको हिल्सा, इलामको पशुपतिनगर र मोरङको विराटनगरमा अध्यागमन कार्यालय स्थापना गरिएको ।

- नुवाकोट जिल्लाको त्रिशुलीमा करीब ५३९ रोपनी क्षेत्रफलमा ७००० कैदी बन्दी क्षमता भएको केन्द्रीय कारागार बनाउने लक्ष्य अनुसार १५०० क्षमताका ४ वटा पुरुष ब्लक र १००० क्षमताको १ वटा महिला ब्लक बनाउने गरी गुरुयोजना तयार भएकोमा हाल १५०० क्षमताको १ वटा पुरुष ब्लकको निर्माण कार्य अन्तिम चरणमा रहेको ।

- केन्द्रीय कारागार अस्पताल १५ शैयाबाट ३० शैयामा स्तरोन्नति गरिएको । नख्खुमा १५ शैयाको मानसिक अस्पताल भवन निर्माण सम्पन्न भएको ।

- कैदी बन्दीहरुको सिदा रु. ४५ बाट वृद्धि गरी रु. ६० र नावालकलाई रु. १० बाट रु. ३५ पुऱ्याइएको ।

- सबै कारागारमा सि.सि.टि.भी. जडान कार्य सम्पन्न भएको, ९ वटा कारागारमा सम्बन्धित कारागार र अदालतबीच भिडियो कन्फरेन्सिङ प्रणाली स्थापना भई संचालनको क्रममा रहेको ।

- मन्त्रालयमा विभिन्न माध्यमबाट गुनासो वा समस्या लिई आउने ५०९७ जना व्यक्तिहरुको प्राप्त गुनासोमध्ये २८६४ जनाको गुनासो सुनुवाई गरी समस्या समाधानको पहल गरिएको साथै २२३३ गुनासाहरु समस्या सामाधानको प्रक्रियामा रहेको ।

- नेपाल विपद् प्रतिवेदन, २०१९ प्रकाशन गरिएको ।

- विपद् व्यवस्थापन सूचना प्रणाली (DIMS) को विकास गरी विपद्सम्बन्धी विस्तृत तथा एकीकृत सूचना व्यवस्थापन कार्यको थालनी भएको । यसका लागि काठमाण्डौ उपत्यकाका पालिकाहरुसँग अभिमुखीकरण तथा परामर्श कार्यक्रम गरिएको ।

- म्याग्दी, भोजपुर र तेह्रथुम जिल्लामा जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गरिएको ।

- अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको मानव विशेष गरी महिला तथा बालबालिकाहरुको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने

परिपूरक उपलेख २००० (Palermo Protocol) मा नेपालले सम्मिलन गर्ने र सम्मिलन पश्चात् नेपाललाई सृजना हुने थप दायित्वहरुको कार्यान्वयन गर्दै जाने प्रयोजनको लागि कार्यान्वयन कार्ययोजना तयार गरी संघीय संसदमा पेश गरिएको ।

- Convention Against Torture (CAT) सम्बन्धी तेस्रो, चौथो, पाँचौ, छैठौं र सातौ आवधिक प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसंघमा पठाउने प्रयोजनको लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको ।
- विगतदेखि तय भई थाति रहेका शान्ति सुरक्षा, अपराध नियन्त्रण र विपद् व्यवस्थापन एवं द्विपक्षीय सुरक्षा सम्बन्ध, ७ वटा अन्तरराष्ट्रिय बैठक र सम्मेलन आयोजना गरिएको ।
- Asian Disaster Preparedness Center Regional Consultative Committee को बैठक १८ देशका उच्चस्तरीय प्रतिनिधि मण्डलको सहभागिता रहेको कार्यक्रम काठमाडौंमा आयोजना गरी सफलतापूर्वक सम्पन्न गरिएको ।
- संयुक्त राष्ट्र संघको लागुऔषध कमिशनमा नेपाल सदस्यको रुपमा निर्वाचित भएको ।

## अन्तर्राष्ट्रिय सूचकहरूमा भएको प्रगति :

**नेपालको शान्ति सुरक्षाको अवस्था विभिन्न प्रतिवेदन अनुसार सुधारोन्मुख अवस्थामा रहेको छ ।**

- Global Peace Index 2019, को प्रतिवेदन अनुसार विश्वका १६३ वटा देशमध्ये नेपाल सन् २०१८ मा ८८औं बाट सन् २०१९ मा ७६औं स्थानमा स्तरोन्नति भएको ।

  http://visionofhumanity.org/app/uploads/2019/07/GPI-2019web.pdf
- Rule of Law Index 2019, को प्रतिवेदन अनुसार विश्वका १२६ वटा देशमध्ये नेपाल सन् २०१८ मा ६१औं बाट सन् २०१९ मा ५९औं स्थानमा स्तरोन्नति भएको ।

  https://worldjusticeproject.org/sites/default/files/documents/WJP-ROLI-2019-Single%20page%20View-Reduced.pdf
- World Internal Security Police Index, प्रतिवेदनको अध्ययन अनुसार विश्वका १२७ वटा देश मध्ये नेपाल ७०औं स्थानमा रहेको ।

  http://ipsa-police.org/images/uploaded/Pdf%20file/WISPI%20Report.pdf

# गृह प्रशासन सुधार कार्ययोजनामा भएको प्रगति



## नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजनाको माइलस्टोनहरूमा हासिल प्रगति

### आ. व. २०७५/७६ को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन कार्ययोजनामा समेटिएका क्रियाकलापहरू

- शान्ति सुरक्षा र अपराध नियन्त्रण -२० वटा
- शासकीय प्रणाली र सेवा प्रवाहमा सुधार - ७ वटा
- सामाजिक रुपान्तरण र सुधार - ४ वटा

### आ.व. २०७५/७६ को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन कार्ययोजनामा समेटिएका माइलस्टोनहरूमा हासिल प्रगति




| | |
|---|---|
| ६५ | कार्यान्वयन सम्पन्न भएका |
| २२ | कार्यान्वयनमा रहेका |
| 2 | कार्यान्वयन हुन नसकेका |

## आ.व.२०७५/७६ को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन कार्ययोजनामा समेटिएका क्रियाकलापहरूमा हासिल प्रगति




## प्रमुख क्रियाकलाप र माइलस्टोन्सको कार्यान्वयन प्रगति

| माइलस्टोन्स | कार्य सम्पन्न | कार्यान्वयन भइरहेको | कार्यान्वयन हुन बाँकी |
|---|---|---|---|
| ८९ | ६५ | २२ | २ |
| प्रगति प्रतिशत | ७३.५ | २५.५ | २.५ |

## वार्षिक बजेट विनियोजनको प्रगति विवरण

### गृह मन्त्रालय, चालू र पूँजिगत खर्च प्रतिशत

| जम्मा बजेट | | खर्च | | प्रगती प्रतिशत | |
|---|---|---|---|---|---|
| चालू | पूँजीगत | चालू | पूँजिगत | चालू | पूँजिगत |
| ४९२६२८६२ | ८६२५०२९ | ४७७३४४५९ | ७५२१४५५ | ९६.९० | ८७.२० |

### चालू र पूँजिगत खर्च प्रतिशत गृह मन्त्रालय र अन्तरगतका निकायहरु




### बेरूजु र गुनासो फर्छ्यौट प्रगति

| | |
|---|---|
| गुनासो फछ्र्यौट प्रतिशत | ६८% |
| बेरुजु फछ्र्यौट प्रतिशत | ७३.५६% |

○○○

## २.२ नेपाल प्रहरी

### आ.व. ०७५/०७६ को वित्तीय, भौतिक तथा अन्य प्रगति सहितको संक्षिप्त विवरण

### १. वित्तीय प्रगति

आ.व. २०७५/७६ मा नेपाल प्रहरीलाई चालू खर्चतर्फ उनन्तीस अर्ब, छपन्न करोड, अठ्चालीस लाख, अड्चालीस हजार र पूँजिगततर्फ पाँच अर्ब, अठासी करोड, आठ लाख, उन्नाईस हजार गरी जम्मा पैंतीस अर्ब, चवालीस करोड, छपन्न लाख, सतसठ्ठी हजार विनियोजन भएकोमा चालूतर्फ ९९.९६% र पूँजिगततर्फ ९६.२५% गरी समग्रमा ९९.३१% वित्तीय प्रगति भएको । नियमित बजेट अन्तर्गत भवन निर्माण शीर्षकमा शुरु विनियोजित बजेटको तुलनामा (आर्थिक वर्ष बीचमा भवन निर्माणको कार्य प्रगतिबमोजिम थप रकम रु.६१,३३,२०,०००। प्राप्त भई कूल विनियोजन रु.१,१९,९५,२०,०००। भएको) २०८% वित्तीय प्रगति भएको । आ.व. २०७५/७६ को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन कार्ययोजना एवं गृह प्रशासन सुधार कार्ययोजना, २०७४ ले निर्धारण गरे बमोजिम लक्ष्य प्राप्त गरेको । आर्थिक सुशासन अन्तर्गत आ.व. ०७४/७५ सम्म कायम भएको बेरुजु रु.६१,१३,८९,०००। मध्ये रु.५४,१०,७४,५६८ रूपैया ८३ पैसा (८८.५%) बेरुजु फर्छ्यौट गरिएको जुन अघिल्लो आ.व. मा भन्दा ३.३६% ले वृद्धि भएको साथै महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण हुँदा बेरुजु शून्य पार्ने लक्ष्य समेत निर्धारण गरिएको ।

| सि. नं. | कार्यालयको नाम | चालू विनियोजन | पूँजिगत विनियोजन | कूल विनियोजन | चालू खर्च | पूँजिगत खर्च | कूल खर्च | वित्तीय प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रहरी प्रधान कार्यालय | २९,९०,१२२.०० | २२,८०,३५१.०० | ५२,७०,४७३.०० | २८,७३,२८६.०० | २१,६९,५७०.०० | ५०,४२,८५६.०० | ९५.६८ |
| २. | नेपाल प्रहरी अस्पताल | ४,३२,०७०.०० | १,८१,५८५.०० | ६,१३,६५५.०० | ४,२३,०६२.०० | १,८१,५८५.०० | ६,०४,६४७.०० | ९८.५३ |
| ३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ५,५६,१९१.०० | ८०,९७७.०० | ६,३७,१६८.०० | ५,५१,०४३.०० | ८०,९७८.०० | ६,३२,०२१.०० | ९९.१९ |
| ४ | प्रदेश प्रहरी कार्यालय | ४५,४८,३५०.०० | १,९३,९२२.०० | ४७,४२,२७२.०० | ४४,२६,७७४.०० | १,९३,०१८.०० | ४६,१९,७९२.०० | ९७.४२ |
| ५. | जिल्ला प्रहरी कार्यालय | १,६५,८६,५५१.०० | ८,१४,९०८.०० | १,७४,०१,४५९.०० | १,६७,९२,२३६.०० | ८,०५,९८३.०० | १,७५,९८,२१९.०० | १०१.१३ |
| ६ | महानगरीय प्रहरी कार्यालय | ४४,२६,२६४.०० | २२,३७,५७६.०० | ६६,६३,८४०.०० | ४४,६२,०९५.०० | २१,४८,३५५.०० | ६६,१०,४५०.०० | ९९.२० |
| ७ | महिला तथा बालबालिका सेवा केन्द्र | १३,९००.०० | २१,५००.०० | ३५,४००.०० | ११,८९१.०० | ( | ११,८९१.०० | ३३.५९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ११,४००.०० | ७०,०००.०० | ८१,४००.०० | ११,१८१.०० | ८१,०४५.०० | ८१,०४५.०० | ९९.५६ |
| जम्मा | | २,९५,६४,८४८ | ५८,८०,८१९ | ३,५४,४५,६६७ | २,९५,५१,५६८ | ५६,६०,५३४ | ३,५२,००,९२१ | ९९.३१ |

## २) अन्य प्रगति

- नेपाल प्रहरीको नियमिततर्फ विनियोजन भएको बजेटबाट ३७ वटा भवनहरुको निर्माण कार्य सम्पन्न भएको ।
- पुनःनिर्माण तर्फ ७२ वटा भवनहरुको निर्माण कार्य सम्पन्न भएको ।
- ४८९ वटा प्रहरी इकाइहरुमा शौचालय निर्माण कार्य सम्पन्न भएको ।
- प्रविधिको प्रयोग गरी अपराध अनुसन्धान,नियन्त्रण र शान्ति सुरक्षा कायम गर्नका लागि १६५ स्थानमा २७८० वटा CCTV जडान कार्य सम्पन्न गरी प्रयोगमा ल्याईएको ।
- समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ७५३ वटै स्थानीय निकायसँग समझदारी पत्रमा हस्ताक्षर गरी विभिन्न २१७१९ समिति गठन भई कूल २,८८,३४२ वटा जन चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएको ।
- महानगरीय प्रहरी परिसर काठमाण्डौ, महानगरीय प्रहरी अपराध महाशाखा, महानगरीय प्रहरी बृत्त लैनचौर, जिल्ला प्रहरी कार्यालय रोल्पा, गोर्खा र चितवन मातहत प्रहरी चौकीका लागि जग्गा प्राप्ति कार्य सम्पन्न भएको ।
- केन्द्रीय साईवर ब्युरो र मानव बेचबिखन नियन्त्रण ब्यूरो स्थापना भई कार्य प्रारम्भ भएको ।
- १ नं. र ५ नं. प्रदेशमा Digital Forensic Lab को शाखा स्थापना भई भौतिक पूर्वाधार निर्माण कार्य भएको ।
- प्रदेशस्तरीय विपद् व्यवस्थापन कार्यदल स्थापना भई प्राकृतिक एवम् कृतिम विपद् व्यवस्थापन कार्यमा दक्ष जनशक्तिको परिचालन भइरहेको ।
- नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीहरूको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमको पहिचान गरी आ.व. २०७५/०७६ को स्वीकृत तालिम क्यालेन्डर अनुसार कूल ४९,४६४ प्रहरी कर्मचारीहरुलाई विभिन्न समूहको तालिम प्रदान गरिएको ।
- चालकहरुलाई थकानबाट मुक्त गराउनको लागि पूर्व-पश्चिम राजमार्गका ३२ स्थानहरुमा चालक रि-फ्रेस सेन्टर संचालन गरिएको ।
- नेपाल प्रहरीमा १०५२ जना नयाँ नियुक्ति तथा पदस्थापना, नेपाल प्रहरीको सरुवा मापदण्ड २०६९ लाई अवलम्बन गरी नियमित रुपमा ९६२७ जना प्रहरी कर्मचारीहरुको सरूवा तथा पदस्थापना, ५८८३ जना प्रहरी कर्मचारीहरूको बढुवा गरिएको ।

- भीड नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण खरीद गर्ने उद्देश्य अनुरुप २ वटा Water Cannon खरीद कार्य सम्पन्न भएको ।
- कारकेड मो.सा. ३० थान, चारपांग्रे गाडी १४९ थान, वाटर केनन २ थान, गस्ती पेट्रोलिङको लागि मो.सा. ३४० थान खरीद गरिएको तथा ८७ थान सवारी साधन लिलाम गरी रु. ८५,३१,१००। राजस्व सङ्कलन भएको ।
- ट्राफिक प्रहरीहरूका लागि जोखिम तथा कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ताको लागि बजेट व्यवस्थापन गरिएको ।

**३)** **CAP (Crime Action Plan)** अनुसार त्रिवर्षीय योजना बमोजिम चालू खर्चतर्फ रु. १,१४,००,०००। र पूँजिगत खर्चतर्फ रु. ७,००,००,०००। विनियोजन भएकोमा सोही लक्ष्य बमोजिम ९९.५६ प्रतिशत खर्च भई भौतिक तथा वित्तीय प्रगति भई अपराध अनुसन्धान तथा नियन्त्रणमा उल्लेखनीय प्रगति भएको । जसबाट अपराध अनुसन्धान समूहमा कार्यरत प्रहरी कर्मचारीहरूको कानूनी सीप ज्ञानमा वृद्धि भई मुलुकी अपराध संहितामा प्रशिक्षण पाई अपराध अनुसन्धानमा वस्तुनिष्ठ अपराध अनुसन्धानका कारण ७२.६८५ मुद्दा सफल रही फौजदारी न्याय प्रशासन पद्धतिमा उल्लेखनीय कार्य भएको ।

**४)** **महिला तथा बालबालिका सेवा केन्द्रको** सञ्चालनार्थ आ.व. २०७५/०७६ को प्राप्त बजेट रु. ३,५४,००,०००। मिति २०७५ भाद्र १८ (September 04, 2018) सम्ममा ३३.५९ प्रतिशत प्रगति भई कार्यक्रम समाप्त भएको तथा नेपाल प्रहरीको अन्य नियमित बजेटबाटै महिला तथा बालबालिका सेवा केन्द्रको संचालन गरी महिला हिंसा नियन्त्रणमा घरेलु हिंसा, मानव ओसार-पसार तथा बेचबिखनमा नियन्त्रण, जोखिममा परेकाहरूको उद्धार तथा बालबालिकाको खोजतलास एवं उद्धार समेतको कार्य भएको ।

**५)** **कार्य एवं अपराध अनुसन्धान**

**अपराध अनुसन्धान (आ.व.२०७५/०७६):**

- मुद्दा दर्ता संख्या: ४३०४७
- आ.व.२०७३/०७४ मुद्दा दर्ता: ३१४६२ र २०७४/०७५ मुद्दा दर्ता: ३९३१५ भएकोमा यस वर्ष अघिल्लो आ.व.को तुलनामा मुद्दा दर्ता संख्यामा ९.४९% ले वृद्धि भएको देखियो ।
- शीर्षकगत रुपमा मुद्धा दर्ता तुलना गर्दा सबैभन्दा बढी सामाजिक अपराध (११,१८६) शीर्षक अन्तर्गत घटनाहरु बढी भएको पाईयो र प्रदेशगत रुपमा अध्ययन गर्दा काठमाण्डौं उपत्यकामा सबैभन्दा बढी १०,४०७ मुद्दा दर्ता भएको पाईयो ।
- मिसिलको बिद्युत्तीय अभिलेखिकरण (Case file Digitization) को योजना अनुरुप ७३ वटा प्रहरी कार्यालयहरुमा Software संचालनमा ल्याईसकिएको र हाल सम्म ३६२८४ वटा मिसिलहरु Upload भइसकेको ।
- नेपाल प्रहरीका विशिष्टकृत ईकाइहरु मानब बेचबिखन अनुसन्धान ब्युरो र साईबर ब्युरो स्थापना भई कार्यन्वयनमा आएको ।
- यस आ.व. २०७५/०७६ को जेठ मसान्तसम्मको फैसला कार्यान्वयनको अवस्था:- कूल

पक्राउ २,३६२ जनाबाट २,३०२ वर्ष, २ महिना, २२ दिन कैद, र रु.३९,३७,३४,०२८।- जरिवाना असुल उपर भएको ।

- अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो प्रादेशिक सम्मेलन मिति २०७६ जेठ १० र ११ गते जनकपुर, ऐ. १७ र १८ गते धनगढी र ऐ. ३१ र ३२ गते काठमाण्डौमा सम्पन्न गरिएको ।
- लैङ्गिक हिंसा नियन्त्रण गर्नको लागि लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समिति गठन तथा कार्यसञ्चालन विधि, २०७५ अनुसार जेष्ठ महिनासम्म स्थानीयस्तरमा जिल्लास्तरीय ७६ वटा (जिल्ला मनाङ बाहेक), महानगरपालिका ४, उप-महानगरपालिका-८, नगरपालिका -२१५, गाँउपालिका -३१०,वडास्तरीय -३६६५ गरी जम्मा ४२७८ वटा लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समिति गठन गरिएको ।
- क्षेत्रीय प्रहरी विधि-विज्ञान प्रयोगशाला, धरानको एकतल्ले नवनिर्मित भवन र क्षेत्रीय प्रहरी विधि-विज्ञान प्रयोगशाला नेपालगञ्जको एकतल्ले नवनिर्मित भवन सम्पन्न भई संचालनमा आएको ।
- केनाईन भेईकल र फरेन्सिक मोबाईल भ्यान सेवा संचालनमा ल्याईएको ।
- अपराध अनुसन्धानका लागि विशेष अनुसन्धान ब्युरो, केन्द्रीय अनुसन्धान ब्युरो, लागुऔषध नियन्त्रण ब्युरोका स्याटेलाईट युनिटहरु सबै संघीय प्रहरी ईकाई कार्यालयहरुमा स्थापना गरिएको ।
- विभिन्न सीमा नाकाहरुबाट प्रभावित जम्मा महिला १६०४, बालक २१३ र बालिका ५२७ उद्धार गरिएको ।

६) **अन्य** :

- राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय मातहत महानगरीय ट्राफिक प्रहरी महाशाखा, प्रहरी ट्राफिक कार्यालय सात समेतका मुख्य एवं सहायक राजमार्गहरुमा सवारी चेकजाँच गर्दा चालू आ.व.को जेष्ठ मसान्तसम्ममा जम्मा १५४५०८८ सवारी साधनहरुलाई कारवाही गरी रु. ९९,१९,०८,१००।-, राजस्व सङ्कलन भई बैंक दखिला गरिएको ।
- प्रहरी प्रधान कार्यालयमा मिति २०७५।१२।१४ गते, सडक दुर्घटना सूचना व्यवस्थापन प्रणाली (Road Accident Information Management System) को जडान भएको ।
- मिति २०७५।०५।०४ गतेदेखि ऐ. ११ गतेसम्म काठमाण्डौमा 21 st Annual Meeting of Asia Pacific Group on Money Laundering (APG) कार्यक्रम, मिति २०७५।०५।१४ गतेदेखि १५ गतेसम्म 4th BIMSTEC Summit र मिति २०७५।१२।१५ र १६ गते काठमाण्डौको होटल सोल्टी, कालिमाटीमा लगानी सम्मेलन शान्तपूर्ण वातावरणमा सम्पन्न भएको ।
- काठमाण्डौ उपत्यका लगायत विभिन्न स्थानहरुमा २६४१ सि.सि.टि.भि. क्यामेराहरु थप जडान संचालन र Monitoring भईरहेको ।

- काठमाण्डौको नागढुङ्गा, प्रदेश नं. १ अन्तर्गत ४, प्रदेश नं. २ अन्तर्गत ४, प्रदेश नं. ३ अन्तर्गत १, गण्डकी प्रदेश अन्तर्गत १, प्रदेश नं. ५ अन्तर्गत ४, कर्णाली प्रदेश अन्तर्गत १ र सुदूरपश्चिम प्रदेश अन्तर्गत २ स्थान गरी हालसम्म १८ स्थानहरुमा Traffic Communication App संचालन भई नियमित सवारी साधन तथा चालकको चेक जाँच कार्य भईरहेको ।

**७) सांगठनिक विकासका कार्यहरू (आ.व.२०७५/०७६):**

- नेपाल प्रहरीको प्राविधिक जनशक्तिलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्नको लागि "नेपाल प्रहरी सूचना प्रविधि अपरेटर समूह निर्देशिका २०७५" तयार गरी लागू गरिएको ।
- प्रहरी सेवा प्रवाहको अवस्था, चुनौति र समाधानका उपाय सम्बन्धी अध्ययन प्रस्ताव-२०७५ तयार गरिएको ।
- नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीका परिवारहरू र अवकाश प्राप्त प्रहरी कर्मचारी तथा परिवारहरूको स्वास्थ्य उपचारसम्बन्धी कार्यविधि-२०७६ तयार पारिएको ।
- नेपाल प्रहरीका विभिन्न प्रहरी इकाई विशेषका लागि आवश्यक हातहतियार, गोलीगट्ठा तथा असबाबका सामानहरूको संख्या निर्धारण तथा व्यवस्थापन योजनासम्बन्धी प्रतिवेदन तयार गरिएको ।
- नेपाल प्रहरी अस्पतालमा कार्यरत प्रहरी कर्मचारीहरुको समायोजना सम्बन्धी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७६ तयार गरिएको । हाल कार्यान्वयनमा रहेको सांगठनिक १० बुँदे प्राथमिकताहरुको कार्ययोजना तयार गरी मातहत प्रहरी इकाईहरुबाट हालसम्म भए गरेका कार्यहरुको प्रगति विवरण तयार गरिएको ।
- नेपाल सरकारको "एक प्रहरी चौकी एक सवारी साधन" नीतिद्वारा खरीद गरिएका ३२० वटा मोटरसाइकल निर्धारित मापदण्ड अनुसार वितरण गरिएको ।
- "गृह प्रशासन सुधार कार्ययोजना २०७४", आ.व.२०७५/०७६ को नीति कार्यक्रम तथा बजेट कार्यक्रम कार्यन्वयन योजना, आ.व.२०७५/०७६ को बजेट वक्तव्य, लैंगिक हिंसासम्बन्धी संकल्प प्रस्ताव कार्यान्वयन कार्ययोजना लगायतका महत्वपूर्ण कार्ययोजनाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी सोको प्रगति विवरण नियमित रुपमा पठाइएको ।
- नेपाल प्रहरी अन्तर्गत नयाँ स्थापना गर्नुपर्ने इकाइहरु, तथा स्तरवृद्धि गर्नुपर्ने प्रहरी इकाईहरु लगायत आवश्यक जनशक्तिको विस्तृत अध्ययन विश्लेषण गरी योजना पेश गर्ने कार्य अन्तिम चरणमा रहेको ।
- Department for International Development (DFID) को सहयोगमा नेपाल प्रहरीको लागि संचालित Modernization and Improvement of Policing Project (MIPP) कार्यक्रमले Capacity Development अन्तर्गत Operation & Maintenance, Training & Development, Capacity in Forensic Investigation अन्तर्गत ३४ वटा

AFIS (Automated Finger Print Identification system जडान, Performance Management System (PMS) को सम्बन्धमा विस्तृत अध्ययन तथा सुझाब प्राप्त र Infrastructure Development अन्तर्गत विभिन्न जिल्लाहरुमा २४ वटा भवन निर्माण सम्पन्न भई हस्तान्तरण एवं ३० वटा भवनहरु निर्माणाधीन अवस्थामा रहेको ।

- अमेरिकी दूतावासको सहयोगमा संचालित Command Center Networking project अन्तर्गत हालसम्म ९८ वटा प्रहरी इकाईहरुमा Intranet र Internet जडान भईसकेको ।
- प्रहरी संरचना तर्फ २ वटा नयाँ ब्युरो, ७ वटा प्रदेश प्रहरी कार्यालय, ७ वटा संघीय प्रहरी इकाइ स्थापना गरीएको ।
- ३० वटा नयाँ प्रहरी चौकीहरुको स्थापना गरी ७५३ वटा स्थानीय तहमा प्रहरी ईकाईहरु संस्थागत गरिएको ।

❍❍❍

## २.३ सशस्त्र प्रहरी बल, नेपाल

### आ.व. ०७५/७६ को वित्तीय, भौतिक तथा अन्य प्रगति सहितको संक्षिप्त विवरण

### १. प्रशासनिक कार्यहरू

#### (क) परिचालन

| | पुनर्संरचना पूर्वपरिचालन | पुनर्संरचना पश्चात्को परिचालन |
|---|---|---|
| कूल परिचालन | ५८ जिल्ला (४५ स्थायी र १३ जिल्लामा) | ७७ वटै जिल्ला |
| (६० स्थायी र १७ अस्थायी रुपमा) | | |
| वाहिनी | ५ | ८ (३ थप गरिएको) |
| शिक्षालय | ५ | ११ (६ प्रस्तावित समेत गरी) |
| गण | २७ | ३६ |
| गुल्म | ३८ | ५६ (गुल्मको जनशक्ति समान बनाईएको) |
| | | |
| बी.ओ.पी. | ८६ | १०८ (२२ थप) जसमा १ स्थापनाको क्रममा रहेको) |

- सीमा सुरक्षामा करीब ९ हजारको जनशक्ति रहेकोमा १५ हजार जनशक्ति परिचालन गरिएको ।
- बी.ओ.पी. स्थापना र कमाण्डरको परिचालनलाई सहज बनाईएको ।
- युनिट सरुवा प्रणालीलाई प्रभावकारी बनाउन पहल गरिएको ।

#### (ख) अन्य कर्मचारी प्रशासन सम्बन्धी कार्यहरू

| विवरण | भर्ना | भर्ना प्रकृयामा | सरुवा | बढुवा | समायोजन | पुरस्कार | सजाय |
|---|---|---|---|---|---|---|---|
| कर्मचारी संख्या | १७७९ | ३३२२ | ९९९१ | ९५१६ | ३३७३७ | ४६९ | ५५२ |

#### (ग) खेलकूद

- राष्ट्रिय खेलहरुमा १५६ स्वर्ण, १२४ रजत तथा १४३ कास्य र अन्तराष्ट्रिय खेलहरुमा ३५ स्वर्ण, १० रजत र ११ कास्य गरी जम्मा ४७९ वटा मेडलहरु प्राप्त गरेको ।

#### (घ) ए.पी.एफ. स्कूल

- नेपाल ए.पी.एफ. स्कुल हाल केन्द्रमा मात्र रहेकोमा प्रदेश नं. २ अन्तर्गतको सप्तरी जिल्लामा स्थापना हुने थप ए.पी.एफ. स्कूलको विधिवत् रुपमा शिलान्यास भई निर्माण कार्य सुरु भएको ।

## (ङ) नेपाल ए.पी.एफ. अस्पताल

- १,५२,१८६ जनालाई स्वास्थ सेवा उपलब्ध गराएको .

## (च) आर्थिक प्रशासनसम्बन्धी

| खर्च शीर्षक | निकासा रकम | खर्च रकम | बाँकी रकम | खर्च हुन बाँकी प्रतिशत | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| चालू खर्च | १५ अर्व ३० लाख ९७ हजार | १४ अर्व ५० करोड ९३ लाख ७६ हजार | ४९ करोड ३७ लाख २१ हजार | ३.२९ | ९७.७१% |
| पुँजीगत खर्च | १ अर्व ६ लाख ८६ हजार | ९८ करोड ४३ लाख ९० हजार | १ करोड ६२ लाख ९६ हजार | १.६३ | ९८.३७% |
| कूल जम्मा | १६ अर्व ३७ लाख ८३ हजार | १५ अर्व ४९ करोड ३७ लाख ६६ हजार | ५१ करोड १७ हजार | ३.१९ | ९६.८१% |

- ८९.९६ प्रतिशत बेरुजु फर्छ्यौट गरिएको ।

## (छ) भौतिक संरचना निर्माण र जग्गा प्राप्ति

- ११ वटा वी.ओ.पी.हरुको भवन ठेक्का प्याकेजहरुको खरीद सम्भौता भई निर्माण सुरु भएको ।
- २ वटा गुल्म-रामेछाप र डडेलधुरा, ९ बी.ओ.पी. मोरङ्ग ४, सुनसरी ४ र कञ्चनपुर १ गरी ११ स्थानमा जग्गा प्राप्त भएको ।
- १० बी.ओ.पी.को जग्गा प्राप्तिको प्रक्रियामा रहेको र ३ स्थानमा जग्गा अधिग्रहण गरिएको ।

## (ज) पुनर्निर्माण

- पुनर्निर्माणतर्फ रु. ४२,७२,००,०००।- बजेट विनियोजन भएकोमा रु. ४०,३६,२५,७७७.९५।- सम्भौता भएकोमा सम्पूर्ण कार्य सम्पन्न भईसकेको ।
- २८ वटा युनिटहरुमा क्षति पुऱ्याएकोमा हाल २५ वटा युनिटहरुको भवनको निर्माण सम्पन्न भईसकेको, २ वटा साइट क्लियरेन्सको काम सम्पन्न गरी हस्तान्तरणको क्रममा रहेको र १ वटा करीब ९५.५ प्रतिशत काम भईसकेको ।

## २. कार्य तथा सीमासम्बन्धी

### (क) कार्यसम्बन्धी

| दैनिक टोली संख्या | दैनिक परिचालित नफ्री | Long Range Patrol (LRP) तथा Force March |
|---|---|---|
| Immediate Response Team (IRT), चेकप्वाईन्ट, पिकेट, गस्ती) | दैनिक परिचालित नफ्री | Long Range Patrol (LRP)तथा Force March |
| १८३४ | १३,७४५ जना | ७०२ (१३,८०३ जना परिचालित भएको) |

**बरामद**

| हतियार | राउण्ड | म्यागिजन | बारुद | डेटोनेटर | जिलेटिन लोला | सोडियम साल्फाईट | फिटफ्युजस |
|---|---|---|---|---|---|---|---|
| ३५ | २५४ | १३ | १०० ग्राम | २९ | ५ कार्टुन | | ८ गोटा |

- ६८६ जना नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाईएको ।
- विभिन्न ११ वटा वन्यजन्तुको उद्धार गरिएको ।
- विभिन्न ५ वटा वन्यजन्तुको घाईते उद्धार गरिएको ।
- विभिन्न ४ वटा वन्यजन्तु मृत फेला पारी सम्बन्धित निकायमा बुझाइएको ।
- राजमार्गमा हुने सवारी दुर्घटनाहरुमा समयमानै उद्धार गर्न मेडिकल टोली तथा एम्बुलेन्स सहितको IRT टोली प्रत्येक दिन १०० स्थानमा स्याण्डबाई रुपमा राख्ने गरिएको ।
- ठूला दुर्घटनाहरुमा घाइतेको ठूलो संख्यालाई सामुहिक रुपमा उद्धार गर्न स्वास्थ्यकर्मी र आपत्कालीन स्वास्थ्य सुविधा सहितका ८ वटा ठूला तथा एक पटकमा १० जना घाईते राख्न सकिने IRT एम्बुलेन्सहरु निम्न स्थानहरुमा तैनाथीका लागि तयारी हालतमा राखिएको ।

**निम्न**

| | |
|---|---|
| पकली, सुनसरी | बलम्बु, काठमाडौं |
| पिलुवा, बारा | चन्द्रौटा, कपिलवस्तु |
| वर्दिबास, महोत्तरी | कोहलपुर, बाँके |
| कुरिन्टार, चितवन | अत्तरिया, कैलाली |

**(ख) सीमा**

- उत्तरी तथा दक्षिणी समकक्षीसँग ५५ पटक बैठक गरिएको ।
- मानव बेचबिखनको कार्यमा संलग्न रहेको शंकामा ३० जना व्यक्तिहरुलाई पक्राउ गरिएको साथै ३० व्यक्तिहरुको उद्धार गरिएको ।

**राजस्व दाखिला**

- ४३,३९,६६,८७७ रुपैयाँ अवैध चोरी बरामद गरी राजस्व दाखिला गरेको ।
- १४,४२,४०,९२० रुपैयाँ राजस्व दाखिला भएको ।

**Help Desk**

- दशैं, तिहार, छठपर्व र शिवरात्री जस्ता चाड पर्वहरुमा सीमा नाकाहरुमा १६९ स्थानमा Help Desk को स्थापना गरी १०,५७५ जना यात्रुहरुलाई सहायता प्रदान गरिएको ।

**(ग) विपद् व्यवस्थापन तथा जोखिम न्यूनिकरणमा परिचालन**:

| जीवित उद्धार | मृत्यु उद्धार | परिचालित | जनचेतना कार्यक्रममा सहभागी | विपद् व्यवस्थापन तालिम प्राप्त दक्ष जनशक्ति उत्पादन |
|---|---|---|---|---|
| जनशक्ति | जनचेतना कार्यक्रममा सहभागी | विपद् व्यवस्थापन तालिम प्राप्त दक्ष | ६७,३२१ जना | १९७ जना |
| जनशक्ति उत्पादन | | | | |
| ५४९२ जना | २०७६ जना | ४०,६२५ जना | ६७,३२१ जना | १९७ जना |

- सशस्त्र प्रहरी बल, नेपालको पर्वतीय उद्धार तालिम शिक्षालय स्थापनार्थ जग्गा प्राप्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाईएको ।
- मिति २०७६।०३।२७ गतेदेखि ३१ गतेसम्म बाढी पहिरोबाट क्षतिग्रस्त र उद्धारको विवरण

| परिचालित जनशक्ति | जीवित उद्धार | घाईते उद्धार | मृत्यु | बेपत्ता | घर क्षति | चौपाया क्षति | प्रभावित घर परिवार |
|---|---|---|---|---|---|---|---|
| ४३१७ जना | १७७९ जना | २६ जना | ९७ जना | २२ जना | १३४६ | २०५५ वटा | ४४३७६ |

## ३. तालिम तथा यू.एन. मीशनः

### (क) तालिम

| विवरण | स्वदेश | विदेश तालिम तथा सेमिनार |
|---|---|---|
| तालिम संचालन संख्या | २६० | - |
| तालिम प्राप्त | १२०६१ | ९१ |
| तालिमरत संख्या | २९३१ | ४ |

- २५ वटा विभिन्न तालिमका पाठ्यक्रमहरु परिमार्जन गरिएको, ११ वटा नयाँ पाठ्यक्रम तयार गरिएको र ८ वटा पाठ्यक्रम परिमार्जनको क्रममा रहेको साथै ए.पी.एफ. कमाण्ड एण्ड स्टाफ कलेज तालिमको पाठ्यक्रम समय अनुसार सुधार गरी १८ महिनाबाट १२ महिना संचालन हुने गरी पाठ्यक्रम परिमार्जन गरिएको ।

### (ख) संयुक्त राष्ट्र संघ मीशन सहभागिता

| Individual Police Officer (IPO) | Formed Police Unit (FPU) |
|---|---|
| 29 | 321 |

- संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ South Sudan मा २ वटा FPU Mission रहेको ।
- FPU Mission छनौटमा जेष्ठतालाई प्राथमिकता दिई निष्पक्ष रुपमा संचालन गरिएको साथै UN को Policy अनुसार यस पटकदेखि प्रत्येक FPU Mission मा एक प्लाटून महिला स.प्र.क.हरु (सि.अ./जु.अ.र विल्लादार जवान) पठाउने कार्य भएको ।

## ४. सूचना प्रविधि

- Border Surveillance System को विकासको क्रममा १ र २ प्रदेशका ४ स्थानमा PTZ Camera जडान गरिएको र बाँकी ८ स्थानमा जडान गर्ने क्रममा रहेको ।
- ५० वटा कार्यालयसंग आन्तरिक नेटवर्क जडान गरिएको ।
- Go Pro तथा Drone बाट Surveillance System, Online Exam System, Video Conference, Face book live, Networking को क्षमता विकास गरिएको ।
- Latest Enhance Technology (LTE) को उपत्यकामा हुने VVIP तथा VIP Movement र हुल तथा दंगा व्यवस्थापनमा LTE Radio Set को प्रयोग भईरहेको ।
- हालरहेको Analog System लाई Digital System मा रुपान्तरण भईरहेको ।

- नेपाल सरकारको पेपरलेस अवधारणा तथा E-Governance अनुरुप Software संचालनमा रहेको ।
- सशस्त्र प्रहरी कर्मचारीहरुले आफूसँग सम्बन्धित व्यक्तिगत विवरणहरु आफैले हेर्न मिल्ने गरी मोबाईल एप्स "एपीएफ नेपाल" तयार गरी प्रयोगमा ल्याईएको ।

## ५. गृह प्रशासन सुधार कार्ययोजना २०७४ सम्बन्धी प्रगति विवरण

- सशस्त्र प्रहरी ऐन,२०७५ को प्रारम्भिक मस्यौदा तयार गरी मजकूर गृह मन्त्रालयमा पठाईएको ।
- विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन कार्याविधि २०७४ बमोजिम कार्य संचालन भईरहेको साथै आन्तरिक कार्यविधि २०७५ तयार गरी लागू गरिएको ।
- लोकमार्गमा हुने अवरोध हटाउन गृह मन्त्रालयबाट स्वीकृत भई आएको SOP पूर्ण रुपमा कार्यान्वयन गरिएको ।
- मेडिकल टोली सहितको IRT टोली प्रत्येक दिन १०० ठाउँमा स्याण्डवाई राखिएको ।
- स्थापना गर्नुपर्ने १० BOP मध्ये ९ वटा स्थापना भएको र १ वटा स्थापनाको क्रममा रहेको ।

ooo

## २.४ अध्यागमन विभाग

### आ.व. ०७५/०७६ को वित्तीय र भौतिक तथा अन्य प्रगति सहितको संक्षिप्त विवरण

### १. आ.व. २०७५/७६ को वित्तीय प्रगतिको सारांश :

अध्यागमन विभाग वा अन्तर्गतका कार्यालयहरुको वित्तीय प्रगतिको सारांश देहायबमोजिम रहेको छ ।

| | बजेट निकासा | बजेट खर्च | कैफियत |
|---|---|---|---|
| चालू | २६४३२३००० | २०७९६१००० (७९.५%) | |
| पूँजीगत | ९३४५०००० | ८४५९९००० (९१.५%) | |
| जम्मा | ३५७७७३००० | २९२५६०००० (८२%) | |

### २. आ.व. २०७५/७६ को राजस्व सङ्कलनको अवस्था :

अध्यागमन विभाग तथा अन्तर्गतका कार्यालयहरुबाट संकलित राजस्व विवरण देहायबमोजिम रहेको छ । गत आर्थिक वर्षभन्दा यस आ.व. मा कुल राजस्व ११.८३% (२९ करोड ६ लाख ९६ हजार) ले वृद्धि भएको छ ।

| सि.न. | राजस्व शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| ०१. | पदयात्रा रोयाल्टी | ३७४६२९८४१.३७ | |
| ०२. | भिसा शुल्क | २३४१०६१७०८.७९ | |
| ०३. | अन्य प्रशासनिक सेवा शुल्क | ५७६६०९६.१४ | |
| ०४. | दण्ड जरिवाना | २६५८८४८२.१६ | |
| ०५. | बेरुजु | २२१५६५.०० | |
| कूल जम्मा : | | २७४८२६७७१३.४६ | |

### ३. सन् २०१८ मा पर्यटक आगमनको अवस्था :

सन् २०१८ मा ११,७३,३५८ विदेशी नागरिक नेपाल भित्रिएको र ११,८०,२५९ बाहिरिएको तथ्याङ्क रहेको छ । यसै अवधिमा १२,६२,५९५ नेपाली नागरिकहरुले नेपाल प्रवेश गरेको र १२,६९,७२५ नेपाली नागरिकहरु विदेश प्रस्थान गरेको तथ्याङ्क रहेको छ । मासिक रुपमा सन् २०१८ मा स्थलमार्ग तथा हवाईमार्ग प्रयोग गरी नेपाल प्रवेश गरेका विदेशी पर्यटकहरुको विवरण देहायबमोजिम रहेको छ ।




## ४. आ.व. २०७५/७६ मा विभिन्न कसूरमा सजाय पाई निष्काशन भएका विदेशीहरूको विवरण :

आर्थिक वर्ष २०७५/७६ मा अध्यागमनका विभिन्न कसुरमा सजाय पाई निष्काशन र प्रस्थान भएका विदेशीहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| सि.न. | अपराधको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | बैकिङ कसूर | ८ | |
| २ | बाल यौन दुराचार | १ | |
| ३ | चोरी | १ | |
| ४ | लागुऔषध | ८ | |
| ५ | ENTRY REFUSE | ३ | |
| ६ | जाली मुद्रा | १ | |
| ७ | जाली राहदानी | २७ | |
| ८ | जाली भिसा | ४ | |
| ९ | विदेशी विनिमय | ३ | |
| १० | सुन चोरीपैठारी | ११ | |
| ११ | हात हतियार तथा खर खजाना | ३ | |
| १२ | खोटा चलन | ४ | |
| १३ | कागजात नभएको | १ | |
| १४ | राहदानी नभएको | ९ | |
| १५ | ओभरस्टे | ५४० | |
| १६ | OVER STAY र शरीर बन्धक | १ | |
| १७ | अपहरण तथा शरीर बन्धक | १ | |

| सि.न. | अपराधको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १८ | अप्राकृतिक मैथुन | १ | |
| १९ | अवैध हुण्डी कारोबार | २ | |
| २० | ठगी | १ | |
| २१ | दूर संचारसम्बन्धी | १ | |
| २२ | मानव बेचबिखन तथा ओसार प्रसार र शरीर बन्धक | १ | |
| २३ | समुन्द्री घोडा समेतको अखेटा पहार ओसारपसार | १ | |
| २४ | सरकारी छाप दस्तखत किर्ते | १ | |
| २५ | भिसाको उद्देश्य विपरितको कार्य | ३ | |
| २६ | अन्य | १ | |
| | कुल जम्मा | ६३८ | |

❍❍❍

## २.५ कारागार व्यवस्थापन विभाग

आ.व. २०७५/७६ को वित्तीय, भौतिक तथा अन्य प्रगति सहितको संक्षिप्त विवरण

### १. नीतिगत

- कारागार ऐन २०१९ लाई प्रतिस्थापन गर्न कारागार विधेयक तर्जुमा गरी पेश गरिएको तथा कारागार नियमावली लाई समयानुकूल बनाउन मस्यौदा तयार भईरहेको ।
- फौजदारी कसूर, कैद कट्टा नियमावली स्वीकृत भइ कार्यान्वयनमा आएको ।
- कैदी बन्दीहरुलाई श्रममा लगाउने सम्बन्धी निर्देशिका, खुला कारागार सम्बन्धी निर्देशिका एवं प्रजनन हक कार्यान्वयन सम्बन्धी निर्देशिका मस्यौदा तयार भएको ।
- प्यारोल तथा प्रोवेशन बोर्डको प्रथम बैठक महान्यायधिवक्ताको अध्यक्षतामा सम्पन्न भएको ।

### २. कैदीबन्दीको सुविधा तथा आन्तरिक व्यवस्थापन

- कैदीबन्दीहरुको लागि राशन सिदा समयानुकूल वृद्धि गर्ने प्रस्ताव अनुरुप यस आ.व. ०७५।०७६ को वार्षिक बजेटमा कैदीवन्दीले पाउने नगद सिदा बापतको रकममा दैनिक रु ४५।- बाट रु ६०।- र कैदीवन्दीका बालबच्चाको दैनिक रु १०।-बाट भई रु ३५।- वृद्धि भएको ।

### ३. भौतिक पुर्वाधार:

- केन्द्रीय कारागार नुवाकोटमा करिब ५३९ रोपनी क्षेत्रफलमा आ.व. ०७२।७३ बाट शुरु भएको कारागार भवन निर्माण अन्तरगत ७००० क्षमताको ब्लक निर्माण सुचारु रहेको ।
- बाँके जिल्लाको नौवस्तामा शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत संघीय आयोजना कार्यान्वयन इकाई, नेपालगञ्जद्वारा २०७३ कार्तिकमा निर्माण व्यवसायी श्री रसुवा/पप्पु जे.भी. सँग सम्झौता भई रु ३८,७९,२८१.७२ (भ्याट बाहेक) मा, २०७६ कार्तिकसम्म सम्पन्न हुने गरी निर्माणाधीन क्षेत्रीय कारागारको २५ वटा ब्लक निर्माण गर्नुपर्नेमा वित्तीय तथा भौतिक प्रगति अत्यन्त न्यून रहेको अनुगमन निरिक्षणबाट देखिएको हुदाँ उक्त कार्यालयसँग समन्वयन गरी सम्वन्धित निर्माण व्यवसायीले लगेको करीव ७ करोड मोविलाइजेशन बापतको रकम खिची निर्माण कार्यलाई आ.ब. ०७६।७७ भित्रमा सम्पन्न गर्न रसुवा जे.भी. बाट निर्माण गर्ने गरी तत् सम्बन्धी प्रक्रिया अगाडि बढाइएको ।
- खुला कारागार संचालनका लागि प्रशासनिक र सुरक्षा भवनको निर्माण कार्य भैरहेको ।
- विभिन्न जिल्लाहरुको विद्यमान भौतिक संरचनाहरुको मर्मत सुधार, खानेपानी व्यवस्थापन, ढल, शौचालय, पर्खाल आदि निर्माण कार्य गरिएको ।
- कारागारका जीर्ण भवनहरु मर्मत सम्भार तथा केही भवन कोठाहरु थप गरी आ.व. ०७४/७५ मा ११३०० कैदी बन्दी राख्न सकिने क्षमता रहेकोमा आ.व. ०७५/७६ मा ४१६६ वृद्धि भई १५४६६ बन्दी राख्न सकिने अवस्था छ ।

- केन्द्रीय कारागार अस्पताल १५ शैयाबाट ३० शैयामा स्तरोन्नति गरिएको । नख्खुमा १५ शैयाको मनोसामाजिक बन्दी अस्पताल निर्माण कार्य सम्पन्न भएको ।
- धनकुटामा साधारण प्रकृतिका लागि २५० र गोलघर सहितको विशेष प्रकृतिको ५० समेत गरी ३०० जना कैदीबन्दी राख्न सक्ने क्षमता भएको कारागार बनाउने गरी गुरुयोजना तयार भई ०७६।७७ बाट निर्माण शुरु हुने । साथै पाँचथर, मोरङ र केन्द्रीय कारागार अस्पतालको नयाँ भवन निर्माण आ.व. ०७६।७७ बाट शुरु हुने ।
- शहरी विकास तथा भवन निर्माण विभाग, पुननिर्माण इकाईद्वारा सर्लाही, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, पाल्पा, मनाङ, मुगु, डोल्पा हुम्ला, सुर्खेत, जाजरकोट लगायतका जिल्लाहरुमा कारागार भवनहरुको निर्माणको कार्य विभिन्न चरणमा रहेको ।
- राष्ट्रिय पुननिर्माण प्राधिकरण, केन्द्रीय आयोजना इकाईद्वारा तनहुँ, ललितपुर (नख्खु), केन्द्रीय कारागार सुन्धारा, धादिङ लगायतका कारागारहरुको निर्माण कार्य विभिन्न चरणमा रहेको ।
- कारागारको आन्तरिक व्यवस्थापनलाई अझ चुस्त र प्रभावकारी बनाउन एक/एक वर्षमा चौकिदार , नाइके , सहनाइकेमा काम गरी सकेकोहरुलाई उनीहरुको कामको मूल्यांकन गरी परिवर्तन गर्ने नीति लिइएको ।
- कारागारहरुलाई विभिन्न प्रकारका ८ वटा सवारी साधनहरु नयाँ खरीद गरी उपलब्ध गराइएको ।
- कारागारहरुमा जनशक्ति व्यवस्थापनमा विशेष ध्यान दिई अधिकांश कारागारहरुमा दरबन्दी अनुरुप कर्मचारी पदपूर्ति भैरहेको ।

## ४. सूचना प्रविधि

- हाल संचालनमा नआएका कारागारहरु सर्लाही, मुगु र हुम्ला बाहेक ७१ वटा कारागारहरुमा CCTV जडान गरी संचालनमा रहेको ।
- २ वटा कारागारहरुमा E-attendance सेवा शुरु भएको । सर्वोच्च अदालतसंगको समन्वयमा यस अगाडि Video Conference जडान भैसकेका जिल्ला अदालत रहेका जिल्लाहरुका ९ वटा कारागारहरुमा Video Conference सेवा संचालन गर्ने गरी तत् सम्बन्धी उपकरणहरु जडान कार्य सम्पन्न भएको ।

## ५. वार्षिक प्रगति

**रू. लाखमा**

| क्र.स. | ब.उ. शि. नं . | आयोजना/कार्यक्रम | आ.व.२०७५/०७६ को वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|
| | | | विनियोजन | खर्च | वित्तीय प्रतिशत | भौतिक प्रतिशत |
| १ | ३१४०२०३१४ | कारागार कार्यालयहरु<br>चालू<br>पूँजीगत | १५३५१.०५<br>२३५४.०४ | १४२९३<br>१६९७.९२ | ९३.१०%<br>७२.१२%<br>(LMBIS को खर्चको आधारमा) | |
| २ | ३१४०१९३१४ | कारागार व्यवस्थापन विभाग<br>चालू<br>पूँजीगत | १९८<br>६९८.८९ | १६१.८४<br>२४४.१३ | ८१.७३%<br>४१.५८% | ९३.६३% |
| ३. | ३१४०१९३१४ | कारागार व्यवस्थापन विभागको अख्तियारीबाट रकमान्तर गरी शहरी विकास तथा भवन निर्माण विभाग मार्फत हुने । | २७६ | ११० | ३९.८५% | |

## ६. कार्यान्वयनमा देखिएका समस्याहरू र समाधानार्थ भएका प्रयासहरू

| क्र.स. | ब उ शि नं | आयोजना र कार्यक्रम | कार्यान्वयनमा देखा परेका मुख्य समस्याहरु | समस्या समाधानार्थ भएकका प्रयासहरु |
|---|---|---|---|---|
| १ | ३१४०१९४ | कारागार व्यवस्थापन विभाग | शहरी विकास तथा भवन निर्माण विभागको संगठन पुनः संरचना हुदाँ कार्यान्वयनमा समस्या | |
| ३ | ३४९१०२४ | (पुननिर्माण तथा पुर्नस्थापना कार्यक्रम) | शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयहरुबाट निर्माणाधिन १७ कारागार-सर्लाही, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, नवलपरासी, पाल्पा, मनाङ्ग, मुगु, डोल्पा, हुम्ला, जुम्ला, जुम्ला, सुर्खेत, जाजरकोट, दैलेख, बझाङ्ग, डडेलधुरा मध्ये ४ वटा मात्र कारागार संचालनमा आएको वाकी शुस्त गतिमा निर्माण कार्य भईरहेको जानकारी प्राप्त भएको । | दुवै विभागका बीच छलफल भई शिघ्र निर्माणका लागि पहल भएको । |
| ४ | | राष्ट्रिय पुर्नः निर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वय ईकाई ववरमहल | खोटाङ, तनहुँ, रामेछाप, ललितपुर , काठमाण्डौ, धादिङ, भोजपुर, गोरखा, लम्जुङ, रसुवा, सिन्धुपाल्चोक, सो लुखुम्बु, काभ्रे जिल्लाहरुमा भैरहेको पुननिर्माण सम्बन्धी कार्य सुस्त गा तमा भएको जानकारी हुन आएको । | प्राधिकरण केन्द्रिय आयोजना र विभागबिच छलफल भई शिघ्र निर्माणका लागि पहल भएको । |

## ७. बेरूजु प्रगति

- २०७५ असार सम्मको बेरुजु: १६८८२५००० ।-
- २०७५ श्रावणदेखि हालसम्म बेरुजु फछ्र्यौट: ७२९३२४०० ।-

  बेरुजु फछ्र्यौट प्रतिशत: ४३.२०%

## २.६ राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण

### १. प्रमुख उपलब्धीहरू

**आ.व. ०७५/०७६ को वित्तीय, भौतिक तथा अन्य प्रगति सहितको संक्षिप्त विवरण**

१. नेपाल सरकार (माननीय गृह मन्त्रीस्तर) बाट मिति २०७५।०६।०२ मा राष्ट्रिय परिचय-पत्र व्यवस्थापनको रणनीतिक योजना २०७५/०७६-२०७७/०७८ स्वीकृत भएको ।

२. मिति २०७५।०६।२८ मा राष्ट्रिय परिचय-पत्र व्यवस्थापन केन्द्र र केन्द्रीय पञ्जीकरण विभाग एकीकरण भई राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभाग गठन भएको ।

३. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तयार गरी हाल संसदीय समितिमा छलफलको क्रममा रहेको ।

४. मिति २०७५।०७।१५ मा राष्ट्रिय परिचय-पत्रको परीक्षण उत्पादन भई छपाइ कार्य भईरहेको ।

५. पाँचथर जिल्लामा मिति २०७५।०८।०३ गते राष्ट्रिय समारोहको आयोजना गरी माननीय गृह मन्त्रीज्यूबाट राष्ट्रिय परिचय-पत्रको वितरण कार्य प्रारम्भ भएको ।

६. पाँचथर जिल्लामा राष्ट्रिय परिचय-पत्रको विवरण सङ्कलनका लागि जिल्ला प्रशासन कार्यालयमा स्थापना भएको राष्ट्रिय परिचय-पत्र व्यवस्थापन कक्षमा विवरण सङ्कलनको काम भैरहेको । पाँचथर जिल्ला र सिंहदरबारभित्रका कर्मचारीहरुको विवरण दर्ता, परिचय-पत्र उत्पादन र परिचय-पत्र जारीको अवस्था यसप्रकार रहेकोछः-

| सि.नं. | स्थान | विवरण दर्ता (Enrollment) | परिचय-पत्र उत्पादन | परिचय-पत्र जारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | पाँचथर | ८६,१८७ | ८४,५४० | ५८,५३३ | |
| २ | सिंहदरबार | ७,६४४ | ७,५७८ | ६,९२८ | |
| जम्मा | | ९३,८३१ | ९२,११८ | ६५,४६१ | |

७. नेपाल सरकार (माननीय गृह मन्त्रीस्तर) को निर्णयबाट मिति २०७५।०४।२० मा यस बर्ष राष्ट्रिय परिचय-पत्र वितरण कार्यक्रम सञ्चालन हुने १५ जिल्लाहरु (झापा, संखुवासभा, सप्तरी, महोत्तरी, रसुवा, ललितपुर, चितवन, तनहुँ, स्याङ्जा, कपिलवस्तु, गुल्मी, सल्यान, जुम्ला, अछाम र कञ्चनपुर) छनौट भएको ।

८. सातवटै प्रदेशमा प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको ।

९. यस बर्ष राष्ट्रिय परिचय-पत्र वितरण कार्यक्रम सञ्चालन हुने १५ जिल्लाहरु मध्ये १४ जिल्लामा जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको ।

१०. सबै ७७ जिल्लामा राष्ट्रिय परिचय-पत्र कार्यक्रम सञ्चालन गर्न मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति प्राप्त भएको ।

११. हाल राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको सञ्चालन विभागका कर्मचारीहरुबाट भईरहेको ।

१२. २० चैत्र २८ र २९ गते यस वर्ष कार्यक्रम सञ्चालन हुने १५ जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीहरुको सहभागितामा २ दिनको कार्यशाला गोष्ठी सम्पन्न भएको ।

१३. राष्ट्रिय परिचय-पत्र कार्ड प्रशोधन केन्द्रको निर्माण कार्य सम्पन्न भई संचालनमा रहेको ।

१४. GIDC र कार्ड प्रशोधन केन्द्रबीच नेटवर्क निर्माणको लागि आवश्यक उपकरणहरूको खरीद र जडान सम्पन्न भई संचालनमा रहेको ।

१५. राष्ट्रिय परिचय-पत्रको लागि विवरण सङ्कलन गर्ने प्रणालीमा निर्वाचन आयोगले सङ्कलन गरेका विवरणहरूलाई प्राप्त गरी सुरक्षित रूपमा राखिएको र आवश्यकता अनुसार जिल्लामा विवरण सङ्कलनमा प्रयोग हुने व्यवस्था मिलाइएको ।

१६. राष्ट्रिय परिचय-पत्र प्रणालीको दोस्रो चरणको कार्यको साविकको सेवा प्रदायक कम्पनी IDEMIA Identity and Security सँग २०७६।०३।२५ मा सम्झौता भई कार्य आरम्भ भएको ।

१७. राष्ट्रिय परिचय-पत्र प्रणालीको दोस्रो चरणको कार्यको लागि आवश्यक Hardware टेण्डर भई मूल्याङ्कनको चरणमा रहेको ।

१८. १५ जिल्लामा कार्यक्रम सञ्चालन भैरहेको छ । विवरण दर्ता, परिचय-पत्र उत्पादन र परिचय-पत्र जारीको अवस्था यसप्रकार रहेकोछः-

| सि.नं. | स्थान | विवरण दर्ता (Enrollment) | परिचय-पत्र उत्पादन | परिचय-पत्र जारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | झापा | ७८० | ६११ | -- | |
| २ | संखुवासभा | -- | -- | -- | |
| ३ | सप्तरी | ३०८ | ११४ | -- | |
| ४ | महोत्तरी | -- | -- | -- | |
| ५ | चितवन | ६७२ | ४९९ | -- | |
| ६ | ललितपुर | ५१५ | ३७६ | १०४ | |
| ७ | रसुवा | -- | -- | -- | |
| ८ | तनहुँ | -- | -- | -- | |
| ९ | स्याङ्जा | १५ | -- | -- | |
| १० | गुल्मी | -- | -- | -- | |
| ११ | कपिलवस्तु | ७५ | -- | -- | |
| १२ | सल्यान | -- | -- | -- | |
| १३ | जुम्ला | १४३ | ३ | -- | |
| १४ | अछाम | १३९ | -- | -- | |
| १५ | कञ्चनपुर | २५१ | २०० | -- | |
| जम्मा | | २८९८ | १८०३ | १०४ | |

## २. राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभागको आ.व. २०७५/७६ को वार्षिक खर्चको स्थिति

| सि.नं. | ब.उ.शि.न. | आयोजना र कार्यक्रम | कूल विनियोजित बजेट (रु. हजारमा) | | | चालू खर्च प्रतिशत | पूँजीगत खर्च प्रतिशत | कुल खर्च रू. | कूल प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पूँजीगत | कुल | | | | भौतिक (५) | वित्तीय(५) |
| १ | ३१४०३२३ | राष्ट्रिय परिचय-पत्र | १६५४७३००० | | ६१६१७३००० | २५।९ | | ४२८१०८५५ | | २५।८७ |
| २ | ३१४०३२४ | राष्ट्रिय परिचय-पत्र | | ४५०७००००० | | | २।९८ | १३४३२४१८ | | २।९८ |
| ३ | ३०११०१३ | सूचना प्र.वि.आ. | १०४८५००० | | ३७०६७५००० | २२।९ | | २४०३३४४।९ | | २२।९२ |
| ४ | ३०११०१४ | सूचना प्र.वि.आ. | | ३६०१९०००० | | | ९०।२४ | ३२५०१७६८० | | ९०।२४ |
| ५ | ३६५०२१३ | पञ्जीकरणतर्फ नेपाल सरकार | ४१७५७००० | | ४२७५७००० | ९३।६ | | ३९०९८२६० | | ९३।६३ |
| ६ | ३६५०२१४ | पञ्जीकरणतर्फ नेपाल सरकार | | १०००००० | | | ६४।३६ | ६४३६८९ | | ६४।३६ |
| ७ | ३६५०२१३ | पञ्जीकरणतर्फ विश्व बैंक | १४९०४००००० | | ५१७८५७००० | २।४९ | | ३७०८३२१७ | | २।४९ |
| ८ | ३६५०२१४ | पञ्जीकरणतर्फ विश्व बैंक | | ४७६१००००० | | | ०।९९ | ४७३३०४२।२ | | ०।९९ |
| | | | १७०८११५००० | १२८७९९०००० | १५४७४६२००० | ७।११ | २६।६९ | ४६५२२२५०५ | | |

## ३. राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभागको (पञ्जीकरण तर्फ) आ.व. २०७५।२०७६ सम्मको प्रगति

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने करीब ३० लाख लाभग्राहीहरुमध्ये हालसम्म जम्मा २८,९७,२०३ लाभग्राहीहरुको विवरण व्यस्थापन सूचना प्रणालीमा प्रविस्ट भइसकेको ।
- विभिन्न स्थानीय तहका ११६१ जना जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई १ दिने अभिमुखीकरण तालिम प्रदान गरिएको
- २३५६ इकाइ (वडा कार्यालयहरु) बाट Online मार्फत व्यक्तिगत घटना दर्ताको कार्य संचालन भइरहेको ।

## ४. अनलाईन प्रणाली मार्फत भएका व्यक्तिगत घटना दर्ता संख्याः

- जन्म दर्ता संख्याः ४,५८,२६६
- बसाईं सराईं दर्ता संख्याः १,०४,०४०
- विवाह दर्ता संख्याः २,०१,७३९
- सम्बन्ध विच्छेद दर्ता संख्याः ४,५७३
- मृत्यु दर्ता संख्याः १,०६,४०८

❍❍❍

# नवप्रवर्तनशील कार्यक्रमहरू

## ३.१ नमूना सेवा प्रदायक जिल्लाहरूको छनोट

आ.व. २०७५/७६ को लागि गृह मन्त्रालयको स्वीकृत कार्ययोजनाको बुँदा नं. २ क्रियाकलापको कार्यान्वयनार्थ सातै प्रदेशको प्रदेश राजधानी रहेको जिल्लाहरुलाई नमूना सेवा प्रदायक जिल्लाकोरुपमा विकास गरिएको छ । यसै अनुरुप प्रदेश १ मोरङ्ग, २ धनुषा, ३ मकवानपुर, ४ कास्की, ५ रुपन्देही, ६ सुर्खेत, ७ कैलाली, र ८ काठमाडौं, लगायतका जिल्लाहरुले नमुना सेवा प्रदायक जिल्लाको रुपमा तोकिएको २७ वटा सूचकबमोजिम विभिन्न क्रियाकलाप संचालन गरी सेवा प्रवाहको गुणस्तर बढाएको छ । सम्बन्धित जिल्लाहरुको प्रगति बुलेटिनको अनुसूचीमा संलग्न गरिएको छ ।

### सेवा प्रदायक जिल्लाहरूले भर्नुपर्ने चेकलिष्ट फारमको सूचकहरू

१. कार्यालयको लेआउट काउन्टर मोडेल बनाउने ।

२. कार्यालयको पदाधिकारीहरुको कार्यकक्षसम्म सहज ढंगले पहुँच प्राप्त हुन सक्ने गरी अपाङ्ग मैत्री संरचनाको निर्माण तथा कार्यालयका कोठा नम्बर सहितको कार्यालयको नक्सा टाँस गर्ने ।

३. अपाङ्ग र जेष्ठ नागरिक मैत्री कार्यालय संरचनाहरु

४. अशक्त, अपाङ्ग र जेष्ठ नागरिक-मैत्री लगायतको नागरिक सहायता कक्षको स्थापना र Vending Machine सहित संचालन गर्ने ।

५. इजलासको व्यवस्था

६. प्रतिक्षालय

७. स्तनपान कक्ष

८. स्वच्छ पिउने पानी

९. प्राथमिक उपचारको व्यवस्था

१०. क्यान्टिनको व्यवस्था

११. शौचालय (अशक्त, अपाङ्ग, जेष्ठ नागरिक र महिला मैत्री)

१२. कार्यालयको परिचय-पुस्तिका वा ब्रोसर

१३. सूचना अधिकारीको व्यवस्था

१४. गुनासो सुन्ने अधिकारी

१५. टोल फ्री नम्बर

१६. कार्यालयको वेभसाइट daily update

१७. कार्यालयको स्वचालित प्रणाली DASS को प्रयोग

१८. सोसियल मिडियाको प्रयोग फेसवुक, टुइटर

१९. बिद्युतिय हाजिरी

२०. फ्री वाइफाइको व्यवस्था, डिजिटल नागरिक बडापत्र हेर्ने र सुन्ने

२१. मोवाइल एप्सको निर्माण र संचालन

२२. कार्यालयको CMIS Software संचालन

२३. कार्यालयको LAN (local Area Network) Structure

२४. VPN (Virtual PrivateNetwork) व्यवस्था

२५. उपकरणीय सुरक्षाको लागि earthing

२६. CCTV System

२७. Video Conference System

## ३.२ प्रमुख जिल्ला अधिकारीहरुसँगको कार्यसम्पादन सम्झौता

मुलुकमा शान्ति, सुरक्षा, सुव्यवस्था, अमन चयन र स्थिरता कायम गर्नु गृह प्रशासनको मूलभूत कार्य हो । शान्ति सुरक्षा कायम गर्नुको अलावा अपराध अनुसन्धान, लागु औषध निषेध तथा मदिरा नियन्त्रण, लैगिंक हिंसा न्यूनिकरण, विपद् व्यवस्थापन, सुशासन प्रत्याभूति, मानव अधिकारको संरक्षण लगायत कानूनको प्रभावकारी कार्यान्वयन गरी कानूनी राज्यको बहाल गर्नु पनि गृह मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछ । नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार अन्य कुनैपनि निकायलाई नतोकिएको कार्यको जिम्मेवारी पनि यस मन्त्रालय अन्तर्गत नै पर्दछ । गृह मन्त्रालयले बहन गर्नु पर्ने सबै जिम्मेवारीहरुलाई प्रत्येक जिल्लामा खटिएका प्रमुख जिल्ला अधिकारीहरु मार्फत पूरा गरी सरकारको नागरिकप्रतिको दायित्व निर्वाह गर्नुपर्दछ । देशको सार्वजनिक सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै पारदर्शिताको माध्यमबाट गृह मन्त्रालयको कार्य सम्पादनमा संलग्न रहने प्रमुख जिल्ला अधिकारीसंग कार्य सम्पादन सम्झौता गरी वस्तुपरक रुपमा मूल्याङ्कन गर्नको लागि निजामती सेवा ऐन, २०४९ को दफा १५.२, निजामति सेवा नियमावली, २०५० को नियम ३४ को (ख) तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १९ मा कार्य सम्पादन सम्झौता गर्न सकिने प्रावधान रहेको छ । त्यस्तै गृह प्रशासन सुधार कार्य योजना २०७४ को बुँदा नं. २६ मा विभागीय प्रमुख र कार्यालय प्रमुखसंग कार्य सम्पादन सम्झौता गर्न कार्य विवरण र सूचकहरु तयार गरी कार्य सम्पादन सम्झौता गराई काममा खटाउने व्यवस्था गरिएको छ । सोही बमोजिम गृह मन्त्रालयका सचिव श्री प्रेमकुमार राई र सबै जिल्लाका प्रमुख जिल्ला अधिकारहरुबीच तोकिएका

शर्तहरुको अधीनमा रही कार्य सम्झौताका सूचकहरुबमोजिम कार्यसम्पादन गर्ने गरी कार्य सम्पादन सम्झौता गरिएको छ ।

नेपाल सरकार

**गृह मन्त्रालय**

सिंहदरबार, काठमाडौं




सचिव श्री प्रेम कुमार राई

र

प्र.जि.अ. ............................................................................ (...................................) बीच सम्पन्न

# कार्य सम्पादन सम्झौता

श्रावण, २०७६

ooo

# आ.व. २०७६/७७ को क्रियाकलाप र माईलस्टोन

## ४.१ आ. ब. २०७६/७७ को बार्षिक नीति तथा कार्यक्रममा गृह मन्त्रालयसँग सम्बन्धित बुंदाहरु

(९१) विभिन्न निकायहरुवाट प्रदान गरिने सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई समन्वयात्मक रुपमा सञ्चालन गरिनेछ। सामाजिक सुरक्षा भत्ताको रकम वृद्धि गरिनेछ।

(९२) डिजिटल नेपाल फ्रेमवर्कको पाँच वर्षे राष्ट्रिय कार्ययोजना कार्यान्वयन गरिनेछ । सरकारी तथा निजी क्षेत्रबाट प्रवाह हुने सबै प्रकारको सेवा तथा कारोवार बिद्युतीय माध्यमबाट सञ्चालन गरिनेछ। बिद्युतीय भुक्तानी र बिद्युतीय हस्ताक्षर कार्यान्वयनमा ल्याई बिद्युतीय कारोबारलाई सुरक्षित र विश्वसनीय बनाइनेछ । यो व्यवस्था स्थानीयतहसम्म विस्तार गरिनेछ।

(९४) आगामी चार वर्षभित्र सबै नेपालीलाई बायोमेट्रिक सूचना र पृथक पहिचान नम्बरसहितको राष्ट्रिय परिचयपत्र वितरण गरिनेछ । नागरिकका सबै प्रकारका वैयक्तिक विवरणलाई राष्ट्रिय परिचयपत्रमा समाविष्ट गरी यसलाई सामाजिक सुरक्षासहित सबै सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक सूचनाको आधार बनाइनेछ । प्रत्येक नेपालीको बैंकखाता हुने सुनिश्चित गर्न 'खोलौं बैंक खाता' अभियानलाई तीब्रता दिइनेछ । सबै आर्थिक कारोबार बैंकिङ प्रणाली मार्फत गरिनेछ।

(१९६) मुलुकमा हिंसाले स्थान पाउने छैन । नागरिकको जीउधन र सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि जुनसुकै प्रकारको हिंसात्मक गतिविधिप्रति सरकार कठोर रुपमा प्रस्तुत हुनेछ । संविधान र कानून विपरीतका कार्यमा संलग्न हुने, शान्ति सुरक्षामा खलल पुऱ्याउने र सामाजिक सद्भाव बिथोल्ने कुनैपनि प्रकारका आपराधिक क्रियाकलापमा संलग्न हुने जो कोहीलाई कानूनी कारबाहीको दायरामा ल्याइनेछ। तथ्य र वैज्ञानिक प्रमाणमा आधारित अपराध अनुसन्धान र अभियोजन प्रणाली विकास गरिनेछ। अनुसन्धान र अभियोजनमा संलग्न जनशक्तिको क्षमता वृद्धि गरिनेछ।

(१९८) प्रशासनिक तथा सुरक्षा निकायहरु समन्वयात्मक रुपमा परिचालन गरी शान्ति सुरक्षा कायम गर्न र अपराध नियन्त्रण गर्न सरकार दृढ छ । सबै सुरक्षा निकायहरूलाई सबल, सक्षम र उत्तरदायी बनाई राष्ट्रिय सुरक्षा प्रणालीलाई थप सुदृढ बनाइनेछ। राष्ट्रिय अनुसन्धान विभागलाई व्यावसायिक इन्टेलिजेन्स संस्थाको रुपमा विकास गरिनेछ।

(१९९) विपद्को पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनामा सबै संयन्त्रहरू परिचालन गरिनेछ । विगत लामो समयदेखि पुनर्स्थापित हुन नसकेका विपद् प्रभावितलाई पुनर्स्थापना गर्ने कार्यलाई तीब्रता दिइनेछ। हिमपात, शीतलहर, बाढीपहिरो, डुबान तथा आगलागी लगायतका विपद्को अवस्थामा न्यूनतम सेवाको अभावमा अकालमा ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य गरिनेछ।

(२०१) लागुऔषधविरुद्ध रोकथाम र नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरी स्वस्थ, सभ्य र

सुरक्षित समाज निर्माण गरिनेछ । लागुऔषध उत्पादन, ओसारपसार, बेचबिखन, दुर्व्यसन र बालबालिकालाई कुलतमा फसाउन दुरुत्साहन गर्ने उपर कडा कारबाही गरिनेछ ।

(२०२) कारागारहरूको सुरक्षा व्यवस्थालाई सुदृढ गर्न प्रविधिमैत्री उपायहरूको अवलम्बन गरिनेछ । विद्यमान भौतिक पूर्वाधारहरूको निर्माण र सुधार गरिनेछ । कैदीबन्दीहरूको श्रम र सीपलाई उत्पादनशील र विकास कार्यहरूमा उपयोग गराउने व्यवस्था गरिनेछ ।

(२०६) राष्ट्रसेवकहरुमा कामप्रति तत्पर हुने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी बहन गर्ने कार्य संस्कृतिको विकास गरिने छ । राष्ट्रसेवकहरुमा ज्ञान, सीप र पेशागत मर्यादाको विकास गरी सरकारी सेवालाई नयाँ जीवन दिइनेछ । नयाँ गतिका साथ सञ्चालन गरिनेछ । कर्मचारी, शिक्षक, स्वास्थकर्मी लगायत सबै पदाधिकारीबाट तोकिएकै समयमा काम शुरु गरी सेवा प्रदान गरिनेछ ।

(२१३) नेपाल सदस्य भएका क्षेत्रीय मञ्चहरुमा अझ प्रभावकारी बनाउन जोड दिइनेछ । संयुक्त राष्ट्रसंघ तथा मानव अधिकार परिषद् र शान्ति निर्माण आयोग लगायत अन्य अन्तराष्ट्रिय संघसंस्थाहरुमा नेपालको प्रतिनिधित्व र भूमिकालाई थप सशक्त बनाइनेछ ।

## ४.२. आ. ब. २०७६/७७ को बार्षिक बजेट वक्तव्यमा गृह मन्त्रालयसंग सम्बन्धित बुंदाहरू

### शान्ति सुरक्षा र अपराध नियन्त्रण ।

| क्र. स. | उपलब्धि |
|---|---|
| १. | सबै ७५३ स्थानीय तहको केन्द्रमा नेपाल प्रहरी इकाइ विस्तार गरी शान्ति सुरक्षाको व्यवस्था मिलाइएको । |
| २. | सशस्त्र प्रहरी बल, नेपालका गण गुल्महरुलाई सबै ७७ जिल्लामा विस्तार गरी मुलुकको शान्ति सुव्यवस्थालाई थप सुदृढ र प्रभावकारी तुल्याइएको । |
| ३. | सीमा क्षेत्रको सुरक्षा व्यवस्था थप प्रभावकारी बनाउन २० वटा बोर्डर आउटपोष्ट स्थापना गरी सञ्चालनमा ल्याइएको । |
| ४. | नेकपा विप्लव समूहको आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण गरिएको |
| ५. | विखण्डनकारी क्रियाकलाप गर्ने कथित स्वतन्त्र मधेश गठबन्धनलाई राजनीतिक मूलधार मा ल्याउन योगदान गरेको । |
| ६. | विभिन्न द्वन्द्वरत पक्षसँग राजनीतिक वार्ता गरी द्वन्द्व समाधान गर्न समन्वय गरिएको । |

| | |
|---|---|
| ७. | आन्तरिक सुरक्षा व्यवस्थासम्बन्धी कार्यकारी आदेश जारी गरी केन्द्र र प्रदेशबीच सुरक्षा समन्वयको व्यवस्था मिलाइएको । |
| ८. | सुन तस्करीको आपराधिक सञ्जाल तोडिएको । |
| ९. | समुदाय प्रहरी साझेदारी अवधारणा कार्यान्वयनमा ल्याई शान्ति सुरक्षा र अपराध नियन्त्रण कार्यमा समुदायको सहभागिता सुनिश्चित गरिएको । |
| १०. | हाम्रो एक दिन कार्यक्रम प्रहरीको भौतिक उपस्थितिको दर १३.२५ प्रतिशतले वृद्धि गरिएको । |
| ११. | विभिन्न अपराधमा अदालतले सजाय फैसला गरी लामो समयदेखि फरार ११०४ जना पक्राउ गरी कानून कार्यान्वयन गरिएको । |
| १२. | नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको भौतिक संरचना निर्माणमा तिब्रता दिइएको । |
| १३. | साइबर तथा मानव बेचबिखन सम्बन्धी अनुसन्धान गर्ने छुट्टै ब्यूरो स्थापना गरी सञ्चालनमा ल्याइएको । |
| १४. | सुरक्षा प्रयोजन बाहेकका गैरव्यवसायिक र मापदण्ड विपरित खटिएका सुरक्षाकर्मी फिर्ता गराई सुरक्षा कार्यमा परिचालित गरिएको । |
| १५. | लागुऔषधको अवैध ओसार-पसार नियन्त्रणको क्रममा ३०१२ जना व्यक्तिहरुलाई पक्राउ र १८२६ वटा मुद्दा दर्ता गरी आवश्यक कानूनी कारबाहीको प्रक्रिया अघि बढाइएको । करीब ६८५३.२४ के.जी. विभिन्न किसिमका लागुऔषधहरु बरामद गरिएको । |

## सेवा प्रवाह र सुशासन

| क्र. स. | उपलब्धि |
|---|---|
| १. | विभिन्न ८ वटा जिल्ला प्रशासन कार्यालयहरुलाई नमूना सेवा प्रदायक कार्यालयको रुपमा विकास गर्ने कार्य भइरहेको । |
| २. | प्रमुख जिल्ला अधिकारीसँग कार्यसम्पादन करार सम्झौता गरिएको । |
| ३. | हेलिकप्टरबाट ६४ वटा आपतकालीन उद्धार उडान व्यवस्था गरी १८ जना सुत्केरी र गर्भवती सहित १२७ जनाको उद्धार गरिएको । |
| ४. | गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको सदाचार संहिता, २०७५ लागू गरिएको । |
| ५. | जिल्ला जिल्लामा टोली परिचालन गरी गैरकानूनी रुपमा नागरिकता वितरण गर्ने कर्मचारी उपर कानूनी कार्यवाही प्रक्रिया अघि बढाइएको । |
| ६. | प्रहरी आचरण र व्यवहारका सम्बन्धमा २३९२ पटक अनुगमन गरिएको, ९७८६ जना प्रहरी कर्मचारीलाई विभागीय कारवाही र १९६५३ जनालाई पुरस्कृत गरिएको । सशस्त्र प्रहरी बल, नेपाल तर्फ आचरण विपरित कार्य गर्ने विभिन्न दर्जाका ३२३ जनालाई कारबाही गरीएको । |
| ७. | मन्त्रालयमा छुट्टै गुनासो व्यवस्थापन शाखा स्थापना गरिएको । |

| | |
|---|---|
| ८. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त ९३ वटा उजुरी मध्ये ५४ वटा फर्छ्यौट गरी लगत कट्टाको लागि पठाइएको । |
| ९. | मन्त्रालय र मातहत निकायमा रहेको कूल बेरुजुको ३७ प्रतिशत यस वर्ष फर्छ्यौट गरिएको । |
| १०. | लागुऔषध नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी स्थानीय तहलाई मार्गदर्शन, २०७६ तर्जुमा गरी कार्यान्वयनका लागि पठाइएको । |
| ११. | यातायात क्षेत्रमा रहेको सिण्डिकेटको अन्त्य गरिएको । |
| १२. | संस्था दर्ता ऐन २०३४ र राष्ट्रिय निर्देशन ऐन २०१८ बमोजिम दर्ता भएका संघ संस्थाहरुको नाममा रहेको अचल सम्पत्ति नेपाल सरकारको स्वीकृतिविना बेचबिखन गर्न गराउन नपाइने निर्णय गरी कार्यान्वयन गरिएको । |

## सूचना प्रविधिमा आधारित गृह प्रशासन

| क्र. स. | उपलब्धि |
|---|---|
| १. | राष्ट्रिय परिचय व्यवस्थापन प्रणाली स्थापना गर्ने प्रथम चरणको कार्य सम्पन्न गरी परिचय पत्र वितरण शुरु गरिएको । हालसम्म ८० हजार नागरिकलाई राष्ट्रिय परिचय पत्र प्रदान गरिएको । |
| २. | आगामी दुई वर्षभित्र सबै नागरिकलाई परिचय पत्र प्रदान गर्न आवश्यक नीति र रणनीति तर्जुमा गरी लागू गरिएको । |
| ३. | राष्ट्रिय परिचय-पत्रको दोश्रो चरणको कार्यक्रम कार्यान्वयन गरी १५ जिल्लामा विस्तार प्रारम्भ गरिएको । |
| ४. | सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न लाभग्राहीहरुको अनलाइन दर्ता अभिलेख राख्नुका साथै २३ सय वडाहरुमा अनलाईन पञ्जिकरण सेवा प्रवाह भइरहेको । |
| ५. | नागरिकता सूचना व्यवस्थापन प्रणालीको स्तरोन्नति भइरहेको । |
| ६. | सबै जिल्ला प्रशासन कार्यालयमा डिजिटल नागरिक बडापत्र र १० वटा जिल्लामा मो बाइल एप्स मार्फत सेवा प्रदान भएको । |
| ७. | अपराध अनुसन्धानको लागि दुईवटा प्रदेशमा डिजिटल फोरेन्सिक ल्याब स्थापना भएको । |
| ८. | भरपर्दो सञ्चार नेटवर्कको लागि थप आठ प्रहरी कार्यालयहरुमा V-SAT जडान गरी सेवा सञ्चालन गरिएको । |
| ९. | जिल्ला प्रशासन कार्यालयहरुबाट मन्त्रालयमा प्राप्त हुने दैनिक जाहेरी घटना एवं विषयगत प्रगति प्रतिवेदनहरु एकीकृत प्रणालीबाट प्राप्त हुने गरी दैनिक प्रतिवेदन प्रणाली (Daily Reporting System) विकास गरी सञ्चालनमा ल्याइएको । |

## कार्यालय, जनशक्ति एवं भौतिक स्रोत साधन व्यवस्थापन

| क्र. स. | उपलब्धि |
|---|---|
| १. | मन्त्रालयको जगेडा वा जिम्मेवारी विहिन अवस्थामा कुनै कर्मचारी नरहेको |
| २. | प्रहरी प्रशासनलाई संविधानको मूल मर्म र भावना अनुरुप प्रहरी प्रशासनलाई संघीय संरचनामा रुपान्तरण गर्ने तयारी स्वरुप प्रहरी संगठनमा माथिल्लो पदहरु कटौती गरी तल्लो पदहरु वृद्धि गरी जनस्तरसम्म विस्तार गरिएको । |
| ३. | जिल्लामा प्रमुख जिल्ला अधिकारी  र सहायक कर्मचारी अभाव हुन नदिन आवश्यक व्यवस्था मिलाइएको |
| ४. | नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग अन्तर्गतका सुरक्षाकर्मीहरुको अवरुद्ध बढुवा र सरुवा नियमित गरिएको । ८१४३ नेपाल प्रहरी, ५५१४ जना सशस्त्र प्रहरी कर्मचारी  र ३७७ जना राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीको बढुवा भएको । |
| ५. | मन्त्रालयका प्रत्येक शाखाले सम्पादन गर्ने कार्यको विस्तृत कार्यसञ्चालन कार्यविधि तयार गरी लागू गरिएको । |
| ६. | मन्त्रालयको अभिलेख व्यवस्थित गरिएको । नागरिकतासम्बन्धी फाइल अभिलेखहरु कम्प्युटराइज्ड गर्ने कार्य भइरहेको |
| ७. | गृह सचिव र मातहतका जिम्मेवार अधिकृतबीच सिधा सम्पर्क स्थापित गरी निर्देशन र समस्या समाधानमा शीघ्रता ल्याइएको । |
| ८. | लामो समयदेखि थाँती रहेको नेपाल खाद्य संस्थानको स्वामित्वमा रहेको १५ रोपनी जग्गा महानगरी प्रहरी परिसरको नाममा रजिष्ट्रेसन पास गरिएको । |
| ९. | नेपाल आयल निगमको स्वामित्वमा रहेको टेकुस्थित ९ रोपनी जग्गा नेपाल प्रहरी महानगरीय अपराध महाशाखाको नाममा रजिष्ट्रेशन पास भएको । |
| १०. | अध्यगमन कार्यालय बेलहिया रुपन्देहीलाई प्लान्ट क्वारेन्टाइनको जग्गामा भौतिक पूर्वाधार निर्माण गर्ने स्वीकृति लिइएको |
| ११. | महानगरी प्रहरी प्रभाग कमलपोखरीलाई पौष्टिक आहार शिक्षा परियोजनाको भवन र परिसर उपलब्ध गराइएको । |

| | |
|---|---|
| १२. | ६३ थान चारपाङ्गे र ४ थान दुई पाङ्गे सवारी साधनहरु स्थानीय तह र विभिन्न मन्त्रालय निकायहरुलाई हस्तान्तरण गरिएको । लिलाम गर्नुपर्ने सवारी साधन नरहेको । |

## अध्यागमन र सीमा प्रशासनको सुदृढीकरण

| क. स. | उपलब्धि |
|---|---|
| १. | सीमा व्यवस्थापन सम्बन्धमा हाल प्रचलनमा रहेको आईएमएमआई सफ्टवेयरको विकल्पमा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुने गरी नेपाल पोर्ट नामको सफ्टवेयर निर्माणको कार्य अन्तिम चरणमा रहेको । |
| २. | थप तीन स्थानमा अध्यागमन कार्यालय स्थापना गरिएको । |
| ३. | विदेशी नागरिक अनुगमन निर्देशिका कार्यान्वयनमा ल्याइएको । |
| ४. | त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयको कर्मचारीको निरन्तर र सूक्ष्म अनुगमन गरी सेवा प्रवाह र सदाचारिता प्रवर्द्धन गर्नुको साथै भौतिक विन्यास सुधार गरिएको । |
| ५. | अध्यागमन विभागबाट प्रदान गरिने पर्यटक र गैरपर्यटक भिसा वितरण सेवालाई विद्युतीय टोकन प्रणालीबाट प्रदान गर्न थालिएको । क्रमशः ई-भीसा प्रणाली लागू गर्ने सम्बन्धमा गृह कार्य भैरहेको । |
| ६. | ई.सं. २०१९ जनवरी १ बाट लागू हुनेगरि नेपाल र संयुक्त राज्य अमेरीकाबीच भिसा पारस्पारिकता कायम भएको । |

## कारागारको संस्थागत सुदृढीकरण

| क. स. | उपलब्धि |
|---|---|
| १ | करिब ४५०० कैदीबन्दीको क्षमता विस्तार हुनेगरि कारागार भवन निर्माण सुनिश्चता गरिएको । (चालु आ.व.को प्रथम चौमासिकमा सम्पन्न हुने) । |
| २ | सबै कारागारमा सिसिटिभि र ९ वटा कारागार र सम्बन्धित अदालतबीच भिडियो कन्फरेन्सिङ प्रणाली स्थापना गरिएको । |
| ३ | फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को प्रावधान बमोजिम कैद सजाय निर्धारण भएका कसूरदारलाई सामुदायिक सेवा, खुला कारागार वा प्यारोलमा राख्न सकिने व्यवस्था कार्यान्वयनको क्रममा रहेको । |
| ४ | कैद कट्टा नियमावली, २०७६ निर्माण गरी कार्यान्वयनमा ल्याइएको । |
| ५ | कारागारको आन्तरिक प्रशासनमा खटिने कैदी बन्दीको कार्यकाल १ वर्ष तोकी कार्यान्वयनमा ल्याइएको । |
| ६ | कारागारहरुलाई विभिन्न १५ वटा सवारी साधनहरु उपलब्ध गराइएको । |

## विपद् जोखिम न्यूनीकरणमा क्षमता अभिवृद्धि

| क स | उपलब्धि |
|---|---|
| १ | विपद् जोखिम न्यूनिकरणसम्बन्धी २ वटा कार्ययोजना कार्यान्वयनमा ल्याइएको |
| २ | जुरे पहिरोको पीडितहरुलाई राहत उपलब्ध गराउने सम्बन्धी समस्या समाधान गरिएको |
| ३ | विपद् पछिको खोज तथा उद्धारका लागि हरेक जिल्लामा शीघ्र परिचालन टोली अद्यावधिक राखी २४ घण्टाभित्र खोज तथा उद्धार कार्य सम्पन्न गरिएको |
| ४ | विपद्को घटना घटेको ७२ घण्टाभित्र राहत उपलब्ध गराइएको |
| ५ | विपद्को समयमा मानवीय सहायता क्षेत्रलाई विस्तार गर्नेक्रममा बाँकेमा Forward Logistic Base निर्माण कार्य शुरु गरिएको । |
| ६ | विपद् पोर्टल एवं सामाजिक सञ्जाल मार्फत जलवायुजन्य विपद्को पूर्वसूचना प्रवाह व्यवस्थित गरिएको |
| ७ | विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् र कार्यकारी परिषद्को बैठकलाई नियमितता दिइएको |
| ८ | विपद् जोखिम न्यूनिकरणको Sendai कार्यढाँचाको बेसलाइन तथ्यांक अनलाइन प्रविष्टि शुरु गरिएको |

## अन्तरराष्ट्रिय सहयोग र समन्वय

| क स | उपलब्धि |
|---|---|
| १ | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (अनुबन्ध) International Convenant on civil and political Rights-ICCPR को आवधिक प्रतिवेदन तयार गर्ने कार्य भैरहेको । |
| २ | Convention Against Torture (CAT) सम्बन्धि तेस्रो, चौथो, पाँचौ, छैठौं र सातौ आवधिक प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसंघमा पठाउने प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको |
| ३ | अन्तर्देशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको मानव विशेष गरी महिला तथा बालबालिकाहरुको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने परिपूरक उपलेख २००० (Palermo Protocol) मा नेपालले सम्मिलन गर्ने र सम्मिलन पश्चात नेपाललाई सृजना हुने थप दायित्वहरुको कार्यान्वयन गर्दै जाने प्रयोजनको लागि कार्यान्वयन कार्ययोजना तयार गरी संघीय संसदमा पेश गर्ने प्रकृयामा रहेको । |
| ४ | विपद् जोखिम न्यूनिकरणसम्बन्धी क्षेत्रीय परामर्श समूहको सम्मेलन आयोजना गरी नेपालले अध्यक्षता गरिरहेको । |

| | | |
|---|---|---|
| ५ | संयुक्त राष्ट्र संघ लागुऔषध तथा अपराध कार्यालय अन्तर्गत लागुऔषध कमिशनमा नेपाल सदस्यको रुपमा निर्वाचित भएको । |
| ६ | विगतदेखि तय भई थाँति रहेका शान्ति सुरक्षा अपराध नियन्त्रण र विपद् व्यवस्थापन एवं द्विपक्षीय सुरक्षा सम्बन्ध ७ वटा अन्तरराष्ट्रिय बैठक र सम्मेलन आयोजना गरिएको । |

## ६. विदेश भ्रमण र प्राप्त उपलब्धि

यस अवधिमा दुईवटा वैदेशिक भ्रमण गरी देहायको कार्यक्रममा सहभागी भएको थिएँ जसबाट देहायको उपलब्धि र योगदान पुगेको विश्वास लिएको छु ।

| क्र.स. | कार्यक्रमको नाम मिति र स्थान | समझदारी, निर्णय वा घोषणा | योगदान |
|---|---|---|---|
| १ | Asian Ministerial Conference on Disaster Risk Reduction. *Preventing Disaster risk: Protecting Sustainable Development,* 3-6 July, 2018, Ulaanbaatar, Mangolia | उलानबटार घोषणा जारी भएको | - विपद् सम्बन्धी अन्तर्राष्ट्रिय नीति कार्यक्रम र राष्ट्रिय नीतिको तादाम्यता विश्लेषण गरिएको ।<br>- अन्तराष्ट्रिय सफल अभ्यासहरु अवलम्बन गर्न मार्गदर्शन भएको ।<br>- अन्तराष्ट्रिय सहयोग र साझेदारीमा अभिवृद्धि भएको । |
| २ | Global Plateform for Disaster Risk Reduction, May 2019 Geneva, Switzerland | | - नेपालको कानूनी र संरचनागत व्यवस्था एवं सफल अभ्यास विश्वसामु पुऱ्याइएको<br>- सेण्डाइ कार्यढाँचा कार्यान्वयमा अन्तर्राष्ट्रिय सहयोगको अपील गरिएको । |

## ७. अनुगमन मूल्यांकन

विभिन्न शाखा महाशाखा र विभागीय स्तरबाट अनुगमनलाई प्रभावकारी बनाउन निर्देशन गरिएको । मन्त्रालयको लागि छुट्टै अनुगमन संयन्त्र तयार गरी मुलुकभर खटाइएको । सबै प्रदेश समेटिने गरी १४ पटक म सहित उच्च नेतृत्वतहबाट समग्र गृह प्रशासनको कामकारबाहीको अनुगमन

सम्पन्न भएको छ । अनुगमनबाट प्राप्त पृष्ठपोषण एवं देखिएका समस्या र कमजोरी समाधान गर्न कार्यान्वयन कार्ययोजना तयार गरीएको ।

## ८. नवप्रवर्तनशील प्रयास

नियमित काम कारवाहीलाई छिटो छरितो बनाउनुको अतिरिक्त देहायका क्षेत्रहरुमा विशेष सक्रियता लिई गृह प्रशासनको सुधार प्रयास गरिएको छ ।

- सार्वजनिक एवं सरकारी जमिनको अतिक्रमण उपर छानविन गराई कानूनी कार्यवाहीको दायरामा ल्याइएको ।
- शान्ति सुरक्षा अपराध नियन्त्रण र सेवा प्रवाह एवं सुशासन प्रवर्द्धन गर्न गृह मन्त्रालय मातहतका निकायहरुलाई विभिन्न विषयमा ५३ वटा निर्देशन जारी गरिएको ।
- गृह मन्त्रालय र मातहत निकायलाई भौतिक स्रोत साधन युक्त बनाउन अर्थ लगायतका मन्त्रालय निकायसँग सीधा समन्वय गरी तीब्रता दिइएको ।
- अरुण तेश्रो लगायतका ठूला विकास आयोजनाहरुमा सुरक्षा व्यवस्था प्रदान गरिएको ।,
- राष्ट्रिय दिवस र समारोहहरु नयाँ र रचनात्मक क्रियाकलापकासाथ मनाइएको ,
- प्रत्येक दिन विहान महाशाखा प्रमुख र विभागीय प्रमुखहरु सहभागी एस एम टी बैठक गरी दैनिक कार्यसूचि तय गरी काम कारवाही सम्पन्न गर्ने पद्धति स्थापित गरिएको ।
- हरेक महिनाको पहिलो र तेस्रो आइतवार स्टाफ बैठक गरी मन्त्रालयको काम कारबाही समीक्षा, समन्वय, गुनासो व्यवस्थापन एवं सुधार र आवश्यक निर्देशन दिने गरिएको ।
- मन्त्रालयमा विभिन्न गुनासो वा समस्या लिई आउने २८६४ जना व्यक्तिहरुको गुनासो सुनुवाई गरी समस्या समाधानको पहल गरिएको ।

## ९. समस्या र चुनौती

समग्र सार्वजनिक प्रशासनमा रहेको परम्परागत वा अन्तरनिहित कमजोरी र समस्याहरु गृह प्रशासनमा पनि रहेका थिए र छन् । राष्ट्रसेवकमा नतिजाप्रतिको उदासिनता प्रमुख समस्याको रुपमा रहेको छ । मूलभूत रुपमा सुरक्षा चासो र चिन्तालाई सबै विकासका आयामहरुमा मूलप्रवाहीकरण हुन नसक्दा सुरक्षा परेको बेलामा मात्र चाहिने सुरक्षाका आवश्यकतामा प्रस्तुत गर्ने गरिएको छ । सुरक्षा चुनौतीको मुख्य स्रोत गृह प्रशासन भन्दा बाहिरबाट नै हुने गर्दछ । सबै सार्वजनिक, निजी र

नागरिक तहबाट कानून बमोजिम कार्यसम्पादन हुन नसक्दा समस्याले सुरक्षा चुनौती सिर्जना गर्दछ। त्यसैगरि सुरक्षा निकायको क्षमता अभिवृद्धि गर्नु अति आवश्यक छ तर आर्थिक स्रोत साधनको कमीले गर्दा जनशक्तिको आकार विस्तार, यन्त्रउपकरण र प्रविधिको उपयोग अपेक्षित मात्रामा हुन सकेको छैन। विपद्पछिको खोज तथा उद्धारमा स्थानीय जनशक्ति र साधनस्रोतको परिचालनलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ। त्यसैगरी सीमापार अपराधका घटनाहरुलाई नियन्त्रण गर्नु, भूमण्डलीकरण र सूचना प्रविधिको दुरुपयोग जस्ता सुरक्षा चुनौती सामना गर्न विशेष क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको छ। विषयगत समस्या र चुनौती यी भए तापनि राष्ट्रसेवक माझ इमान्दारिता र सदाचारिता सहितको कार्यसम्पादन संस्कारको विकास गर्नु सबै भन्दा ठूलो चुनौती रहेको ठानेको छु।

## १० भावी कार्यदिशा र निष्कर्ष

जनअपेक्षाबमोजिम विकास र सेवा प्रवाह गर्न सकिएन भने सुरक्षा चासोले गम्भीर रुप लिने हुँदा समग्र शासकीय क्षमताको विकास जरुरी हुन्छ। नेपालको संविधानबमोजिम सुरक्षा र अपराध नियन्त्रणको कार्यजिम्मेवारीलाई उपयुक्त ढंगले संघीयकरण गर्नु आवश्यक छ। गृह प्रशासनको जोड रोकथाममूलक वा प्रवर्द्धनात्मक र उपाचारात्मक दुबै पक्षमा सन्तुलित ढङ्गले कार्यसम्पादन गर्नुपर्दछ। अबको सुधार देहायका स्तम्भमा केन्द्रित हुनु जरुरी छ।

- सुरक्षा चासोलाई सम्बद्ध क्षेत्रगत नीति, कार्यक्रम र बजेटमा मूल प्रवाहीकरण गर्ने,
- सुरक्षा निकायको संस्थागत क्षमता विकास गरी व्यवसायिक तुल्याउने,
- गृह प्रशासनको आन्तरिक शुद्धीकरणमा कठोर नीति अवलम्बन गर्ने,
- कानूनको प्रभावकारी कार्यान्वयन मार्फत विकृति र विसङ्गतिलाई निर्मम प्रहार गर्ने

नेपालको वर्तमान आन्तरिक अवस्था र भूराजनीतिक परिवेशलाई मध्यनजर गरी आगामी दिनमा नागरिकता, गैरकानूनी आप्रवासन, लागुऔषध, मानव बेचबिखन लगायतका सङ्गठित अपराध नियन्त्रणको दिगो समाधान गर्नु जरुरी देखिएको छ। राजनीतिक तथा सामाजिक क्षेत्रका सरोकारवालाहरुबीच आन्तरिक सुरक्षाको विषय र यसप्रतिको बुझाइमा एकरुपता ल्याउन समेत विशेष पहल गर्नु जरुरी छ। राष्ट्रको सुरक्षा सार्वभौमिकता र आन्तरिक मामिलामा सरोकारवालाबीच आधारभूत मान्यतामा नै फरक हुँदा आन्तरिक शासकीय क्षमता कमजोर हुनेहुँदा यसतर्फ पर्याप्त ध्यान दिनु पर्दछ।

अनुसूची-२

# नमूना सेवा प्रदायक जिल्लाहरूको प्रगति विवरण

## जिल्ला प्रशासन कार्यालय, सुर्खेतबाट आ.व. २०७५/७६ मा सम्पादन भएका कार्यहरू

नमूना सेवा प्रदायक जिल्ला प्रशासन कार्यालय, सुर्खेतबाट सम्पादित कार्यहरु प्रत्यक्ष सेवाग्राहीसँग सरोकार राख्ने र सेवा प्रवाह गर्न महत्वपूर्ण निकायका रुपमा जिल्ला प्रशासन कार्यालयले जनतालाई विविध सेवाहरु प्रवाह गर्दै आएको छ । यस सन्दर्भमा बढ्दो जनसंख्या, परिवर्तित राजनीति एवं शासन प्रणाली, सूचना प्रविधिको बढ्दो प्रयोग, जनचेतनामा दिनानुदिन अभिवृद्धि, जनताका बढ्दो आकांक्षा, सेवा प्रदायकबीचमा प्रतिस्पर्धा, विश्वव्यापीकरण, जलवायु  परिवर्तन, प्रदूषण, गरिबी, बेरोजगारी जस्ता कुराहरुले गर्दा दिनानुदिन जिल्ला प्रशासन कार्यालयले दिनुपर्ने सेवाको क्षेत्र विस्तार हुदै गईरहेको र छिटोछरितो, चुस्त, पारदर्शी र जनउत्तरदायी सेवा प्रवाह गर्नुपर्ने अवस्था छ । नमूना सेवा प्रदायक कार्यालयको रुपमा छनौटमा रहेको यस जिल्ला प्रशासन कार्यालय, सुर्खेतबाट आ.व. २०७५/०७६ मा भए गरेका सूचकहरुको विवरणहरु :

**१) प्रवेशद्वार निर्माण :**

कार्यालयको हाता भित्र प्रवेश गर्ने मुख्य स्थानमा कार्यालयको नाम सहितको होडिङ बोर्डको निर्माण गरी गेटको रुपमा निर्माण गरिएको .

**२) डिजिटल नागरिक बडापत्र :**

सेवाग्राहीहरुलाई सहज रुपमा जिल्ला प्रशासन कार्यालयबाट हुने विभिन्न सेवा प्रवाहहरुको अधिकतम जानकारी दिने उद्देश्यका साथ गृह मन्त्रालयको नमूना सेवा प्रदायक कार्यालयको सूचकको साथै पुरानो भित्तेलेखन नागरिक बडापत्रलाई परिमार्जित गरी आजको आवश्यकता अनुरुपको सूचना प्रविधिको विकाससंगै डिजिटल नागरिक बडापत्रको जडानका लागि डिजिटल नागरिक बडापत्र खरीद गरी कार्यालयमा संचालनमा आइरहेको छ ।

**३) भेन्डर मेशीन जडान एवं सञ्चालन :**

जिल्ला प्रशासन कार्यालयले दिनुपर्ने सेवाको क्षेत्र विस्तार हुदै गईरहेको र छिटोछरितो, चुस्त, पारदर्शी र जनउत्तरदायी सेवा प्रवाह गनुपर्ने अवस्था श्रृजना भएकोले उक्त सेवाहरु सरल र सहज ढंगबाट प्रवाह गर्नको लागि सेवाग्राहीहरुलाई टोकन प्रणाली लागू गर्ने उद्देश्यले भेन्डर मेशीनको जडान एवं प्रयोग शुरु गरिएको छ ।

उक्त प्रणालीबाट सेवाग्राहीमा निपष्क्षता, सहज र छिटो किसिमबाट सेवा वितरण भएको अनुभव गर्न सकिन्छ ।

**४) इजलासमा फर्निचरको व्यवस्थापन :**

कार्यालयमा जीर्ण एवं पुराना फर्निचरका साथै पर्याप्त मात्रामा फर्निचर अभावका कारण जिल्ला प्रशासन कार्यालयमा मुद्दासम्बन्धी कार्यको लागि आउने सेवाग्राहीहरुलाई सहज रुपमा बस्ने व्यवस्थापनको लागि इजालास कक्षमा थप नयाँ फर्निचरहरुको व्यवस्थापन गरिएको छ ।

## ५. स्तनपान कक्षको निर्माण :

सेवा प्राप्तिको लागि आउने सेवाग्राहीमध्ये महिला सेवाग्राही तथा कार्यालयमा कार्यरत महिला कर्मचारीहरुले आफ्ना बालबच्चालाई स्तनपान गराउन सहजताको लागि कार्यालय हाता भित्रै छुट्टै गोप्य स्तानपान कक्षको स्थापन गरेको छ । जसबाट दुधेबच्चा सहित आउने महिला सेवाग्राही तथा महिला कर्मचारीहरुलाई स्तनपान गराउन सहज हुने वातावरण सृजना हुनेछ ।

## ६. प्र.जि.अ. ज्यूको कार्यकक्ष व्यवस्थापन :

प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा उचित फर्निचर एवं कार्यकक्ष व्यवस्थापनको अभाव महसुस गरी आवश्यक नयाँ फर्निचर सहितको कार्यकक्ष व्यवस्थापन गरिएको .

## ७. काउन्टरको व्यवस्था :

कार्यालयमा आउने सेवाग्राहीहरुलाई विभिन्न कार्यकक्ष तथा कामकाजलाई सहजता प्रदान गर्न कार्यालयको मूल भागमा काउन्टरको व्यवस्थापन गरिएको छ। उक्त काउन्टरबाट नै दर्ता, चलानी लगायतका सोधपुछ समेतको कार्य संचालन भईरहेको छ । अपाङ्ग, वृद्ध लगायतको व्यक्तिहरुको पहिचान गरी उनीहरुको काममा सहजता प्रदान गर्ने कार्य समेत भइरहेको छ ।

## ८. इन्टरकमको व्यवस्था :

कार्यालयमा रहेका विभिन्न कक्षहरुमा सहजै रुपमा छिटो र सजिलो तवरबाट एक अर्कासंग सोधपुछ एवं सर्म्पक गरी कार्य सम्पादन गर्नको लागि प्रत्येक कार्य कक्षहरुमा इन्टरकम टेलिफोनको व्यवस्था गरिएको छ ।

## ९. अर्थिङ जडान :

कार्यालयमा संचालनमा रहेका विभिन्न बिद्युतीय उपकरणहरुलाई विभिन्न बाह्य स्रोतबाट सुरक्षा प्रदान गर्न एवं भवनमा कुनैपनि बिद्युतीय अप्रिय घट्ना हुन नदिनको लागि कार्यालयको भवनमा अर्थिङ जडान गरिएको छ ।

## १०. रबरबोट व्यवस्थापन :

वर्षायाम संगसंगै शुरु हुने विभिन्न विपद्का घटनाहरुमध्ये बाढी प्रभावित क्षेत्रमा राहत तथा उद्धार कार्यमा बढी प्रभावकारी रुपमा संचालन गर्नको लागि कार्यालयमा रबरबोट खरीद गरी कार्यालयमा राखिएको छ ।

## ११. फ्री-वाईफाई जोन :

सूचना प्रविधिको उचित प्रयोग गर्ने उद्देश्यका साथ कार्यालयमा विभिन्न सेवाका लागि आउने सेवाग्राहीहरुलाई निशुल्क रुपमा इन्टरनेटको सुविधा प्रदान गरी कामको सहजताको लागि कार्यालयको हाताभित्र फ्री-वाईफाई जोन संचालन गरिएको छ ।

(२) **अपाङ्गमैत्री शौचालय** :

दैनिक जिल्ला प्रशासन कार्यालयमा सपाङ्ग सहित अपाङ्ग सेवाग्राहीहरु समेत सेवा लिनको लागि कार्यालयमा आउने हुँदा उनीहरुको सुविधा र सहजतालाई ध्यानमा राखी कार्यालय समयमा सहज र सरल तवरबाट शौचको प्रयोगका लागि मन्त्रालयको निर्देशित सूचक अनुरुप अपाङ्गमैत्री शौचालय निर्माण गरी संचालनमा रहेको ।

## जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट आ.व. २०७५/७६ मा सम्पादन भएका कार्यहरू

### शान्ति सुरक्षा र अमनचयन

- जिल्लामा शान्ति सुरक्षाको विश्वसनीय र भरपर्दो सुरक्षा व्यवस्था मिलाई नागरिकको शान्ति सुरक्षा र अमनचयनको व्यवस्था पूर्णरुपमा मिलाइएको ।
- जिल्लाको Crime Map सहितको एकीकृत रणनीतिक सुरक्षा योजना तयार गरिएको ।
- जिल्ला सुरक्षा समितिको बैठकलाई गतिशील, नतिजामुखी र प्रभावकारी बनाइएको ।
- जिल्ला सुरक्षा समितिको बैठक ३३ पटक स्पष्ट एजेन्डा सहित सञ्चालन गरिएको ।
- राजमार्गलाई निर्वाध रुपमा सञ्चालन हुने व्यवस्था मिलाइएको ।
- जिल्ला प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालयहरुको नियमित रुपमा निरीक्षण गरिएको ।
- प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालना गर्दा कानूनबमोजिम कार्य गरे नगरेको सम्बन्धमा अनुगमन गरिएको ।
- गुण्डागर्दी, संगठित अपराध, जबरजस्ती असुली, महिला हिंसा लगायतका अपराधलाई नियन्त्रण गरिएको ।
- सरकारी जग्गा वा सार्वजनिक सम्पत्तिको संरक्षणहेतु जिल्लाभित्र रहेका सार्वजनिक जग्गाहरुको स्थानीय तहसँग समन्वय गरी विवरण संकलन र अध्यावधिक गर्ने कार्य प्रारम्भ गरिएको ।
- अवैध हातहतियारको प्रयोग तथा ओसारपसार नियन्त्रण गरिएको ।

### सेवा प्रवाह

- बंशजको आधारमा नयाँ नागरिकता १६,६१३ (पुरुष: ७०१९, महिला: ९५९४), वैवाहिक अंगिकृत नागरिकता १६, जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई बंशजको नागरिकता ३० र प्रतिलिपि नागरिकता ७६८६ वटा वितरण गरिएको ।
- सेवा प्रवाहलाई जनताको घरदैलोसम्म पुर्याउने उद्देश्यले यस कार्यालयबाट जिल्लाका विभिन्न स्थानमा विभिन्न मितिमा नागरिकता वितरण घुम्ती-शिविर सञ्चालन गरिएको ।
- ५००५ वटा राहदानी कार्यालयबाट वितरण गरिएको र ५०९८ वटा द्रुत सिफारिस गरी राहदानी विभागमा पठाइएको ।

- संस्था दर्ता ७५ तथा संस्था नवीकरण ३१९ वटा गरिएको ।
- २३५ वटा नाबालक परिचयपत्र जारी गरिएको ।
- जिल्ला प्रशासन कार्यालयमा सुनुवाई हुने मुद्दाहरुमा मुद्दाको प्रकृति हेरी निरन्तर सुनुवाईको व्यवस्था गरी छिटो-छरितो ढंगले फैसला गर्ने व्यवस्था मिलाइएको । गत आ.व.को फर्छ्यौट हुन बाँकी ५५ र चालु आ.व. मा दर्ता भएका ३४७ वटा मुद्दा मध्ये ३२५ वटा (८०.८५ प्रतिशत) मुद्दा फर्छ्यौट गरिएको ।
- कार्यालय परिसरभित्र रहेको सुरक्षित वैदेशिक रोजगार परामर्श केन्द्रबाट ४५४१ (महिला: २९९२, पुरुष: १५४९) जनालाई वैदेशिक रोजगार सम्बन्धी परामर्श प्रदान गरिएको ।
- कार्यालय परिसरमा स्थापना गरिएको नागरिक सहायता कक्ष मार्फत प्रभावकारी ढंगले सेवा उपलब्ध गराइएको ।

## नागरिक सहायता कक्षबाट उपलब्ध गराइएको सेवाको विवरण

- सेवाग्राहीलाई सेवा लिन सजिलो होस् भन्नका लागि सेवा लिंदा लाग्ने शुल्क, गुनासो सुन्ने तथा सूचना अधिकारी र सेवा लिन सम्पर्क गर्ने कोठा जस्ता जानकारी भएका विवरणहरु कार्यालय परिसरको विभिन्न स्थानमा राखिएको ।
- कार्यालयको काम कारवाहीलाई पारदर्शी बनाउन कार्यालयको फेसबुक, वेबसाइट, इमेल जस्ता बिद्युतीय माध्यमहरुलाई नियमित अद्यावधिक गरी कार्यालयका गतिविधिहरु प्रवाह गर्ने गरिएको । बिद्युतीय माध्यमबाट नै गुनासो सुन्ने व्यवस्था मिलाइएको ।
- कार्यालयमा सेवा लिनआउने सेवाग्राहीहरुलाई लक्षित गरी यस कार्यालयसँग सम्बन्धित विविध जानकारी र सूचनाहरुकासाथै इन्टरनेट मार्फत उपलब्ध अन्य जानकारीमूलक विषयवस्तुहरुमा सहज पहुँच होस् भन्ने उद्देश्यकासाथ मिति २०७५ जेठ ८ गतेदेखि यस कार्यालय परिसरमा Free Wi-Fi को व्यवस्था मिलाइएकोमा सोलाई निरन्तरता दिंदै अझ प्रभावकारी बनाइएको ।

## भौतिक पूर्वाधार निर्माण

- कार्यालयको नयाँ भवन निर्माण कार्य अगाडि बढाइएको (DPC पासदेखि सबै ५४ वटा पिलर उठाइएको) तथा भवनको स्थायी नक्शा पास गरिएको ।
- कार्यालय व्यवस्थापनका लागि ६ कोठा भएको सेडघर निर्माण गरिएको ।
- कार्यालय परिसरभित्र नयाँ चौताराको निर्माण गरिएको र पुराना दुईवटा चौताराको मर्मत गरिएको ।
- कार्यालयमा आउने सेवाग्राहीहरुका लागि स्वच्छ र सफा महिला पुरुष अलग-अलग तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था मिलाइएको ।
- कार्यालय परिसरभित्र स्तनपान कक्ष निर्माण गरी सञ्चालनमा ल्याइएको ।
- कार्यालय परिसरभित्र रहेको प्रहरी व्यारेक मर्मत गरिएको ।
- जिल्लामा हुने विभिन्न विकास निर्माणका कार्यहरुमा समन्वय तथा सहजीकरण गरिएको ।

## सडक व्यवस्थापन

- मालपोत कार्यालय, मकवानपुर र अड्डामार्ग सडकको सवारी पार्किङ व्यवस्थित गर्न कार्यालय समयमा निजी सवारी साधनहरु प्रवेशमा रोक लगाईएको,
- कुलेखानी-सिस्नेरी-काठमाडौं तथा कुलेखानी-फाखेल-काठमाडौं रुटमा सञ्चालन हुने सुमोहरुमा मिति २०७५ असोज १ देखि जोर-बिजोर प्रणाली लागू गरिएको,
- सार्वजनिक सडक ऐन, २०३१ को दफा १९ बमोजिम स्वीकृति नलिएका सडक छेउ तथा फूटपाथमा राखेका निर्माण सामग्री र खुद्रा पसल राख्ने कार्य तत्काल बन्द गराइएको,

## लागुऔषध निषेध र व्यवस्थापन

- लागुऔषध नियन्त्रण कार्ययोजना, २०७५ बमोजिम जिल्लास्तरीय कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- विभिन्न निकायको समन्वय तथा सहकार्यमा स्थानीय तहहरुमा लागूऔषध विरुद्धको सचेतना तथा जागरण अभियान सञ्चालन गरिएको ।
- विभिन्न सरोकारवाला निकायहरुको समन्वयमा जिल्लाको माध्यमिक विद्यालयका (१-१२ कक्षाका) विद्यार्थीहरुलाई लागुऔषध विरुद्धमा सचेतना अभिवृद्धि गराइएको ।
- गाँजा, अफिम लगायतका लागुपदार्थजन्य खेती नष्ट गरिएको । (३४२ विगाहा २ कट्ठा १० धुर क्षेत्रफलको गाँजा तथा ३३ विगाहा ७ कट्ठा क्षेत्रफलको अफिम खेती नष्ट गरिएको)
- लागुऔषध प्रयोगकर्ताहरुका लागि सञ्चालनमा रहेका उपचार तथा पुनर्स्थापना केन्द्रबाट उपलब्ध हुने सेवालाई प्रभावकारी बनाइएको ।
- लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस, २०१९ विविध क्रियाकलापहरु आयोजना गरी मनाइएको ।

## Intelligence Traffic Light

- हेटौडा बजार क्षेत्रमा बढ्दै गएको ट्राफिक जामलाई मध्यनजर गर्दै ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन हेटौडा बजार क्षेत्रमा Intelligence Traffic Light जडान गर्ने सम्बन्धमा सम्भावित स्थानहरु पहिचान गरी उक्त स्थानहरुमा Intelligence Traffic Light जडान गर्न प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा एक समिति गठन गरिएको ।
- Intelligence Traffic Light समिति गठन गरी जडान गर्ने स्थान पहिचान गरिएको ।

## औद्योगिक क्षेत्र व्यवस्थापन

- मजदूर समर्थक ट्रेड युनियनका पदाधिकारीहरुलाई औद्योगिक व्यवस्थापन र श्रमिक पक्षबीच विवाद समाधानार्थ सार्थक पहल गर्न र कानून विपरित गर्ने गराउने श्रमिकहरुलाई कानूनको दायरामा ल्याउन लगाइएको ।
- सौहार्द औद्योगिक वातावरण कायम गर्ने सन्दर्भमा युनियनका पदाधिकारीहरुलाई सामूहिक प्रतिबद्धता व्यक्त गर्न लगाइएको ।
- औद्योगिक क्षेत्र व्यवस्थापन र सडक खण्डको केन्द्रबिन्दु निश्चित गर्न जिल्ला नापी कार्यालयबाट पुनः नापजाँचको व्यवस्था मिलाइएको ।
- हेटौडा औद्योगिक क्षेत्रभित्र रहेका उद्योगहरुलाई थप व्यवस्थित गर्दै नयाँ उद्योगहरुको स्थापनाका लागि अनुकूल वातावरण सिर्जना गरिएको र कृषिजन्य उद्योगहरुलाई प्राथमिकता दिई स्थापनाका लागि प्रोत्साहन गर्ने व्यवस्था गरिएको ।

## विपद् व्यवस्थापन

- जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक ५ पटक सञ्चालन गरिएको ।
- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७६ (परिमार्जित तथा अध्यावधिक) तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- सबै स्थानीय तह समेटिने गरी उपलब्ध Equipment सहितको QRT/IRT को परिचालन गरिएको ।
- विपद्को समयमा उद्धार, राहत, सहजीकरण लगायतका क्रियाकलापको व्यावहारिक अभ्यास जिल्लास्थित सुरक्षा निकायहरुले विभिन्न मितिमा सञ्चालन गरेका ।
- विपद् भएको समयमा उद्धार र राहत तत्काल उपलब्ध गराइएको ।

## वर्डफ्लु व्यवस्थापन

- हेटौडा उपमहानगरपालिकाको पूर्वी क्षेत्रको विभिन्न स्थानमा वर्डफ्लु रोग फैलिई मिति २०७५।१२।०२ गतेदेखि मिति २०७६।०१।०५ गतेसम्म पंक्षी तथा पंक्षीजन्य पदार्थहरुको नष्ट गरिएको तथा नष्ट गरिएको पंक्षी तथा पंक्षीजन्य पदार्थहरुको नेपाल सरकार तथा सरोकारवाला बीमा कम्पनीहरुबाट सम्बन्धित कृषकहरुलाई क्षतिपूर्ति उपलब्ध गराइएको ।

## अन्य

- जिल्ला स्थित कार्यालयहरुले सञ्चालन गर्ने विकास आयोजनाहरुको पूँजीगत खर्च बढाउन तथा गुणस्तरीयता सुनिश्चित गर्न तेस्रो पक्ष (Third party) सहित विविध सरोकारवाला निकायहरु सम्मिलित संयुक्त अनुगमन (Joint Monitoring) को व्यवस्था मिलाइएको ।
- निजामती सेवा दिवस, २०७५ भव्यताकासाथ मनाइएको । दिवसको अवसरमा रक्तदान तथा

वृक्षारोपण कार्यक्रम सञ्चालन गरिएको । साथै, पहिलो सेवाग्राहीलाई सम्मान गरिएको ।

- विश्व वातावरण दिवस, २०१९ को उपलक्ष्यमा कार्यालय परिसरमा सरसफाई तथा विविध प्रजातिका फलफूलका विरुवा रोपिएको ।
- विभिन्न औद्योगिक प्रतिष्ठान, वन विज्ञान अध्ययन संस्थान तथा अन्य विभिन्न निकाय र संघसंस्थाका श्रम लगायत विभिन्न विवादहरु सरोकारवालाहरुसँगको सहजीकरण गरी सम्बोधन गरिएको ।

## जिल्ला प्रशासन कार्यालय, काठमाडौंको संक्षिप्त प्रगति विवरण

- तोकिएको समयभित्र एकिकृत रणनीतिक सुरक्षा योजना तयार गरिएको ।
- सम्बन्धित सरोकारवालाहरुको सहभागितामा काठमाण्डौ जिल्लाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको ।
- अ.दु.अ.आ. को मिसिल नं. ११५६ को काठमाण्डौ दहचोक ३ स्थित केन्ते (कुते) खोला छेउको सरकारी जग्गा ऐ निवासी हरिशरण बुढाथोकीले घुसाई पर्खाल लगाएको देखिएबाट नापी कार्यालय कलंकी र दहचोक गा. वि.स. सँग समन्वय गरी जग्गा संरक्षण गर्ने ।
- यस कार्यालयको Website समयमै अद्यावधिक गर्ने गरिएको ।
- अधिकृत स्तरका कर्मचारीहरुलाई कार्यबिवरण सहितको अधिकार प्रत्यायोजन गर्ने गरिएको ।
- जिल्ला प्रशासन कार्यालयको सेवाग्राहीको धेरै भिडभाड हुने नागरिकता शाखा र नागरिकता प्रतिलिपी शाखामा टोकन प्रणाली शुरुवात गरीएको ।
- कुल बेरुजु रु १,२६,८९,८१९ भएकोमा रु १,०१,००,००० संपरिक्षणको लागि पेश भएको ।
- रु ३०,४९,००० पुँजिगत बजेट रहेकोमा रु ३०,४८,८१२ खर्च भएको ।
- कार्यालयमा हुन विभिन्न कामका बारेमा सेवाग्राहीलाई जानकारी गराउन Digital charter को व्यवस्था गरिएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय कास्की

नमुना सेवा प्रदायक कार्यालय सम्वन्धी प्रतिवेदन

श्री गृह मन्त्रालय, योजना अनुगमन तथा मूल्याङ्कन शाखाको च.नं. १९८ मिति २०७५/१२/०८ गतेको पत्रानुसार आ.व.२०७५/७६ को वार्षिक नीति बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजनामा रहेका विभिन्न छ बटा नवप्रवर्तनशील तथा सिर्जनात्मक कार्यक्रमहरु अन्तर्गत प्रदेश राजधानी रहेका जिल्ला प्रशासन कार्यालयलाई नमुना सेवाप्रदायक कार्यालयको रुपमा विकास गर्ने कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा विभिन्न सूचकहरु सहित यस कार्यालयको हकमा रु. १,३८,०००।- बजेट समेत विनियोजित भई आएकोमा प्राप्त सूचकहरु बमोजिम निम्न कार्य सम्पन्न भएको छ ।

१. **कार्यालयको लेआउट काउन्टर मोडल बनाउने :** यस कार्यालयमा आउने सेवाग्राहीहरुले छिटो छरितो र सहज तवरले सेवा प्राप्त गर्ने गरी हाल नागरिकता तथा राहदानी शाखाको लेआउट काउन्टर मोडलमा तयार गरी सञ्चालनमा ल्याइएको।
२. **कार्यालयको पदाधिकारीहरुको कार्यकक्षसम्म सहज ढंगले पहुँच प्राप्त हुन सक्ने गरी अपाङ्ग मैत्री संरचनाको निर्माण तथा कार्यालयका कोठा नम्बरहरु सहितको कार्यालको नक्शा टाँश गर्ने :** नागरिकता, राहदानी, मुद्दा शाखाहरु रहेका कार्यालयको भुइतलामा अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुँच हुने व्यवस्था मिलाइएको । कार्यालयका कोठा नम्बरहरु सहितको कार्यालको नक्शा सबैले प्रष्ट देख्ने गरी कार्यालयको मूल ढोका बाहिर टाँस गरिएको ।
३. **अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकमैत्री कार्यालय संरचनाहरु :** कार्यालयको भुइतलासम्म अपाङ्गता भएका व्यक्तिहरुको पहुँच सहज भएको र जेष्ठ नागरिकहरुलाई सेवा प्रवाहमा पहिलो प्राथमिकता दिई सहज र छरितो तवरले सेवा दिनको लागि सहायता कक्षलाई थप प्रभावकारी बनाइएको।
४. **अपाङ्ग, ज्येष्ठ नागरिकमैत्री लगायत नागरिक सहायता कक्षको स्थापना र भेन्डिङ्ग मेसिन सहितको सन्चालन गर्ने :** अशक्त, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरुलाई सेवा प्रवाह सम्बन्धी कुनै दुविधा र असहज नहोस भन्ने ध्येयले उनीहरुलाई पहिलो प्राथमिकता दिई सहज र छरितो तवरले सेवा प्रदान गर्नको लागि कार्यालय भित्र प्रवेश गर्दा नै मूल प्रवेशद्वार सँगै रहेको दर्ता चलानी शाखासँग प्रष्ट र सजिलै देखिने स्थानमा एक जना ना.सु. स्तरको कर्मचारी सहित सहायता कक्षको व्यवस्था मिलाइएको। हाललाई नागरिकता र राहदानी शाखाबाट प्रदान गरिने सेवालाई पालो प्रणालीबाट सहज र छिटो तवरले सेवा प्रवाह गर्न भेन्डिङ्ग मेसिन (Queue System) जडान गरी सकिएको र छिट्टै सो प्रणाली सञ्चालनमा ल्याउने क्रममा रहेको ।
५. **इजलासको व्यवस्था :** कार्यालयको दोस्रो तलामा इजलास कक्ष स्थापना गरी आवश्यक फर्निचरको व्यवस्था गरिएको ।

सहायक प्रमुख जिल्ला अधिकारी

## जिल्ला प्रशासन कार्यालय मोरङ्गलाई नमूना सेवा प्रदायक कार्यालयको रुपमा विकास गर्न गरिएका क्रियाकलाप तथा प्रगति

**१) सेवा प्रवाह सहज तथा सुलभ वनाउन कोठा विन्यास सुधार :**

यस कार्यालयबाट प्रदान गरिने नयाँ नागरिकता, प्रतिलिपि नागरिकता, राहदानी तथा अन्य प्रशासनिक सेवा प्रदान गर्न कार्यालयको कोठा विन्यास सुधार गर्नुपर्ने आवश्यकता देखिएकोले माथि उल्लेखित सेवा प्रदान गरिने कोठाको विन्यास काउन्टर मोडेलमा तयार गरिएको छ, जसबाट सेवा प्रवाह सहज, छिटो, छरितो हुनुको साथै सेवाग्राहीको भींडको कुशल व्यवस्थापन भएको छ । यसका अतिरिक्त सिसिटिभि क्यामराबाट सेवा प्रवाह सम्बन्धी नीरिक्षण प्रत्यक्ष रुपमा प्र.जि.अ.बाट भइरहेको छ ।

**२) नागरिक सहायता कक्ष तथा सेवाग्राहीको चाप सम्बन्धमा :**

सेवाग्राहीलाई सेवा प्राप्त गर्ने सन्दर्भमा आवश्यक प्रक्रियागत जानकारी, निवेदन लेखन आदिका लागि नागरिक सहायता कक्ष स्थापना गरिएको छ भने सेवाग्राहीको सम्बन्धित फाँटमा हुने भींड व्यवस्थापनका लागि क्वीक मेनेजमेन्ट मेशिन नागरिक सहायता कक्ष सँगै स्थापना गरिएको छ । यसका साथै डिजिटल नागरिक वडापत्र पनि सञ्चालनमा ल्याएको छ ।

**३) अपाङ्गमैत्री तथा अन्य भौतिक संरचना निर्माण :**

यस कार्यालयमा सेवाग्राहीको चाप निकै हुने हुँदा सो कारणले अपाङ्ग, जेष्ठ नागरिक लागतय गर्भवति तथा सुत्केरी महिलालाई सहज सेवा प्रदान गर्न कठीन भइरहेको अवस्था सुधार गर्न कार्यालयको रिक्त फाँट तथा शौचालयसम्म पुग्न र्याम्प निर्माण गरिनुको साथै टेलिभिजनको व्यवस्था सहित उपयुक्त प्रतिक्षालय र हलको व्यवस्थापन गरिएको छ । यसका अतिरिक्त आधुनिक फर्निचर सहितको स्तनपान कक्ष, सेवाग्राहीर्लाइ सेवा दिने क्रममा सुविधाका लागि रेलिङ्ग, छाना आदि निर्माण गरिएको छ । त्यस्तै कार्यालयको सौन्दर्यता वढाउन सरसफाईका साथै फूल तथा अन्य विरुवा सहितको गमलाहरु राखिएको छ ।

**४) सूचना प्रविधिको उपयोग :**

सेवा प्रवाह सरल, सुलभ तथा छिटो छरितो वनाउन सूचना प्रविधिको महत्वपूर्ण भूमिका रहने भएकोले यस कार्यालयमा डिजिटल नागरिक वडापत्र, नागरिकता सेवाका लागि सि.एम.आई.एस. को प्रयोग अनिवार्य गरिएको छ । प्रत्येक शाखासँग कम्प्युटर नेटवर्क स्थापित गर्न लोकल एरिया नेटवर्क स्थापित गरिएको छ र निःशुल्क वाइफाई सुविधा उपलब्ध गराइएको छ । उपकरणको सुरक्षाका लागि अर्थिङ्ग जडान गरिएको छ ।

**५) सेवा प्रवाह र सूचनाको हक :**

सूचनाको हकको प्रत्याभूतिले सेवा प्रवाहमा निकै सुधारात्मक प्रभाव पार्ने र सुशासन प्रवर्द्धन हुने भएकोले यस कार्यालयमा सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारी तोकिएको छ । यसका अतिरिक्त कार्यालयका गतिविधि तथा प्रगति यस कार्यालयको वेभसाईट तथा फेसवुक पेजमा पनि निरन्तर अद्यावधिक गरी सार्वजनिक गर्ने गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी

१

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, धनुषा

कार्यालय :-०४१-४२००७५
फयाक्स :- ०४१-४२०४५०
E-mail : daodhanusha20@gmail.com

पत्र संख्या : ०७६/०७७
चलानी नं. : ३२

जनकपुरधाम
मिति :२०७६/०४/०२

विषयः- नमूना सेवा प्रदायकको प्रगती विवरण सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
योजना, अनुगमन तथा मूल्याङ्कन शाखा
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा ताहा मन्त्रालयको च.नं. २५२ मिति २०७६/०२/०७ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा तहाँ मन्त्रालयबाट ०७५/०७६ को लागि नमूना सेवा प्रदायक कार्यालयको रुपमा विकास गर्ने गरि थप बजेट विनियोजन गरिएको सर्न्दभमा यस कार्यालयबाट गरिएको सेवा प्रवाह सूचकहरु प्रगती तपशिल अनुसार रहेको व्यहोरा अनुरोध छ ।

प्रदीपराज कणेल
प्रमुख जिल्ला अधिकारी

तपशिल

१. इ-टोकन लागु गरिएको ।
२. विभिन्न जिल्लाको अभिलेख हेर्न राउटर खरिद गरि जडान गरिएको ।
३. Land Structure खरिद गरिएको ।
४. हेल्प डेस्कको व्यवस्था गरिएको ।
५. स्तनपान कक्ष निर्माण गरिएको ।
६. कार्यालयको गेट अगाडी सेड निर्माण गरिएको ।
७. फर्निचर खरिद गरी व्यवस्थित रुपमा सेवाप्रवाह गरिएको ।
८. कार्यालयको ले-आउट सम्बन्धि कार्य गरिएको ।

C:\Users\Dell\Desktop\प्रगति.docx

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

धनगढी, कैलाली

visit Nepal 2020

☎०९१-५२११०१ ☎०९१-५२२४४६
email:dao.kailali@gmail.com
web: daokailali.moha.gov.np

प.सं. २०७५।०७६

च.नं. ४३

मिति:-२०७६।०४।०२

विषय: प्रगति विवरण पठाएको सम्वन्धमा ।

श्री गृह मन्त्रालय,
योजना अनुगमन तथा मुल्याङ्कन शाखा
सिंहदरवार, काठमाण्डौ ।

प्रस्तुत विषयमा यस कार्यालयलाई नमुना सेवा प्रदायक कार्यालयको रुपमा विकास गर्न तपशील वमोजिमका सूचकहरुको कार्यान्वयनका लागी कार्यालयको बजेट उपशीर्षक नं. २१२०१६४(जिल्ला प्रशासन कार्यालयहरु)मा रु. १७,५०,०००।- विनियोजन गरि पठाईएकोमा सोही वमोजिमका सम्पूर्ण कार्यक्रमहरु सम्पन्न भैसकेको हुँदा सो को प्रगति विवरण तपसील वमोजिम रहेको व्यहोरा आदेशानुसार अनुरोध छ ।

| सि.नं. | ख.शि.नं. | कार्यक्रम | विनियोजित बजेट | क्रियाकलाप | भौतिक प्रगति | बजेट खर्च | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २९५११( मेशिनरी औजार) | LAN Structure खरिद | १,००,००० | ल्यान स्ट्रक्चर खरिद गरि कार्यालयको नेटवर्कीङलाई व्यवस्थित बनाएको | १००% | १,००,००० | १००% | |
| | | टोकन प्रणाली लागु गर्न Vending Machine खरिद | ३,००,००० | भेन्डीङ मेसिन खरिद गरि कार्यालयमा टोकन प्रणालीको सुरुवात गरिएको । | १००% | ३,००,००० | १००% | |
| | | Digital नागरिक वडापत्र निर्माण | २,५०,००० | कार्यालयमा डिजिटल नागरिक वडापत्रको लागि Software, computer र LED display खरिद गरि संचालनमा ल्याईएको । | १००% | २,५०,००० | १००% | |
| २ | २९६२१( पुँजिगत सुधार खर्च- सार्वजनिक निर्माण) | स्तनपान कक्ष निर्माण | २,००,००० | स्तनपान कक्ष निर्माण गरिएको । | १००% | २,००,००० | १००% | |
| | | प्रतिक्षालय निर्माण | २,००,०० | २ वटा प्रतिक्षालयहरुको वृहत मर्मत गरि सुविधायुक्त बनाइएको । | १००% | २,००,००० | १००% | |
| | | नागरिक सहायता कक्ष निर्माण | २,००,००० | कार्यालयमा नागरिक सहायता कक्ष निर्माण गरि सेवा प्रवाह भएको | १००% | २,००,००० | १००% | |
| ३ | २९३११( फर्निचर तथा फिक्चर्स) | इजलाश व्यवस्थापन तथा कार्यालय प्रयोजनका लागि फर्निचर खरिद | ५,००,००० | कार्यालयको इजलाश कक्ष तथा अन्य शाखाहरुमा आवश्यक फर्निचरहरु खरिद गरिएको । | १००% | ५,००,००० | १००% | |
| | जम्मा | | १७,५०,००० | | १००% | १७,५०,००० | १००% | |

२०७६/०४/०२

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## (आर्थिक प्रशासन शाखा)

सिद्धार्थनगर, रुपन्देही

☎ प्र.जि.अ(नि.)५२०३
फ्याक्स नं. ५२०१
५२०१
५२११
E-mail.daorupandehi@gmail.com
daorupandehi@moha.gov.np

पत्र संख्या :- ७/०७६/०७७
च. नं. :- ४९

मिति २०७६।०४।०२

विषय :-विवरण पठाईएको सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
(योजना अनुगमन तथा मूल्याङ्कन शाखा)
सिंहदरवार ,काठमाण्डौ

प्रस्तुत विषय तहाँ मन्त्रालयको च.नं. ३०६ मिति २०७६।०३।३० को पत्रानुसार नमूना सेवा प्रदायक कार्यालयको रुपमा विकास गर्न यस कार्यालयलाई बजेट विनियोजन सहित जिम्मेवारी तोकिएकोमा निर्दिष्ट गरिएका सेवा प्रवाह सूचकहरुको हाल सम्मको प्रगति तथा विनियोजित बजेटको खर्च अवस्था देहाय बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

| ख.शि.नं | क्रियाकलाप | बजेट रकम | खर्च रकम | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| २९५११(मेशिनरी औजार) | उपकरण सुरक्षाका लागि Earthing जडान | ३००००।०० | ३००००।०० | ०।० | कार्य सम्पन्न भई सञ्चालनमा आएको । |
| | LAN line खरिद | १०००००।०० | १०००००।०० | ०।० | |
| | टोकन प्रणाली Queue Management System | ३०००००।०० | ३०००००।०० | ०।० | |
| | Digital Sign Board जडान, Television वडा पत्र , | २५००००।०० | २५००००।०० | ०।० | |
| २९६२१ (पूजिगत सुधार खर्च सार्वजनिक निर्माण) | स्तनपान कक्ष निर्माण | २०००००।०० | २०००००।०० | ०।० | |
| | नागरिक सहायता कक्ष | २०००००।०० | २०००००।०० | ०।० | |
| | मेडिकल सहायता कक्ष | | | | |
| | कार्यालय लेआउट काउन्टर मोडल बनाउने | २५००००।०० | २५००००।०० | ०।० | |
| २९३११(फर्निचर तथा फिक्चर्स) | इजलाश व्यवस्थापन तथा कार्यालय प्रयोजनका लागि फर्निचर खरिद | ५०००००।०० | ५०००००।०० | ०।० | |
| | District Security Infromation Center, बगैचा निर्माण/सौन्दर्यीकरण , Name Warden, सेवाग्राही प्रतिक्षालय, क्यान्टिन सुधार, प्राथमिक उपचार केन्द्र र लाईब्रेरीको स्थापना भई संचालनमा आइसकेको | | | | |
| जम्मा | | १८,३००००।०० | १८३००००।०० | | |

प्रशासकीय अधिकृत

## अनुसूची-३

**वि.स. २००७ साल देखी हालसम्मको गृह सचिवज्यूहरूको नामवाली र कार्यकाल ।**

| क्र.स. | नाम | कार्यकाल |
|---|---|---|
| १ | गुञ्जमान सिंह | २००७ साल |
| २ | मेघ नरसिंह प्रधान | २००९ साल |
| ३ | यदुनाथ खनाल | २०१२/१०/१३ |
| ४ | लक्ष्मी नाथ गौतम | २०१३-२०१५/०२ |
| ५ | जीवनाथ लोहनी | २०१५/०२/१९-२०१६/०४... |
| ६ | प्रेमनरसिंह प्रधान | २०१६/०४...-२०१७/१० |
| ७ | छेत्रविक्रम राणा | २०१७/१०-२०२०/१२ |
| ८ | विष्णुमणी आचार्य | २०२०/१२-२०२३/०४ |
| ९ | छेत्रविक्रम राणा | २०२३/०५-२०२४/०२ |
| १० | सुन्दर प्रसाल शाह | २०२४/०२-२०२९/१२ |
| ११ | शेरबहादुर शाही | २०३०/०१-२०३५/१२ |
| १२ | सूर्यप्रसाद श्रेष्ठ | २०३६/०१-२०३६/०४ |
| १३ | कर्णध्वज अधिकारी | २०३६/०५-२०३८/०५ |
| १४ | विष्णुप्रताप शाह | २०३८/०५-२०३९/०६ |
| १५ | विरबहादुर शाही | २०३९/०६-२०४५/०७/३० |
| १६ | भक्त बहादुर कोईराला | २०४५/०८/०१-२०४७/१०/१९ |
| १७ | रामचन्द्र शर्मा पौडेल | २०४७/१०/२०-२०४८/०६/०३ |
| १८ | योगेन्द्रनाथ ओझा | २०४८/०६/०४-२०४९/०७/२१ |
| १९ | भोजराज पोखरेल | २०४९/०७/२२-२०५१/११/०७ |
| २० | रेबतीरमण पोखरेल | २०५१/११/१८-२०५२/०७/०२ |
| २१ | पदम प्रसाद पोखरेल | २०५२/०७/०३-२०५३/११/०९ |
| २२ | खेमराज रेग्मी | २०५३/११/१०-२०५३/१२/०६ |
| २३ | रेबतीरमण पोखरेल | २०५३/१२/०७-२०५४/१०/०२ |
| २४ | शरद कुमार भट्टराई | २०५४/१०/०२-२०५५/०१/१४ |
| २५ | पदम प्रसाद पोखरेल | २०५५/०१/१५-२०५७/०७/०१ |

| | | |
|---|---|---|
| २६ | श्रीकान्त रेग्मी | २०५७/०७/०२-२०५८/०७/२१ |
| २७ | केशवराज राजभण्डारी | २०५८/०७/२१-२०५८/१२/१९ |
| २८ | बिजयराज भट्टराई | २०५८/१२/२२-२०५९/०३/०७ |
| २९ | टिकादत्त निरौला | २०५९/०३/०७-२०६०/०४/२६ |
| ३० | अनन्तराज शर्मा पाण्डे | २०६०/०४/२७-२०६१/०६/१४ |
| ३१ | चण्डीप्रसाद श्रेष्ठ | २०६१/०६/१४-२०६२/०७/१० |
| ३२ | वालकृष्ण प्रसाई | २०६२/०७/१४-२०६३/०१/२४ |
| ३३ | उमेश प्रसाद मैनाली | २०६३/०१/२४-२०६५/०५/२३ |
| ३४ | डा. गोविन्द प्रसाद कुसुम | २०६५/०५/२४-२०६८/०२/०१ |
| ३५ | लिलामणी पौडेल | २०६८/०२/०२-२०६८/०६/०१ |
| ३६ | सुशिलजंग बहादुर राणा | २०६८/०६/०२-२०६९/०४/१७ |
| ३७ | नविन कुमार घिमिरे | २०६९/०४/२८-२०७०/०५/२८ |
| ३८ | जनार्दन नेपाल | २०७०/०५/३०-२०७१/०१/०२ |
| ३९ | सूर्य प्रसाद सिलवाल | २०७१/०१/०३-२०७२/०८/०६ |
| ४० | नारायण गोपाल मलेगो | २०७२/०८/०६-२०७३/०५/१९ |
| ४१ | लोकदर्शन रेग्मी | २०७३/०५/१९-२०७४/०७/०७ |
| ४२ | मोहनकृष्ण सापकोटा | २०७४/०८/०७-२०७४/१२/२५ |
| ४३ | प्रेमकुमार राई | २०७४/१२/२६- देखी हालसम्म |

## अनुसूची-४

### वि.स. २०४६ साल देखी हालसम्मको गृह मन्त्रीज्यूहरुको नामावली र कार्यकाल ।

| क्र.स. | नाम | कार्यकाल |
|---|---|---|
| १ | योग प्रसाद उपाध्यय | २०४७/१/०६-२०४८/०२/१४ |
| २ | शेर वहादुर देउवा | २०४८/०२/१५-२०५१/०८/१३ |
| ३ | के.पी. ओली शर्मा | २०५१/०८/१४-२०५२/०६/०५ |
| ४ | खुम बहादुर खड्का | २०५२/०६/०५-२०५३/११/२८ ,<br>२०५४/०८/१८-२०५५/०१/०७/<br>२०५८/०४/११—२०५९.०६ |
| ५ | बामदेव गौतम | २०५३/११/२९-२०५४/०६/२६,<br>२०६५/०५/१५-२०६६/०२/०८ /<br>२०७०/१०/२८-२०७२/६ |
| ६ | बुद्धिमान तामाङ | २०५४/०६/२७-२०५४/०८/१७ |
| ७ | गोविन्दराज जोशी | २०५५/१/०८-२०५६/०३/१५ |
| ८ | पूर्ण बहादुर खड्का | २०५६/०३/१६-२०५६/१२/०७ |
| ९ | रामचन्द्र पौडेल | २०५६/१२/०८-२०५८/०४/१० |
| १० | धर्म बहादुर थापा | २०५९/०६/२५-२०६०/०२ |
| ११ | कमल थापा | २०६०/०२/-२०६०/१२<br>२०६२/०८/०४-२०६३/०१/०७ |
| १२ | दान बहादुर शाही | २०६१/०१/२०-२०६२/०८/०३ |
| १३ | कृष्ण प्रसाद सिटौला | २०६३/०१/०८-२०६५/०५/०५ |
| १४ | भीम बहादुर रावल | २०६६/०३/०३-२०६७/१०/२२ |
| १५ | कृष्णबहादुर महरा | २०६८/०१/२०-२०६९/०४/१५ |
| १६ | नारायणकाजी श्रेष्ठ | २०६९/०४/१६-२०६९/०५/०३ |
| १७ | विजय कुमार गच्छदार | २०६८/०५/१२-२०६९/११/३० |
| १८ | माधव प्रसाद घिमिरे | २०६९/१२/०४-२०७०/१०/२७ |
| १९ | शक्ति बहादुर बस्नेत | २०७२/०७/०१-२०७३/४/१० |
| २० | विमलेन्द्र निधी | २०७३/०४/२०-२०७४ ज्येष्ठ |
| २१ | जनार्दन शर्मा | २०७४/०२/२४-२०७४/०७/०१ |
| २२ | राम बहादुर थापा बादल | २०७४/११/१४ देखि हालसम्म |

# फोटो ग्यालरी

## गृह मन्त्रालय




Regional Consultative Committee (RCC) को Meeting मा
सम्माननीय प्रधानमन्त्रीज्यूको सम्बोधन




Commission on Narcotic Drugs (CND) मा
माननीय गृहमन्त्रीज्यूको सम्बोधन




Regional Consultative Committee (RCC) को Meeting मा
श्रीमान् सचिवज्यूको सम्बोधन



माननीय गृह मन्त्रीज्यूको साथमा UNODC का प्रमुख




कर्णालीको प्रदेशको सुरक्षा गोष्ठीमा माननीय गृह मन्त्रीज्यूको सम्बोधन




नेपाल चीन Border Law Enforcement सम्बन्धी तेश्रो द्विपक्षीय वार्ता




Regional Consultative Committee (RCC) मा
सम्माननीय प्रधानमन्त्रीज्यूको साथमा सहभागी प्रतिनिधिहरु



विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिमको कार्यकारी समिति वैठक २०७५।१२।२२



सम्माननीय प्रधानमन्त्रीज्यूबाट राष्ट्रिय परिचयपत्र ग्रहण



श्रीमान सचिवज्यू र महाशाखा प्रमुखबीच
कार्यसम्पादन सम्झौता




नेपाल चीन Border Law Enforcement
सम्बन्धी तेश्रो द्विपक्षीय वार्ता



राष्ट्रिय परिचयपत्र सम्बन्धी अभिमुखीकरण
कार्यक्रम काभ्रे




लागु औषध नियन्त्रण सम्बन्धी सचेतना एवं
अन्तरकृया कार्यक्रममा माननीय गृहमन्त्रीज्यू



श्रीमान सचिवज्यू र काठमाडौं, ललितपुर र भक्तपुरका
प्र.जि.अ. हरुसँगको कार्यसम्पादन सम्झौता



श्रीमान् सचिवज्यूको अध्यक्षतामा नियमित
स्टाफ बैठक



श्रीमान सचिवज्यू र महाशाखा प्रमुखवीच
कार्यसम्पादन सम्झौता



सशस्त्र प्रहरी दिवसमा सम्माननीय
प्रधानमन्त्रीज्यूको साथमा माननीय गृहमन्त्रीज्यू



ललितपुरका माननीय ज्यूलाई राष्ट्रिय परिचयपत्र वितरण गर्दै राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागका महानिर्देशक




बाढी जोखिम न्यूनिकरण गर्न तटबन्ध लगाउँदै



आगलागि उद्धारमा नेपाल प्रहरी




समुदाय-प्रहरी साझेदारी समुद्घाटन कार्यक्रम



अपराध अनुसन्धानमा नेपाल प्रहरी

पहिरोले भत्काएको घरमा उद्धार गर्दै





भूकम्प उद्धार

बाढीपीडिको उद्धार गर्दै





नेपाल प्रहरीद्वारा बाढी पिडितहरुको लागि संचालित स्वास्थ्य शिविर



जनसहयोगमा नेपाल प्रहरी



संयुक्त राष्ट्रसंघ UN मिशन हाईटीमा आँधिबेरी पश्चात् विपद् व्यवस्थापनमा नेपाल प्रहरी

# कारागार व्यवस्थापन विभागका गतिविधिहरू



पर्साका कैदिहरुद्वारा रक्तदान कार्यक्रम



आधारभूत प्लम्बिङ्ग तालिममा सहभागीहरु



तुल्सीपुरका कैदिहरुद्वारा निर्मित सामान



एस.एल.सी परिक्षामा सम्मिलित हुँदै कैदीबन्दिहरु



नेपाल भारत सीमा क्षेत्रमा भारतिय समकक्षिसँग संयूक्त सीमा गस्तीको क्रममा सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवक कर्मचारीहरु ।




खोज तथा उद्धार कार्यमा संलग्न तालिम प्राप्त विपद् व्यवस्थापन कार्यमा दक्ष सशस्त्र प्रहरी बल, नेपालका गोताखोरहरु सहितको सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवक कर्मचारीहरु ।




सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवक कर्मचारीहरुद्वारा अवैद्य लागू औषद्य चरेस बरामद ।



असिनापानी संगै आएको
आँधिहुरीका कारण प्रभावित बारा जिल्लाको फेटा गाँउपालिकामा उद्धार कार्यमा सक्रिय सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवकहरु ।



नेपाल भारत सीमामा रहेका सीमा पिल्लरहरु अनुगमन तथा निग्रानीमा भारतिय समकक्षि तथा नेपाल प्रहरी सहित सक्रिय सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवकहरु ।





बाढी प्रभावित नागरिकहरुको उद्धार कार्यमा सक्रिय सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवकहरु ।

संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति स्थापनार्थ यु. एन. मिसनमा सहभागी हुन जाने सशस्त्र प्रहरी बलका राष्ट्र सेवक कर्मचारीहरुलाई विदाई गर्नु हुँदै सशस्त्र प्रहरी बल, नेपालका सशस्त्र प्रहरी महानिरीक्षक श्री शैलेन्द्र खनाल ज्यू ।





उच्च हिमाली क्षेत्रमा हिमापातले अवरुद्ध विमानस्थल खुलाउने क्रममा खटिएका सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवकहरु ।

राजश्व चूहावट नियन्त्रण तथा भन्सार गस्ती सुरक्षा कार्यमा खटिएका सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवक ।






आगलागी नियन्त्रण कार्यमा सक्रिय सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवकहरु ।

नियमित सुरक्षा चेक जाँचमा डग टिम सहित खटिएका सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवकहरु



नेपाल सरकार

**गृह मन्त्रालय**

सिंहदरबार, काठमाडौं